# पाँचौं अध्याय

## ५. परिवेश विमर्शका दृष्टिले 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहको अध्ययन

### ५.१ मनप्रसाद सुब्बाको सङ्क्षिप्त परिचय

आमा स्वर्गीय धनमाया सुब्बा अनि बाबा स्वर्गीय अम्बरधोज सुब्बाको कोखबाट दार्जिलिङको बिजनबारीमा ३ सेप्टेम्बर सन् १९५० मा जन्मेका मनप्रसाद सुब्बा भारतीय नेपाली साहित्य एकजना परिचित कवि हुन्। सन् १९६७ मा विद्यासागर उच्च विद्यालय, बिजनबारीको 'सरिता' (वार्षिक) पत्रिकामा प्रकाशित 'बनाउनु छ' शीर्षक कविता नै उनको पहिलो कविता हो भन्ने अध्येताहरू मान्छन्।[1] उनका अन्य प्रकाशित कविता सङ्ग्रह 'बिब्ल्याँटो युगभित्र कार्टुन मान्छे' (सन् १९७९), 'बुँख्याचाहरूकको देशमा' (सन् १९८३), 'ऊष्मा' (सन् १९८३), 'आदिम बस्ती' (सन् १९९५), 'ऋतु-क्यान्भसमा रेखाहरू' (२००१), 'अक्षर अर्केष्ट्रा' (सन् २००४), 'किनाराका आवाजहरू' (सहलेखन रेमिका थापा सन् २००२), 'भुइँफुट्टा शब्दहरू' (सन् २०१३), नित्सेफुङको बासना (२०१७) हुन्।

उनको 'आदिम बस्ती' (सन् १९९५) कविता सङ्ग्रहले सन् १९९८ मा 'साहित्य अकादमी पुरस्कार' प्राप्त गरेको थियो। यसभन्दा अघि उनको 'प्रतिक्रिया' नामक कविताले दार्जिलिङबाट 'दियालो' पुरस्कार पनि प्राप्त गरेको हो। उनी नेपालको 'रत्नश्री स्वर्ण पदक'-बाट पनि सम्मानित भइसकेका छन्। मनप्रसाद सुब्बाले कविताबाहेक 'त्यो मोडसम्म पुगेको मान्छे'- उपन्यास पनि लेखेका छन्। अहिले घरि मनप्रसाद सुब्बाले भारतमा नेपालीहरूले भोग्नु परेको परिचयको सङ्कटको अवधारणलाई लिएर रेमिका थापासँग बौद्धिक विमर्श गर्दै 'किनारीकरण'-को धारणलाई साहित्यमा लेखिरहेका छन्।

#### ५.१.१ 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रह

सन् २००१ सालमा प्रकाशित 'ऋतु-क्यान्भसमा रेखाहरू' मनप्रसाद सुब्बाको पाँचौं कविता सङ्ग्रह हो। उनका अन्य कविताहरूभन्दा 'ऋतु-क्यान्भसमा रेखाहरू' सङ्ग्रह छुट्टै विषय रहेको देखिन्छ। मूलतः ऋतुलाई केन्द्रमा राखेर सांस्कृतिक पारिस्थितिकी र समयको गति वा परिवर्तनलाई यस सङ्ग्रहमा प्रस्तुत

[1] जस योञ्जन 'प्यासी', सन् २०१२, परख, श्याम ब्रदर्स, दार्जिलिङ, पृ २०

गरिएको छ। कवि स्वयंले यस सङ्ग्रहको आरम्भमा "ऋतुहरूकै कविताचाहिँ होइनन् यी" भनेर यसलाई ऋतुकाव्य होइन भन्ने सङ्केत गरेका छन्। कृष्ण गौतमले 'उत्तरआधुनिक जिज्ञासा'-भित्र यस सङ्ग्रहलाई ऋतुकाव्य नै भन्ने सकिने सम्भावनाहरूका आधरमा चर्चा गरेका छन्। अभि सुवेदीले यसको भूमिकामा लेखेका छन्- "ऋतु रङ्गमञ्चमा कविताभित्रको म पात्रले जीवनका अनेकौँ पक्षका नाटक देखाउँछ। ऋतु त्यस अर्थमा काल र समय दुवै हुन्छ। परिवर्तित कालिक चेतना स्थान र प्रकृतिको गति नाप्न सकिँदैन तर कविहरूले त्यसलाई नाप्न आधारहरू समातेका छन्।"[2]

संस्कृतका कवि कालिदास हुँदै नेपालीमा लेखनाथ पौड्याल, मोहन कोइराला र तुलसीराम शर्मा 'कश्यप'-को अनुसरण गर्दै मनप्रसाद सुब्बाले ऋतुहरूलाई क्यान्भसमा पोतेर वा ऋतुहरूको क्यान्भसमा जीवनको कविता सिर्जना गरेका छन्। जस योञ्जन 'प्यासी' यस काव्यलाई शास्त्रीय नियमको दृष्टिले 'कोषकाव्य' भन्न सकिन्छ भन्ने विचार राख्छन्। उनी भन्छन् "शृङ्खलित इतिवृत्त नभएको, परस्पर निरपेक्ष भएका श्लोकहरूको समूह बनेको केही वर्णनात्मक भएको मनोरम काव्यलाई कोषकाव्य भनिन्छ।" उनी अझै लेख्छन् "संस्कृत साहित्यमा महाकवि कालिदासको ऋतुसंहार नेपालीमा कविशिरोमणि लेखनाथ पौड्यालको 'ऋतुविचार' (१९३४), कवि मोहन कोइरलाको 'ऋतु-निमन्त्रणा' (१९८३) र तुलसीराम कश्यप-को 'ऋतुराग' (१९८१)- लाई काव्यकारहरू स्वयंले खण्डकाव्य, काव्य, काव्य-कविता भनेका भए तापनि यी सबै ऋतुकृतिलाई काव्य वर्गीकरणमा श्रव्यकाव्यान्तर्गत 'कोषकाव्य' मान्नै मुनासिब ठानिन्छ। यसै क्रममा कवि मनप्रसाद सुब्बाले 'ऋतुक्यान्भसमा रेखाहरू' (२००१)-लाई कविताहरू भनेका भए तापनि यो कृति कोषकाव्य नै हो भन्नमा धुकचुक मान्नु पर्दैन।"[3] प्रकृति, संस्कृति, मानवीय जिजीविषा र इतिहासको पारस्थितिकीय प्रणालीको व्यवस्थालाई केन्द्रमा राखेर सिर्जना गरिएको यस कविता सङ्ग्रहले मानव सङ्घर्ष र जीवनमा प्रकृतिको भूमिकाबारे प्रशस्त व्याख्या गरेको देखिन्छ।

लेखनाथ पौड्याल अनि मोहन कोइराला र तुलसी राम शर्मा 'कश्यप' पछि नेपाली साहित्यमा ऋतुकाव्य लेखेर चर्चित बन्ने मनप्रसाद सुब्बा हुन्। उनले ग्रीष्म, वर्षा, शरद्, हेमन्त, शिशिर, वसन्त र अन्तमा उपसंहार भनेर यस सङ्ग्रहमा कविता राखेका छन्। यस सङ्ग्रहको अध्ययन गर्दा ऋतुहरूले

---

[2] अभि सुवेदी, सन् २००१, ऋतुक्यान्भसमा रेखाहरू (भूमिका), जनपक्ष प्रकाशन, गान्तोक, पृ vi

[3] जस योञ्जन 'प्यासी', सन् २०१२, परख, पूर्ववत्, पृ १३०

जीवनमा के गर्छ?, ऋतुहरूको आगमनमा जीवन कसरी संचार हुन्छ? भन्ने देखाउँदै, ऋतुहरूमा के कस्ता परिवर्तन भइरहेछन् ? भन्ने तथ्यहरूको अभिव्यक्ति कवितामा भएको छ।

'ऋतु-क्यान्भसमा रेखाहरू' सङ्ग्रहमा पचासवटा कविताहरू छन्। कविताहरू प्रकृति, संस्कृति र मानवीय जिजीविषा र विजिगिषाको सङ्घर्षको परिधिमा घुमेका छन्। यस सङ्ग्रहमा कविले प्रकृति र संस्कृतिको सन्तुलनलाई ध्यानमा राखेर आफ्नो काव्यकौशल देखाएका छन्। ऋतुहरूले मानव जीवनमा पारेको प्रभाव, ऋतुहरूको अनुसरण र ऋतुहरूसँगको जीवनलाई कविले कलात्मक ढङ्गमा अभिव्यक्ति दिएका छन्। कविहरू आफ्ना जीवनका अनुभव र अनुभूतिहरूलाई आत्मसात गरेर कविताको सिर्जना गर्छन्। मनप्रसाद सुब्बाले ऋतुलाई निरन्तर प्रवाहित काल देखे। कालको प्रवाहमा जीवनको सङ्घर्ष र सिर्जनात्मक द्वन्द्वद्वारा प्रकृतिमा आउने परिवर्तन र प्रभावलाई देखे। त्यसैले यो सङ्ग्रह ऋतुहरूले जीवन, संस्कृति र सम्वेदनामा पारेको प्रभावको अभिव्यक्ति हो। छवटा ऋतुहरूमा कविताभित्रको 'म' पात्रले अनेकौँ परिवर्तन र अनुभूतिहरू समेटेका छन्। अभि सुवेदी भन्छन् 'अनुभूतिहरू तीव्र छन् समयका लयलाई समाउने तरङ् गतिहरू सक्रिय भएका छन्।' [4]

मनप्रसाद सुब्बाको यो सङ्ग्रह उनका अन्य कविता सङ्ग्रहहरूभन्दा भिन्न विषयको भए तापनि मान्छेको आदिम पाशविकता, जिजीविषा र जिगिषाको कविता लेख्न रुचाउने उनको प्रवृत्ति यस सङ्ग्रहमा पनि केन्द्रीय स्वर बनेको छ। प्रकृति र पुरुषको सम्बन्धबाट हुने सिर्जना, जीवनको युद्धबाट हुने सिर्जनाका पक्षहरू यस सङ्ग्रहको मूलभूत स्वर रहेको देखिन्छ।

अक्षरहरूभन्दा युगौँ पहिले देखिन् नै
ओर्लिरहेका हुन् ती
आफ्नै हत्केलाको पातबाट
अनि आफ्नै आँखाको डिलबाट।

(ग्रीष्मका गीतहरू पृ २)

बाँच्नका लागि मानिसले आफ्नो प्रतिद्वन्दीसँग सदैव सङ्घर्ष गरिरहको हुन्छ र त्यस सङ्घर्षबाट एउटा नयाँ जीवनको सिर्जना भइरहेको हुन्छ। 'ऋतु-क्यान्भसमा रेखाहरू' काव्यमा त्यही सिर्जनाको गीत पाइन्छ जस्तै प्रत्येक ऋतुहरूले दिएको सिर्जना, ऋतुहरूसँग मान्छेले सङ्घर्ष गरेर बनेको सिर्जना आदि। मान्छेले

---

[4] अभि सुवेदी, सन् २००१, ऋतुक्यान्भसमा रेखाहरू (भूमिका), पूर्ववत्, पृ ix

गर्ने सङ्घर्ष जीवन सत्यको खोजको सङ्घर्ष हो अथवा सम्पूर्णताको खोजको सङ्घर्ष हो। त्यसैले रचनालाई जीवनको वास्तविकतामा स्थापित गर्नु सक्नुपर्दछ। यस काव्यमा ऋतु अथवा काल र जीवनको इतिहास छ। सृष्टिको आरम्भदेखि नै काल र जीवनको हातेमालोहरूको चित्र प्रस्तुत भएको देखिन्छ। ऋतुहरूभित्र हुने जीवनको लयलाई सुब्बाले कविता बनाएका छन् तर ती लयहरू ऋतुहरूमा परिवर्तन हुँदा जीवन, संस्कृति र जीवनशैलीहरूमा परेको प्रभावमा कृतिकार चिन्तित पनि छन्। उनी आफ्नो चिन्ता यसरी व्यक्त गर्छन्-

काँसघारी फुल्नुपर्ने महिना हो यो।
वर्षमा कमसेकम एकचोटि
यो बगरमा पनि
दसैँको मासुभात पाक्नुपर्ने हो।
बगरमा तर कुनै चाड आएन।

(शरद्-समाचार/ पृ ४३)

'ऋतु-क्यान्भसमा रेखाहरू' काव्यमा कविले सम्पूर्ण ऋतुहरूभित्र सिर्जनाको मूल खोज्छन्। उत्पादकबाट उपभोक्ता बन्दै गइरहेको मानिसलाई प्रकृतितर्फ फर्केर फेरि जीवनको सिर्जना गर्न तर्फ प्रेरित गराउन खोजेका छन् साथै ऋतु, प्रकृति र परिवेशको परिवर्तनले जीवन र संस्कृतिमा पार्दै गएको व्यापक प्रभाव पनि यस काव्यको स्वर बनेको देखिन्छ। प्रकृति र संस्कृतिको तारतम्य सिर्जनाको सिद्धान्तभित्र संयोजित गरेर कविले यस काव्यको सिर्जना गरेका छन्।

अध्येताहरू भन्छन् "सिद्धान्तको अभावमा कुनै पनि लेखकले संयोजित र बहुरूपी काव्य रचनाको न त समाधान  गर्न सक्छ न निर्माण। कला मात्र भरिएको रचना न हिजो थियो न आज छ न भोलि नै हुन सक्छ। किनकि हरेक सिर्जनाभित्र कुनै न कुनै रूपले सिद्धान्त समावेश भएकै हुन्छ।"[5] सिर्जनापछि सिद्धान्त निर्माण हुन्छ। सिर्जनाको आधार अनुभूति हो। अनुभूतिले सिर्जना हुन्छ र कलाको निर्माण हुँदछ।

[5] विष्णु प्रभात, सन् १९३४, चिन्तन र सिर्जना, कल्पवृक्ष प्रकाशन, काठमाडौँ, पृ १२

'ऋतु-क्यान्भसमा रेखाहरू'- मा प्रकृति, जीवन र संस्कृति वैज्ञानिक र भावनात्मक रूपले अभिव्यक्त भएको छ। प्रकृति पारिस्थितिकीय चक्रमा जीवन र संस्कृतिमा आउने प्रभाव र सन्तुलनका वैज्ञानिक तथ्यहरू छन्। लोकसंस्कृति र प्रकृतिको सामञ्जस्यलाई कविले कलात्मक प्रस्तुति दिएका छन्।

खेतहरूतिर धरतीको उदारता
धानका बालामा झुप्पा-झुप्पा झुलेको छ
ती खेतमा घाम
प्रेम पग्लेर पोखिन्छ।
मुस्कानहरूमा शुभेच्छा बाँड्दै
कार्तिक दैलो-दैलो देउसी खेल्न आइपुग्छ।

(कार्तिक-२०५६, पृ ५४)

यस कविता सङ्ग्रहमा ऋतुलाई चार तहमा प्रस्तुत गरिएका छन्। पहिलो प्रकृति र जीवनको सङ्घर्ष, दोस्रो त्यस सङ्घर्षबाट सिर्जना, तेस्रो प्रकृति (ऋतु) संस्कृति र जीवनको पारिस्थितिकी अनि चौथो ऋतुको अस्वाभाविक परिवर्तनप्रति चिन्ता।

परिवेश विमर्शले प्रकृतिलाई केन्द्रमा राखेर साहित्यको अध्ययन गर्छ र प्रकृतिमा मानव नै श्रेष्ठ हो भन्ने धारणलाई गलत ठहराउँदै मानव स्वयं पनि प्रकृतिको नियममा बाँधिएको हुन्छ भन्ने मान्छन्। त्यसैले प्रकृति र साहित्यबिचको सम्बन्धको अध्ययन गर्नु नै परिवेश विमर्श हो।[6] प्रकृति लेखन (नेचर राइटिङ) परिवेश विमर्शको केन्द्रीय अवधारणा हो। प्रकृति लेखनमा प्रकृतिलाई दार्शनिक, आध्यात्मिक, सांस्कृतिक, भाषिक र साहित्यिक दृष्टिकोणले अध्ययन चिन्तन गरिन्छ। जर्मनका दार्शनिक हान्स जोन्स भन्छन् "हामी प्रकृति अनि हाम्रो सन्ततिका लागि अभिभावक वा संरक्षक भएर रहनुपर्दछ। तिनीहरूका मौलिक अधिकारहरू ध्वस्त भइरहेछन्, किनभने प्रकृति, जसरी आफ्नो स्थानमा निश्चिन्त थियो अब त्यो छैन। प्रकृति सुरक्षाको जिम्मेवारी मानिसको दायित्व हो। त्यसका साथै मानिसले आफ्नो नैतिकताको विकास गर्दै आफ्ना दैनिक कर्महरूले प्रकृतिलाई नकारात्मक प्रभाव नपरोस् भन्ने सोच पनि राख्नुपर्छ।"[7]

[6] चेरिल गटफेल्टी, सन् १९९६, द इकोक्रिटिसिज्म रिडर लेन्डमार्कस इन लिटेरिरि इकोलजी, चेरिल गटफेल्टी अनि फोर्म हार्लोड (सम्पा), द युनिभर्सिटि अफ जर्जिया प्रेस लन्डन, पृ xviii

[7] पि एच ब्राउडे, द मेन-नेचर रिलेसनसिप एन्ड इन्भायन्मेन्टल एथिक्स, hptt://www.elsevier.com, 26th july 2015

यस काव्यमा एकातर्फ प्रकृति र पर्यावरणप्रतिको जिम्मेवारीको चर्चा पाइन्छ भने अर्कातर्फ मानव जीवनको महत्त्व र जीवनको सङ्घर्षको चर्चा पाइन्छ। मानवीय जीवन र जीवन सङ्घर्षको चर्चालाई मानवकेन्द्री विचार भनेर तर्क गर्नु सान्दर्भिक देखिँदैन यद्यपि कुनै ठाउँ कवि प्राकृतिक विपदा र प्राकृतिक प्रक्रियादेखि वाक्क भएको देखिन्छ-

काँधभरि यही घाम गह्रौँ बोकेर
वाफिएका क्षणहरू तर्‌तर् चुहाउँदै
म गइरहेको हुन्छ बजार, अफिस अनि भट्टी।
काँध पिल्सेर टट्टाउन्जेल यसरी
ग्रीष्मको घाम बोकेर हिँडिरहनुबाट
जुनीभरि नै छुटकारा नपाइने हो कि।

(घाम बोकेर, पृ ६)

यहाँ ग्रीष्मको अरू प्रतीयमान अर्थ हुन सक्छ तर कविताको पात्रले यसलाई झञ्झट मात्र मानेकाले मानिस र प्रकृतिको आदिम युगदेखिको सङ्घर्ष यहाँ देखिन्छ। तथापि "भूकम्प, सुनामी, बाढ अथवा ज्वालामुखिजस्ता प्राकृतिक विपद र ती घटनाले मानिसको जीवनमा छोटो समयका लागि थुप्रै दुख, पिरमर्का लिएर आउँदछन् तर प्रकृतिले लामो समयका लागि यसैबाट आफैलाई स्वस्थ, सन्तुलित र पुनःनिर्माण गरिरहेको हुन्छ। यसरी प्रकृतिको स्वनिर्भर र व्यवस्थित बनिने प्रक्रिया नै गहन पारिस्थितिकी भनिन्छ जुन कुनै महानिकायद्वारा सञ्चालित हुँदछ भन्ने परिवेश विमर्शकहरूको विचार देखिन्छ।"[8] त्यसैले यदि मानिसले प्रकृतिको पारस्थितिकीय प्रणालीमा रहेर आफ्नो जीवन निर्माण गर्छन् भने प्रकृति स्वयंले पनि आफूलाई सन्तुलित पार्ने अधिकार पाउनुपर्छ। वास्तवमा प्राकृतिक सङ्कटहरूको आन्तरिक कारण मानिसको प्रकृतिप्रतिको उपभोक्तावादी व्यवहार नै हो।

'ऋतु-क्यान्भसमा रेखाहरू'-मा भोक, काम र सङ्घर्षका कविताहरू पनि छन्। यी भोक, काम र सङ्घर्ष अहिलेको नभएर अक्षरभन्दा अगाडिको युग अथवा पिरामिड युगभन्दा अगाडिदेखिको हो भन्ने कविको भनाइ छ। हेनरिक कार्ल मार्क्स (१८१८-८३) ले सृष्टिको मूल तत्त्व पदार्थ (म्याटर) हो र सम्पूर्ण जगत् यही पदार्थबाट बनेको हो भन्ने धारणा प्रस्तुत गरे। पदार्थ परिवर्तनशील हुनाले पदार्थबाट निर्मित यो

[8] सतिस कुमार, फाइभ इलिमेन्टस् अव् इकोलजी, http//www.naturewritting.com 22/09/2009

जगत् पनि परिवर्तनशील छ तर यसको परिवर्तन प्रणाली द्वन्द्वात्मक र सङ्घर्षमय छ, त्यसैले प्रत्येक पदार्थमा विकासशील र विनाशक तत्त्व पनि विद्यमान रहन्छ। साथै विरोधजनित सङ्घर्ष नै विकासको मूल हो[9] भन्ने विचारका साथ कार्ल मार्क्सले द्वन्द्वात्मक भौतिकवादको अवधारणा अघि ल्याए। उनले यसै अवधारणाको आधारमा प्रकृति र जीवनबिचको सङ्घर्षको व्याख्या गरे।

'ऋतु-क्यान्भसमा रेखाहरू'-मा जीवनको सङ्घर्ष र यसको क्रमिकता प्रस्तुत गरिएको छ। प्रकृति र जीवनबिचको द्वन्द्वले नै जगत् सञ्चालित भइरहेको कवि स्वीकार गर्छन्। यस काव्यका प्रायः कविताहरूमा द्वन्द्वात्मक भौतिकवादका स्वरहरू पाइन्छन्। कुनै ठाउँ ऋतु वाद, प्रतिवाद र संवादको चक्रको सङ्केत बनेर उपस्थित भएको देखिन्छ। 'ग्रीष्मका योद्धाहरू', 'बगरको एक छेउमा', 'घाम बोकेर', 'ग्रीष्म-यात्रा: १', 'खडेरीको खबर' कविताहरू यसका उदाहरण हुन्। कवि लेख्छन्

वाद र विवादहरूको खैलाबैलादेखि टाढा
बगरको यो खण्डहरमा
मौन ढुङ्गाहरूमाझ ढुङ्गै देखिने भएर
घामका कोर्राहरू ऊ आङभरि थापिरहन्छे
उसको दर्शनशास्त्रमा
भोकभन्दा ठुलो अर्को कुनै रहस्य छैन।

( बगरको एक छेउमा, पृ.४)

मनप्रसाद सुब्बाका कविताहरू मार्क्सको वाद, प्रतिवाद र संवादको सिद्धान्तसँग नजिक देखिन्छ साथै जीवनको ठुलो रहस्य भन्नु नै भोक हो भन्ने स्वीकर गर्छन्। कवितामा जीवन सङ्घर्षको नक्साहरू धेरै ठाउँ पाइन्छन्। यो काव्य ग्रीष्मबाट सुरु भएर वसन्तको विपनामा अन्त हुनुले पनि सङ्घर्षको सुखद परिणामको प्रतीक्षाको सङ्केत गरेको देखिन्छ। 'ऋतु-क्यान्भसमा रेखाहरू' व्यावहारिक वा भौतिक सत्यको पक्षमा उभिएको कविता सङ्ग्रह हो। यहाँ दुख, दुखको कारण र दुख निवारणको मार्गको दर्शन पाइन्छ। जीवन सत्य छ र त्यो सत्य सङ्घर्ष हो भन्ने धारणा कविले आफ्नो सम्पूर्ण कवितामा अभिव्यक्त गरेका छन्।

कवि अलौकिक वा पराभौतिक शक्तिमा विश्वास नगरेर प्रकृतिको उर्जा र उर्वरता शक्तिमा विश्वास गर्छ। त्यसैले जीवनको सौन्दर्य र जीवन सत्यलाई प्राप्त गर्नका लागि जीवले प्रकृतिसँग सिर्जनात्मक द्वन्द्व

[9] कुमार बहादुर जोशी, सन् १९९४, पाश्चात्य साहित्यका प्रमुख वाद, साझा प्रकाशन, काठमाडौँ, पृ ६६

गर्नुपर्दछ जसका लागि ऊ सदैव तत्पर रहनुपर्छ भन्ने कविको विचार 'फलेदोको रुख जब फुल्छ' कवितामा पाइन्छ। कवि लेख्छन्-

फुल्नुपर्ने चुनौतीलाई मुट्ठी-मुट्ठीमा कसेर
फलेदोको रुख महिनौं अघिदेखि तयारीमा लाग्छ।

(फलेदोको रुख जब फुल्छ, पृ.९७)

### ५.२ 'ऋतु-क्यान्भसमा रेखाहरू' र प्रकृति लेखन

प्रकृति लेखन परिवेश विमर्शको केन्द्रीय अवधारणा हो। यो आदिमताप्रतिको आग्रह नभएर आधुनिक र उत्तरआधुनिक युगको यान्त्रिक आविष्कारद्वारा प्रदूषित पर्यावरण, प्रकृति विनाश र पारिस्थितिकी प्रणालीमा भइरहेको असन्तुलनलाई नियन्त्रण गर्न प्राज्ञिक मन्थनद्वारा निस्किएको अवधारणा हो। प्रकृति लेखन प्रकृतिबारेमा जान्ने व्यवस्था मात्र नभएर प्रकृतिबाट सिक्ने एउटा प्रक्रिया पनि हो। साहित्य सिद्धान्तमा प्रकृति पनि एउटा प्रमुख तत्त्व भएकाले प्रकृति लेखन भन्नाले प्राणी र प्राणी संसारमा कस्ता घटनाहरू भइरहेका छन् त्यसको वर्णनसँगै उत्त्पति र विकास कालदेखि नै प्रकृतिको अस्मिता खोज्ने प्रक्रिया हो।

प्रकृतिको अवलोकनबाट प्रकृति लेखन सुरु हुँदछ। यसमा प्रकृतिकेन्द्री आफ्नो वैयक्तिक धारणा र अरूद्वारा गरिएको प्रकृतिकेन्द्री निरीक्षणलाई लिएर अध्ययन गरिन्छ। प्रकृति लेखन एक अन्वेषणात्मक र परिवर्तनकारी विषय हो यसको माध्यमद्वारा लेखकहरू प्रकृति र मानव सम्बन्धको गहिराइसम्म पुग्दछन् अनि प्रकृतिद्वारा मानव जीवनमा हुने प्रभाव र मानवीय जीवनशैलीले प्रकृतिमा पार्ने प्रभावको कारणको खोज गर्दछन्।

प्रकृति लेखनका लेखकहरू प्रकृतिमा व्याप्त ज्ञानको संसारलाई सिक्ने र प्रसार-प्रचार गर्ने कार्य पनि गर्दछन्। प्रकृति लेखन आख्यानात्मक हुन्छ, त्यसैले यो मानवीय वा भौतिक संसार र प्राकृतिक संसारको अन्तर सम्बन्ध र अन्तर्क्रियाको विश्लेषण पद्धति पनि हो। यस लेखनले प्रकृति अनि मानव समाजलाई समझदारी, सम्मान र प्रेमको डोरीले एक सूत्रमा बाँध्ने कार्य गर्दछ। यो एउटा सकारात्मक लेखन पद्धति हो। यसले प्रकृतिमा अन्तर्निहित व्यवस्थामाथि प्रकाश पार्दछ।[10] मनप्रसाद सुब्बाका कवितामा प्रकृतिका आन्तरिक र वाह्य दुवै पक्षलाई लेखिएको पाइन्छ। प्राकृतिक सौन्दर्य र सुन्दरतासँगै

[10] http://naturewritting.com 24/03/2010

प्रकृति र पर्यावरणीय सङ्कटलाई उनले कविताका विषय बनाएको देखिन्छ। उनका कविताहरू प्रकृति र संस्कृतिका पक्षमा प्रवाहित देखिन्छन्। उनको 'बिब्ल्याँटो युगभित्र कार्टुन मान्छेहरू' र 'बुँख्याचाहरूको देशमा'- काव्यमा प्रकृति सौन्दर्य प्रेम र जीवनको प्रतीक बनेको  र प्रकृतिप्रतिको चिन्तन कम रहेको देखिन्छ-

पहेँलिएर रुखबाट खसेका छन्

भुइँभरि जिन्दगीहरू

वेवारिस जिन्दगीहरू शुष्क भुइँभरि

वसन्त पर्खिरहेका रुखहरूबाट

चैतको वतासले झारेका पातहरू

बाटोभरि छरपष्ट छन्

हजारौँ पैतालहरूले किचिएर धुजिइन तैय्यार

हावाहरूले हुत्तिँदै बेपत्ता हुन तैय्यार

(पत्करहरू, पृ.५१)

'उष्मा' –मा पनि कविले प्रकृतिलाई प्रेमको प्रतीक बनाएर प्रस्तुत गरेका छन्। आकास र धरतीको संयोगबाट सिर्जनाको सङ्केत देखिए पनि यसको मूलभावमा भने प्रेम वा यौन क्रिडाको सौन्दर्य नै झल्कन्छ। यसमा प्रकृति वा पर्यावरणीय सङ्कटको कुनै चेतना देखिँदैन। उनी लेख्छन्-

आफ्नो हिस्सी देखेर

आत्मविभोर हुँदै पल्टिरहेकी

मुस्कुराउँदी यो धरतीसित

एक अँगालो रात बिताउन भनी

हिजो सम्साँझै आएको आकाश

फर्किएकै छैन अझै।

(आकास-धरतीको अँगालो बाहिर मेरो परिवेश र म,पृ.९१)

'ऋतु-क्यान्भसमा रेखाहरू'-को बीज उनका सुरुका कवितातिर देखिन्छ। 'उष्मा'-मा कविको ऋतु चिन्तनको काव्य लेख्ने बीजबाट मुना पलाएको प्रतित हुन्छ, 'एप्रिल-१९८६', 'शरद १९८६' कविताहरू

यसका सङ्केत हुन्। सन् १९८६ मा दार्जिलिङमा छुट्टै राज्य गोर्खाल्यान्डको आन्दोलन चरम सीमामा चर्किएको बेला कविले आन्दोलनको हावालाई पन्साई एप्रिलको वा ऋतुको कविता लेखेका छन्-

फूल औधी मन पराउने यो एप्रिल,
भने झैँ फूलहरू कतै नदेखेर
अचेल उदास उदास छ।
बकैनाहरू फुलेका छन् ठाउँ-ठाउँमा।
यो परको नाङ्गो फलेदोको रुखचाहिँ
कुनै यौटी अर्द्ध-पगलीले जस्तो
दुई तीनवटा औँलाको नङमा मेहन्दी पोतेर
अल्सी-लाग्दो गरी उभिएकी छ आङ तन्काउँदै।

(एप्रिल-१९८६/ उष्मा, पृ.९३)

'ऋतु क्यान्सभमा रेखाहरू' लेख्न अघि यस प्रकारका कविता लेखेर मनप्रसाद सुब्बाले ऋतु चिन्तनका कविता लेख्ने सङ्केत दिइसकेको बुझिन्छ। माथिका कविताशंमा कविले प्रकृतिलाई माध्यम बनाई तत्कालीन परिवेशको विरोधमा विद्रोह गरेका छन्। उनका यस्तै विचारहरू 'ऋतु क्यान्भसमा रेखाहरू'-मा पनि देखिन्छन्।

दीर्घ निष्काम तपस्यापछि
सिद्धार्थले बुद्धत्व प्राप्त गरे जस्तै
फलेदोको रुखले त्यो नग्नता प्राप्त गर्छ
अनि त कसैले थाहै नपाई
त्यसको हाँगाबिँगाको टुप्पा-टुप्पामा
फुटिनिस्किन्छ त्यो नग्नताको चरम रूप
यौटा-यौटा मुटु जस्तै राता-राता फूल!!
आह!!

(फलेदोको रुख जब फुल्छ, पृ.९८)

'आदिम बस्ती' -मा मनप्रसाद सुब्बा प्रकृतिभन्दा अधिक मान्छेको नजिक पुगेका देखिन्छन्। यस सङ्ग्रहमा उनले प्रकृति र मानिसको आदिम प्रवृत्ति वा पाशविकताको चर्चा गरेका छन्। यहाँ आएर कविका जैवकेन्द्री र नृकेन्द्री विचारको द्वन्द्व पनि देखिन्छ। उनले मानिसको मूल-प्रकृति अर्थात् आदिम पाशविकताको कुरा गरेका छन् र मान्छे छैन भने अथवा संसारिकता छैन भने यो पृथ्वी झार-जङ्गल पशु-पक्षी र किराहरूको साम्राज्य हुनुभन्दा पर त्यसको अस्तित्वको अर्को कुनै अर्थ हुँदैन[11] भन्ने विचार राख्छन्।

'आदिम बस्ती'-मा कविले मानिसको पाशविक प्रवृत्तिको चर्चा गरे तापनि त्यो प्राकृतिक वा प्रकृति प्रदत्त नै हो भन्ने उनको  विचार देखिन्छ। के वनजा लेख्छिन् "भूमि र भूमिका जीव जन्तुहरू प्रति जब जब आक्रमण वा आतङ्क भएको छ तबतब त्यसको प्रतिरोध पनि आदिकालदेखि नै हुँदै आएको हो। 'मा निषाद' जस्तो कवि वचनमा पनि यो प्रतिरोध ध्वनित छ। यसको कारण अरू केही नभएर मनिस र प्रकृतिबिचको आत्मीयता हो। विश्वको सन्तुलन नै यी दुईबिचको पारस्परिकतामा निर्भर रहेको हुन्छ।" उनी अझै लेख्छिन् "यसैले भारतीय परम्परालाई आत्मसात गर्ने रचनाकार साहित्यको मूलमा प्रकृति र मनुष्यको बिचको सह-सम्बन्धलाई सुरक्षित राख्दछ।"[12]

यो मान्छे यस धरतीमा यस्तरी
आफैंबाट तर्सिंदै
कतै पस्रिँदै
-------------------
बित्नुहरूको यो अटुट क्रमसित
यस्तरी छ मान्छे यस धरतीमा
यो धरती जसलाई
हरदिन यौटा गाउँबाट झुक्याएर लगी
वेश्यालयको अँध्यारो कोठामा पुऱ्याएर टुङ्ग्याइन्छ
यो धरती जसलाई
लोककथाको स्वर्ग जाने सिँढी जस्तो

---

[11] मनप्रसाद सुब्बा, सन् १९९५, आदिम बस्ती, साहित्य प्रकाशन, दार्जिलिङ, पृग

[12] के वनजा, सन् २०११, साहित्य का पारिस्थितिक दर्शन, वाणी प्रकाशन, दिल्ली, पृ३७

स्काइस्क्रेपरको भयावह एकलो कोठामा पुऱ्याई

धुम धुमती बन्द राखिन्छ एकलै...

(आदिम बस्ती/पृ.७३-७४)

कवितामा कविले धरतीलाई स्त्रीको प्रतीकको रूपमा प्रस्तुत गरेर प्रकृतिप्रति आफ्नो चिन्ता व्यक्त गरेका छन्। नारीको शोषण र प्रकृतिको शोषण एउटै हो भन्ने परिवेश नारीवादीहरू मान्छन्। त्यसैले नारीप्रतिको चिन्ता प्रकृतिप्रतिकै सचेतता हो भन्ने उनीहरूको विचार देखिन्छ।[13] यस आधारमा उपर्युक्त कविताले प्रकृतिप्रति आफ्नो सचेतता देखाएको बुझिन्छ।

'अक्षर अर्केष्ट्रा'-मा विविध विषयका कविताहरू छन्। यस सङ्ग्रहभित्र छवटा खण्डहरू छन् अनि प्रत्येक खण्डका विषय अलग अलग देखिन्छन्। यस सङ्ग्रहअन्तर्गत दोस्रो खण्डको 'रुख' कविता प्रकृति लेखनको उदाहरण मान्न सकिन्छ। आफैलाई रुखको प्रतीकमा राखेर मानिस अनि प्रकृतिको सम्पूरक वा परिपूरकताको सङ्केत गरेका छन्। यसमा कविको प्रकृतिप्रतिको अपार प्रेम देखिन्छ।

मनप्रसाद सुब्बाका अघिल्ला कविताहरूमा निहित प्रकृतिप्रतिको भावना र यस कवितामा निहित प्रकृतिप्रतिको भावमा भिन्नता देखिन्छ। 'प्रकृति र मानिस अनादिकालदेखि परस्पर निकट रहेका छन्। मान्छे प्रकृतिको निर्माण हो, प्रकृतिकै सहचार्यमा ऊ बाँच्छ अनि मान्छेको मृत्यु भएपछि प्रकृतिमै विलीन हुन्छ। जीव रासायनिक चक्रअन्तर्गत प्रकृतिमै उसको जन्म, जीवन र मृत्युको प्रक्रिया सञ्चालित तथा परिपूर्ण हुन्छ'[14] भन्ने शोभाकान्ति थेगिम लेख्छिन्। मनप्रसाद सुब्बाको 'रुख' कविताले प्रकृतिको सङ्कथन बोकेको देखिन्छ र जीवन अनि मृत्युको आधार नै प्रकृति हो भन्ने विचार पाइन्छ। प्रकृति जीवन पनि हो र मृत्यु पनि हो साथै मृत्युपछिको शून्य पनि प्रकृति हो भन्ने दार्शनिक सङ्कथन यहाँ देखिन्छ। जस्तै-

मेरा पातहरू यदि

भोकाएका गाई-वस्तुलाई आहार भइदिएछ भने

म आफू अघाएको ठान्नेछु।

मेरा हाँगा काटिएर या भाँचिएर

---

[13] प्याट्रिक डि मर्फी, इकोफेमेनिज्म एन्ड पोस्टमर्डनिज्म: एन्जेसी, ट्रन्सफरमेसन एन्ड फ्यूचर पोसिबेलिटिज, http:/www.jstor.org/stable/4316529 पृ 34, 27th April, 2012

[14] शोभाकान्ति थेगिम, सन्२००३, तात्पर्य र साहित्य प्रयोगका सन्दर्भमा प्रकृतिको विश्लेषण, डा शोभाकान्ति थेगिम (लेप्चा) मेमोरियल ट्रस्ट, गान्तोक, पृ ३१

केही बैसाखी र टेक्ने लौरो बनिदिएछ भने

आफूलाई म धन्य समझिने छु।

--------

अर्को जन्म यदि हुन्छ भने

म फेरि रुख नै भएर जन्मूँ

हो, रुख नै भएर जन्मूँ।

(रुख/अक्षर अर्केष्ट्र, पृ २६-२७)

प्रकृति मानिससँग ईश्वरले वार्तालाप गर्ने प्राथमिक र साङ्केतिक व्यवस्था हो भन्ने प्राचीन चर्च र प्राचीन ग्रीसेलीहरूको मान्यता थियो। सत्रौँ शताब्दीका दार्शनिक थोमस हविस प्राकृतिक व्यवस्था सबैभन्दा पुरानो व्यवस्था हो जसद्वारा मानव समाजको निर्माण भयो र यही व्यवस्थामा मानव समाज सुख सुविधायुक्त र सुरक्षित रहन्छ भन्ने विश्वास राख्दथे। तर कतिपय दार्शनिकहरू मानिसले प्रकृति वा धरतीलाई नितान्त आफ्नो वा वैयक्तिक रूपमा प्रयोग गर्नुपर्छ किनभने मानवेतर संसार मूल्यहीन छ भन्ने धारणामा विश्वास राख्तथे।[15] अतः मानिसहरू प्रकृतिअन्तर्गत केवल त्यही भागमात्र आउँदछ जुन भौतिक स्तरमा मात्र अभिव्यक्त छ भन्ने मान्छन्।

वस्तुतः साहित्यमा प्रकृति, पर्यावरण र पारिस्थितिकीजस्ता अवधारणाहरूको अध्ययन परम्परा अन्य देशहरूको तुलनामा भारतमा धैरै अघि वा पुरानो देखिन्छ। यसको खोज गर्दा भारतीय सभ्यताको आदि कालदेखि नै प्रकृति अध्ययनका बीजहरू देखिन्छन्।[16] भारतीय नेपाली कवितामा पनि सवाई र लहरी वा बाह्रमासा आदितिर प्रकृतिको वर्णन पाइन्छ। सन् १८५७ सालमा शिलाङमा आएको भुइँचालोको सवाई बनाएर धनवीर भण्डारीले ‘भैंचालोको सवाई’- लेखेका छन्। यसको रचना सन् १८९७ तिर भएको मानिन्छ।[17]

छोटा बडा इष्टमित्र सुन सबै पाँच।

पृथ्वी कम्पेको समाचार बाँच।। (श्लोक ६)

थामिएन अझ पनि बित्यो वर्ष मैना।

[15] प्रमोद के नायर, सन् २०१०, कनट्यापोरी लिटरेचर एन्ड कलचरल थ्योरी, दोरलिङ किनडेर्सली (इन्डिया) प्रा.ली, दिल्ली, पृ २४४

[16] एन डि आर चन्द्र, निगमानन्द दास, सन् २००७, इकोलजी, मिथ एन्ड मिस्ट्री, स्वरूप एन्ड सन्स प्रकाशन, नयाँ दिल्ली, पृ ३१

[17] द्रोण उपाध्याय, सन् २००२, नेपाली सवाई काव्यको विश्लेषणात्मक मूल्याङ्न, शोधपत्र (उत्तरवङ विश्वविद्यलय), पृ १६५

कलिमा देखियो पराचीन्को ऐना।। (श्लोक ४६)

(शिलाङको भैंचालोको सवाई)

प्राकृतिक सम्पदाको मानवीकरण गर्दै लेखिएको अर्को सवाई हो 'चरीको सवाई'। मनिराज शाहीद्वारा रचित यो सवाई वाराणसीबाट प्रकाशित भएको हो। 'यसको रचनाकाल सन् १९०० मानिन्छ।'[18] मानवीय समाज र मानवेतर समाज प्रकृतिकै नियममा बाँधिएको हुनाले मानवेतर समाजको पनि प्रकृतिमा उत्तिकै आधिकार र जिम्मेवारी छ भन्ने तथ्य सवाईकारले यसमा उल्लेख गरेका छन्। यसमा चराहरूको नामवाली छन्। आज धेरै चरा-चुरुङगीहरू लुप्त भइसकेका छन्। यस सवाईमा वर्णित कतिपय चराहरू अब पाइँदैनन्। त्यसैले यो सवाई महत्त्वपूर्ण पनि हो। नेपाली लोकसंस्कृति र प्रकृतिको मिश्रणमा लेखिएको यस सवाईले मूल-प्रकृतिको रहस्यलाई सङ्केत गरेको छ। 'प्रकृति लेखनले प्रकृति र साहित्यको सम्बन्ध स्थापना गर्ने सेतु नै संस्कृतिलाई मान्दछ'[19] त्यसैले यस सवाईले प्रकृति लेखनको सङ्केत पनि गरेको बुझिन्छ।

प्रथम कोकलेले केटी माग्न गयो।
दिन हेर्ने भने भद्राई चरो भयो।।
राम्रा राम्रा सुन चाचरी गहना कमाउँथ्यो।
दुलाहाको जामा भने तित्रा सिउँथ्यो।।
घर बसि क्याकिले विस्कुन सुकायो।
रात दिन भँगेरो धान कुट्न आउँथ्यो

(चरीको सवाई)

सन् २००१ मा प्रकाशित मनप्रसाद सुब्बाको 'ऋतु-क्यान्भसमा रेखाहरू'-ले प्रकृति लेखनको धर्मलाई समाएको छ यद्यपि यस सङ्ग्रहमा पनि कविले मानिसको पाशविकतालाई प्रकाश पारेका छन् तर काव्यमा प्रकृति र पर्यावरणको अस्वाभाविक परिवर्तनप्रति चिन्तित छन्।

यस सङ्ग्रका कवितामा दुई प्रकारका विचारहरू देखिन्छन्। पहिलो मानिसको आदिम पाशविकता र दोस्रो प्रकृति चिन्तन। यी दुवै विषयको इतिवृत्तले ऋतुका क्यान्भसमा प्रकृतिका चित्र कोरिएका छन्। 'ऋतु-क्यान्भसमा रेखाहरू'-मा जम्मा उनचास र उपंसहार गरेर पचासवटा कविताहरू

[18] द्रोण उपाध्याय, सन् २००२, पूर्ववत् पृ १७१

[19] एन डि आर चन्द्र, सन् २००७, निगमनन्द दास, इकोलजी, मिथ एन्ड मिस्ट्री, पूर्ववत्, पृ३६

छन्। यी कविताहरूमा प्रकृतिका विविध रङ र चित्रहरू छन्। जीवन, सङ्घर्ष, परिवर्तन आदि प्रकृति र संस्कृतिको पारिस्थितिकीमा घुमेका छन्। यस काव्यमा समाज, जीवन, सौन्दर्य, उन्माद र जिजीविषाको स्थूल चित्र देखिए पनि सांस्कृतिक पर्यावरणवादी दृष्टिअन्तर्गत यो प्रकृतिकै आधारमा लेखिएको काव्य हो। 'सांस्कृतिक पर्यावरण विज्ञानीहरू कुनै पनि समाज र संस्कृतिको त्यस सम्बन्धित वातावरणमा के कस्तो सम्बन्ध छ र पर्यावरण र संस्कृतिबिचको अन्तर्क्रिया के कसरी हुने गर्दछ त्यसको अध्ययन गर्दछन्।'[20] यस काव्यमा जीवन र संस्कृतिले प्रकृतिमा पारेको प्रभाव र प्रकृतिको छायाँमा संस्कृति र जीवनको पोषण देखिन्छ। एक ठाउँ कवि यसरी लेख्छन्-

मूल फुट्दै नफुटी
बर्खायाम बितिसक्यो अब।
कस्सिएर भित्रभित्रै गाँठो परेका पीडाहरू
फुटेर स्वतन्त्र पोखिन
धेरै लामो पर्खाइ थियो असार-साउनको
तर आशाको साउन मर्नै लाग्दा पनि
मूल फुट्नै सकेन।

( मूल फुट्न सकेन पृ ३८)

बर्खामा मूल नफुट्नु प्रकृति सङ्कटको विषय हो। यसमा मानिसको भौतिक वा औद्योगिक प्रगति जिम्मेवार छ। सभ्यता र प्रगतिको नाममा गरिने प्रकृति शोषण अनि भूमिलाई अधिक उर्वर पार्नका लागि प्रयोग गरिएका रासायनिकहरूले प्रकृति बाँझो बन्दै गइरहेको छ, उत्पादन, खेती, कृषि अब इतिहास हुन थालेको छ। उपभोक्तावादी बनेका मानिसहरू यसप्रति चिन्तित छैनन्। कवि लेख्छन्-

खडेरीको खबरहरू घटघट पिएर
तृप्त हुँदै क्यामेराहरू फर्के
पटपट फुटेका बस्ती-फाँटबाट।

(खडेरीको खबर, पृ.९)

[20] बलराम आचार्य, सन् २००७, नेपाली समाज र संस्कृतिको विश्लेषण, सनलाइट पब्लिकेसन, काठमाडौँ, पृ२०४

यस कविता सङ्ग्रहमा चेतन मनका अथवा योजनाबद्ध अभिव्यक्तिहरू छन् भने अचेतन अनुभूतिका अभिव्यक्तिहरू पनि छन्। काव्यमा प्रकृतिको माध्यमबाट मान्छेलाई र मान्छेको माध्यमबाट प्रकृतिलाई लेख्ने प्रयास गरिएको छ। कवि स्वयम्ले यसलाई ऋतुहरूको कविता होइन भनेका छन् यद्यपि यहाँ प्रकृति लेखिएको पाइन्छ। ऋतुहरूको कविता होइन भन्नाको तात्पर्य ऋतुचित्रणका होइनन् भन्ने बुझिन्छ तर ऋतुहरू के हुँदैछन्, ऋतुहरूमा के के हुन्छन्, ऋतुहरू कस्ता हुँदैछन् भन्ने आन्तरिक भाव भने यस काव्यमा ध्वनित भएकै देखिन्छ।

यस सङ्ग्रहमा ऋतुहरूको ठुलो क्यान्भस लिएर कविले जीवन सङ्घर्षका रेखाहरू कोर्न चाहेका छन्। ती रेखाहरू जिजिविषा र जिगीषाकै भए तापनि त्यसले प्रकृतिको परिधिलाई तोडेर जान सकेको छैन। घुमेर डुलेर कविताहरू प्रकृतिकेन्द्री बनेरै फर्केका छन्। यस कवितालाई हेरौँ-

मेरा आँखाका नानीहरूलाई
उत्साहको एक जोडी गौँथली बनाई
उड़ाइपठाएको छु आकाशमा
कतै तिम्रो घरको सिलिङमा एक छेउ
गुँड लाउने ठाउँ तिनीहरूले रोजेछन् भने,
मलाई विश्वास छ,
तिमीले धपाउने छैनौ।।

(एक जोडी गौँथली मेरा, पृ ९९)

गौँथली यहाँ जीवन र प्रकृति दुवैको द्योतक हो। बाहिरी रूपमा यो  जीवन वा जिजीविषा बनेको देखिन्छ भने यसको आन्तरिक ध्वनि प्रकृति संरक्षणको व्यञ्जित छ।

'ऋतु-क्यान्भसमा रेखाहरू'-पछि मनप्रसाद सुब्बाको लेखन जातीय अस्मितातिर बग्न थालेको देखिन्छ। भारतीय नेपालीहरूले आफ्नो राजनैतिक हक र अधिकार नपाउँदा आफ्नै देश अथवा मूलधाराबाट किनारीकृत हुनुपरेको बोध उनका कवितामा देखिन थालेको छ। रेमिका थापा र सुब्बाको सन् २००८ मा 'किनाराका आवाजहरू' कविता सङ्ग्रह प्रकाशित भइसकेपछि 'किनारीकरण'-को अवधारणा चर्चित हुन थालेको देखिन्छ। यस अवधारणाले विशेष भारतीय नेपालीहरूले राष्ट्रको मूलधारामा प्रविष्टि नपाएको गुनासो र निरन्तर राष्ट्रले विदेशीको संज्ञा दिएर भारतीय नेपालीहरूलाई

किनारीकृत गरेकामा कविहरू विद्रोही बनेका छन्। किनारीकरणको धारणाले एकापट्टि राष्ट्रको मूलधारामा भारतीय नेपालीहरूले पनि अरू भारतीयहरूसरह राजनैतिक अधिकार पाउनुपर्छ भन्ने आवाज उठाउँछन् भने यस धारणादेखि फराकिलो बन्दै प्रकृति र पर्यावरण पनि आज मानव समाज र संस्कृतिदेखि किनारीकृत भइरहेछ भन्ने विचार राख्छन्।

मनप्रसाद लेख्छन्, "उद्भिद् र अन्य प्रकृतिजन्य प्राणीहरू मात्र होइन तर सबैको साझा जलवायु नै पनि मानवीय अतिक्रियाकलापले किनारीकृत हुँदै गइरहेको छ। लेखनमा किनारीकरणले अब यो विषय पनि लिई पर्यावरण—साहित्यतर्फ आफ्नो फाँट फैलाउने जमर्को गर्छ।"[21] त्यसैले मनप्रसाद सुब्बाको आन्तरिक काव्यात्मक अनुभूति प्रकृति र संस्कृति नै हो भन्ने बुझिन्छ। कवितामा भाव अनि विषयको सन्तुलन हुनुपर्छ। मनप्रसादले विषयको प्रतीकात्मकताद्वारा भावको अभिव्यक्ति दिन्छन्। तर कविहरू काव्य रचनाको समय अचेतन अवस्थामा पुगेका हुनाले उनीहरूद्वारा सिर्जना भएको काव्यमा चेतनतत्त्वको हस्तक्षेप हुँदैन।

माधवप्रसाद पोखरेल भन्छन् "कविभन्दा कविको काव्यकृति महान हुन्छन् र काव्य सिर्जना कालमा कवि र कविको सिर्जनात्मक प्रतिभा अलग हुन्छन्।"[22] मनप्रसाद सुब्बाले पनि मूलधाराबाट किनारीकृत भएको विषयमाथि कविता रचना गर्दा उनको सिर्जनाशक्तिले प्रकृतिलाई नै समाएको देखिन्छ। उदाहरण-

हो, यो आदिम नागरिक म
आफू सृष्टि भएको आदिम माटो गह्राउँदैछु
'तिम्रो आदिमताको प्रमाण म दिन्छु'- भन्यो मलाई हिमाले
'म टेथिजको गर्भमा छँदा
तिमी माछा थियौँ त्यो सागरको पानीमा'
चट्टानले पनि भन्य 'तिमी सुनखरी फुल्यौ मेरो काप-कापमा ।'

(आदिम माटोको कुरा/किनाराका आवाजहरू, पृ ५८)

[21] मनप्रसाद, रेमिका (सम्पा.), सन् २०११, किनाराविमर्श, गामा प्रकाशन, दार्जिलिङ, पृ ८

[22] माधवप्रसाद पोखरेल, सन् २०११, पाश्चात्य समालोचनामा मनोरचना, राजेन्द्र सुवेदी, लक्ष्मणप्रसाद गौतम (सम्पा.) रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार, काठमाडौँ, पृ १६८

सन् २०१३ मा प्रकाशित उनको 'भुइँफुट्टा शब्दहरू' काव्यमा पनि किनारीकरणका आवाजहरू छन् तर त्यसमा धेर प्रकृति र संस्कृतिका समीकरण देखिन्छ। मनप्रसाद सुब्बाले प्रकृतिलाई स्वच्छन्दतावादीहरूले जस्तै हेरेका छैनन्। सुरुका कविताहरूमा कति ती दृष्टिकोणहरू देखा परे तापनि 'आदिम बस्ती'-देखि उनले प्रकृतिलाई जीवन बनाएर लेखेका छन्। प्रकृति नै मानव जीवनको आधार हो भन्ने तथ्यलाई उनले बुझेका छन् र यसको संरक्षण संस्कृतिको माध्यमद्वारा गर्नुपर्छ, लोकविश्वास र लोकपरम्परालाई लिएर गर्नुपर्छ भन्ने धारणा देखिन्छ। प्रकृतिप्रति कवि अत्यन्तै चिन्तित छन्। उनी लेख्छन्-

माटोलाई माटोबाटै छुट्याउन
मेफिस्टोफिलिसका एजेन्टहरू आउँछन्।
खेतको गर्भबाट जन्मेका खेतका सन्तानहरू
खेत आमा बचाउन
खेत अघिल्तिर उभिन्छन्।
ती खाकी एजेन्टहरका मुखबाट एक्कासि
फुटी निस्कन्छन् नबुझिने शब्दहरू प ट ट ट ट ..
अनि छिनभरमै
खेतको काख रगताम्य हुन्छ।
रजस्वलाको रगत होइन यो
तर रजस्वलाचक्र नै सुकाइदिने यौटा अपरेसन।

(खेतमाथि आक्रमण : केही भिडियो क्लिपिङ/भुइँफुट्टा शब्दहरू पृ १२)

ज्ञानोद्दीपन अथवा औद्योगिक विकासको युगमा प्रकृतिको व्यापक क्षति भएको इतिहास पाइन्छ। यसको विरूद्धमा अनेकौँ आवाज र आन्दोलनहरू उठे। प्रकृति लेखक र कविहरू रुस्सोको 'प्रकृतितर्फ फर्क'-को सिद्धान्तबाट प्रभावित भए। ज्याँ ज्याक रुस्सो स्वयं प्राकृत अवस्था नै मानव अस्मिताको साँचो अनि उत्तम व्यवस्था हो भन्ने धारणालाई स्वीकार गर्दथे। ज्ञानोद्दीपन कालमा रुस्सो नै प्रगतिको धारणा वा सिद्धान्त विरुद्ध आवाज उठाउने आलोचक थिए। 'प्रकृति निर्दोष र वास्तविकता हो भने सभ्यता वा औद्योगिक विकास कृत्रिम र भ्रष्टचारी हो'[23] भन्ने उनको धारणा थियो।

[23] प्रमोद के नायर, सन् २०१०, कनटेम्परेरी लिटरेचर एन्ड कलचरल थ्योरी, पूर्ववत्, पृ २४४

प्रकृति लेखन लेखक र प्रकृति दुवैको लागि हो, यो एउटा खोजपूर्ण र चिन्तनशील लेखन हो। प्रकृति लेखकहरूले गहिराइमा गएर व्यक्तिगत जीवनमा प्रकृतिले कसरी प्रभाव पार्छ त्यसको जाँच गर्दछन्। यसले प्रकृतिका विषयमा मात्र जान्न खोज्दैन बरु यसले प्रकृतिबाट सिक्न पनि खोज्दछ। त्यसैले प्रकृति लेखकहरू प्रकृति र मानिसबिच गुरु शिष्यको सम्बन्ध हुनुपर्छ भन्ने मान्छन् अनि एका-अर्कामा आफ्नो ज्ञानको संवाद सिर्जना गर्नुपर्ने विचार राख्छन्।[24] मनप्रसाद सुब्बाले आफ्ना कविताको माध्यमद्वारा प्रकृतिका बारेमा जान्ने प्रयास पनि गरेका छन् अनि प्रकृतिबाट सिक्न पनि खोजेका छन्। त्यसैले उनका कविताहरू प्रकृति लेखनका उदाहरण मान्न सकिन्छ। उनी प्रकृतिलाई यसरी बुझ्छन्-

गर्मीको त्यस कविता

गर्मीबारे अचाहिँदा कुराहरू लेखेर

शब्दहरू खेरो फालिने छैन।

अर्थात् त्यस कवितामा

शीतलताको आभास दिने भनेर

भ्रम उब्जाउने कुराहरू पनि लेखिने छैन।

गर्मी छ/गर्मी भोगिँदैछ।

त्यसैले शब्दहरूबाट बरु

पसिनाको कडा गन्ध आउन सक्छ।

---------

अर्थात् त्यस कवितामा

गर्मी-स्वभावको भाव देखाउन नसक्ने

धमिला शब्दहरू राखिने छैन।

(गर्मीको कविता, पृ १८)

प्रकृतिबाट यसरी सिक्छन्-

झझल्कोका झस्काहरू बिस्तारै बिलाउन थाले

अनि एकदिन देखेँ हिउँदाका पखेरामा

[24] हेनरी थ्योरियो, मोडल फर नेचर राइटिङ, Naturewriting.com/2/3/2011

सिमल र फलेदो

फूलहरूमा नाङ्गै व्यक्त भइरहेको

रिक्तता झन्झनाइरहेको घरभित्र पनि

नयाँ आएका गौँथलीहरू पसेर

चिर्बिराउँदै गुँड बनाउने ठाउँ हेरिरहेको

बाबुको बित्नुमा त्यो चिर सत्यलाई स्वीकार

म आफैँ पनि त्यै सत्यमा मिल्न गइरहेको....

(शिशिरको एक साँझ बुबाको मृत्यु सम्झेर, पृ ७४)

प्रकृति लेखन सम्बन्धपरक हुन्छ। यो अन्तर सम्बन्ध र अन्तर मिश्रणको पद्धति हो। यसले मानिसलाई प्रकृतिसँग प्रेम, सम्मान अनि एक अर्काप्रति सम्मान गर्न सिकाउँछ। प्रकृति लेखनका भाषा र प्रकार धेरै र अनेकौँ छन् तर प्रत्येक लेखकले आफूले बाँचेको प्रकृति वा आफूले बाँचेको समयको ज्ञानलाई लेख्दछ।[25] प्रकृति लेखन सकारात्मक हुनु आवश्यक छ। त्यसैले प्रकृति लेखनले संसारमा प्रेम, विश्वास र आशाको निरूपण गर्नुपर्दछ। अमेरिकी परिवेश विमर्शक थमस जे लियन प्रकृति लेखन वा रचनामा मुख्यतः तीन विषयहरू उल्लेख हुनु आवश्यक छ भन्ने मान्छन्। ती विषयहरू हुन्- प्राकृतिक इतिहासको जानकारी वा ज्ञान, प्रकृतिप्रति व्यक्तिगत प्रतिक्रिया र प्रकृतिको दार्शनिक व्याख्या।[26] 'ऋतु-क्यान्भसमा रेखाहरू'-मा प्रकृति लेखनका विषयहरूलाई समेटेको पाइन्छ। प्रकृति लेखन प्राकृतिक संसार र विज्ञानको सन्तुलनमा देखापरेको सङ्कथन हो, यद्यपि यसमा आध्यात्मिक र भौतिक अर्थ र मूल्यको चर्चा पनि पाइन्छ। त्यसैले प्रकृति लेखन प्रकृति र संस्कृतिको बातचितसँगै मानवीय कला र विज्ञानको संयोजन पनि हो।

१८औँ र १९औँ शताब्दीमा औद्योगिक विकास अरू दुईवटा विकास प्रणाली उपनिवेश र पुँजीवादसँग मिसिएर प्रकृतिको अनुमानभन्दा अधिक विनाश गर्दै गयो। प्रकृति मानिसदेखि अझ शोषित बन्दै गयो। आधुनिक संस्कृतिहरूले नयाँ विचारधारा र जीवनशैलीहरू लिएर आयो। गाउँबाट मानिसहरू सहरतिर आकर्षित हुनु थाले, जसको फलस्वरूप कृषि विकासको दर कम हुनु थाल्यो। सहरीकरणका लागि जङ्गलहरू काटिएर।

[25] hptt/www.naturewriting.com, 2/3/2011

[26] कादिर तियूर, नेचर राइटिङ : फिचर एन्ड फङसन, www.jstor.org/13/05/202

मानव विकासको सिद्धान्तको अध्ययन गर्ने दार्शनिक चार्ल्स डार्विनले मानव अनि मानवेतर प्राणीहरूको जीवनको आरम्भ विन्दु एउटै हो भन्ने सूत्र दिएका छन्। मानिस स्वयं पनि पशु श्रेणीबाट नै विकसित प्राणी हो साथै मानव र प्रकृतिको उत्पति विन्दु एउटै हो भन्ने उनको सिद्धान्तले व्यापकता पाएपछि प्रकृतिलाई ग्रहण गर्न सक्ने अनि प्रकृतिसँग सन्तुलन बनाएर रहन सक्ने मात्र जीवित रहन्छ त्यसैले मानव प्रकृतिमाथि सम्पूर्ण रूपले निर्भर छ भन्ने तथ्यलाई डार्विनले विश्व अगाडि ल्याए।[27] औद्योगिक विकासले प्रकृतिलाई कति क्षति पुऱ्याएको छ साथै मानिसलाई प्रकृतिको कति आवश्यकता छ भन्ने कुरा कविले यसरी लेख्छन्-

वर्षा यहाँ पहिले-पहिले हरिया पातहरू टेक्दै झर्थ्यो।
अचेल कङ्क्रिट सिँढीबाट या लिफ्टबाट झर्छ।
त्यो अग्लो डाँडाको रङ्ग उडेको हो कि
बहुतल्ले बिल्डीङ्ग खडा भएको हो
घरको पेटीमा हिलो पोतिएको हो कि
भ्रूणहत्याको रगतको टाटा हो !

(वर्षामा दार्जिलिङ, पृ २१)

दार्जिलिङको प्राकृतिक सुन्दरतामाथि औद्योगिक विकासले गरेको अतिक्रमणलाई विषय बनाएर रचिएको यस कविताले प्रकृतिप्रति कविको चिन्ता स्पष्ट रूपमा देखिन्छ। दार्जिलिङ यहाँ प्रकृतिको प्रतीक बनेर प्रस्तुत छ। प्रकृतिमाथि विजय पाउने वा प्रकृतिको सीमाहीन प्रयोग गर्ने मानवीय व्यवहारले प्रकृति आज सङ्कटको स्थितिमा छ। तर यो समस्या आजको आधुनिक विकास र परियोजनाले मात्र उत्पन्न भएको होइन, भलै आजका अत्याधुनिक परियोजनाहरूले प्रकृतिलाई तीव्र रूपमा विनाशतर्फ लगिरहेछ तर प्रकृति र मानवलाई छुट्ट्याएर हेर्ने इतिहास धैरै पुरानो हो।

प्रकृति लेखकहरू प्रागैतिहासिक काल र प्राचीन इसाई संस्कृतिसम्म गएर यसको कारण पत्तो लगाउने प्रयास गर्छन्। किनभने औद्योगिक पुँजीवाद सबैभन्दा पहिले युरोपबाट सुरु भयो अनि यो उपनिवेशको रूपमा फैलिएर गयो। परिवेश दर्शनले मानिसमा प्रकृति र मानिस अलग हो भन्ने विचार कसरी आउन थाल्यो त्यसको निर्क्योल गर्दछ।

[27] प्रमोद के नायर, सन् २०१०, कनट्यापोरी लिटरेचर एन्ड कलचरल थ्योरी, पूर्ववत्, पृ२४५

लेयन वाइट जुनियरको विवादास्पद लेख 'द हिस्टोरिकल रुट अव् आवर इकोलोजिकल क्राइसिस'-मा उनले इसाई धर्म ग्रन्थ बाइबललाई दोष पूर्ण आदर्शको छवि प्रस्तुत गर्ने पुस्तकका रूपमा मानेका छन्। "ईश्वरले मानिसको सुविधा लाभ र प्रकृतिमाथि राज्य गर्न प्रकृतिको रचना गरे। प्रकृतिमा भएका सम्पूर्ण पशु प्राणी, वनस्पति मानिसका लागि बनाइदिएका हुन्। मानिस ईश्वरको प्रतिमूर्ति हो" भन्ने बाइबलको पहिलो अध्याय 'उत्पत्ति'-को वचनलाई लिएर प्रदूषित पर्यावरणको दोष इसाई समाजलाई लगाएका छन्।

वाइटको विचारमा 'यो वचन जैवकेन्द्रीभन्दा ज्यादा मानवकेन्द्री विचारमा आधारित छ। वास्तवमा मानव प्रकृतिको केन्द्र होइन वस्तुतः प्रकृतिलाई केन्द्र बनाएर मानव जीवनको संचार भएको हुन्छ। त्यसैले मानवकेन्द्री धारणा प्रकृति लेखनको विपरीत देखिन्छ। यसप्रकारको वचनले मानिस प्रकृतिदेखि भिन्न छ भन्ने बुझाउँदछ। अतः मानिसमा सर्वशक्तिमानको अहम् उजागर गरी उसलाई प्रकृतिको नियम विरूद्ध गएर कार्य गर्न प्रेरित गराउँछ भन्ने उनको विचार देखिन्छ।'[28] तर कवि आफ्नो विचार नृकेन्द्रीभन्दा जैवकेन्द्री रूपले राख्छन्। प्रकृति मानिसको लागि हो अनि मानिस प्रकृतिको लागि भन्ने परिपूरक सम्बन्धको धारणा यसरी व्यक्त गर्छन्-

मृत्युपछि फेरि यो धरतीमा आउन परेछ भने
मान्छेकै फराकिलो हत्केलाको खेतमा
धान या गहुँको एक बोट भएर
घामको न्यानो म्वाँइले नुहाउन पाऊँ
अनि मान्छेकै मुखमा
एक गाँस स्वादिलो म्वाइँ हुन पाऊँ।

(खेतको घाममा इच्छाहरू केही, पृ ५६)

पूर्वीय साहित्यमा प्रकृतिप्रतिको दृष्टिकोण भिन्न छ। वेदको सृजन कालदेखि नै यसलाई सृष्टि विज्ञानको मुख्य ग्रन्थ मानिएको छ। यसमा सृष्टिको जीवनदायी तत्त्व र विशेषताहरूको वृहद् रूपमा वर्णन गरिएको छ। ऋग्वेदमा अग्निको रूप, रूपान्तर अनि त्यसको गुणको व्याख्या गरिएको छ। यजुर्वेदमा वायुको गुण कार्य औँ उसको विभिन्न रुपको आख्यान पाइन्छ। अथर्ववेद पृथ्वी तत्त्वको मुख्य वेद

---

[28] लेन वाइट जे.आर, सन् ,१९९६, द हिस्टोरिकल रुट् अव् अवर इकोलजिकल क्राइसिस, चेरिल गटफेल्टी अनि हार्लोड फोर्म (सम्पा) द इकोक्रिटिसिज्म रिडर लेन्डमार्कस इन लेटेरी इकोलजी, द युनिभर्सिटी अव् जर्जिया प्रेस, लन्डन, पृ ९

मानिन्छ भने सामवेदको प्रमुख तत्त्व जल हो र आकाश तत्त्वको वर्णन सम्पूर्ण वेदमा पाइन्छ, जसरी प्रकृति पाँच तत्त्वको रासायनिक मिश्रणद्वारा निर्माण भएको छ मानव शरीर पनि यसै तत्त्वादिको मिश्रणबाट बनेको छ। त्यसैले प्रकृतिकै विशेष प्रक्रियाबाट नै मानवको सृष्टि भएको मानिन्छ।

पूर्वीय साहित्यमा महाकाव्य रचनाकालबाटै नै प्रकृति वर्णन, ऋतु वर्णन आदि परम्पराको सूत्रपात भइसकेको देखिन्छ। प्राचीन कविहरूले भारतखण्डका छवटा ऋतुहरूको वर्णन अनि बाह्रमासा लेखेर समाजलाई प्रकृति प्रेमी र प्रकृति संरक्षणप्रति आग्रही बनाइसकेको देखिन्छ। आयुर्वेदमा हेमन्त ऋतुलाई स्वास्थ्य लाभ गर्ने ऋतु मानिएको छ। बीजबाट वृक्ष हुने प्रक्रियालाई मानव समाजले हजारौँ वर्षदेखि देखिरहेको छ। यो प्रक्रिया एकान्तमा हुने प्रक्रिया होइन। बीजको विविधताको सम्बन्ध माटोको विविधतासँग हुँदछ अनि माटोको विविधताको सम्बन्ध पानीसँग हुन्छ। पानीले धरतीलाई प्रभावित पार्दछ तथा दुई मिलेर बीजलाई प्रभावित पार्दछन्। धरती अनि पानी मेघ वा बादलबाट प्रभावित हुँदछ। बादललाई हावाले प्रभावित पार्दछ, हावालाई ऋतु, ऋतुलाई सूर्यले प्रभावित पार्दछ अनि सूर्य ब्रह्माण्डको एउटा बृहद् केन्द्र हो।[29]

यो सम्पूर्ण चक्र कालको सूत्रमा बाँधिएको हुन्छ। यो चक्र पूर्ण हुनुमा मानवको कुनै सहायता चाहिँदैन। मानिस यस चक्रअन्तर्गत पर्छन्। त्यसैले प्रकृति स्वयं सम्पूर्ण छ अनि यही सम्पूर्णताको सत्यलाई प्रकृति लेखनले उद्घाटित गर्दछ। मानिस अनि संस्कृति प्रकृति वा पर्यावरणको आन्तरिक पक्ष हो। त्यसैले मानवीय क्रियाकलापबाट प्रकृति सदैव प्रभावित भइरहन्छ। प्रकृतिको संरचना यसको इतिहासमा आधारित छ जुन इतिहासमा मानव समाज पनि पर्दछ। त्यसैले मानिस केवल अलग, विचारशील वा विवेकशील प्राणी मात्र नभएर ऊ पारिस्थितिकीमा सन्तुलन ल्याउने एउटा उपकरण पनि हो भन्ने तथ्य बुझ्नु आवश्यक छ।

मानिस प्रकृतिबाटै सृष्टि भएको हुँदा ऊ अरू प्राणीहरूभन्दा अलग छैन। त्यसैले तकनिकी विकास, उच्च सामाजिक व्यवस्था र उच्च जीवनशैलीबाट मानिस सचेत रहनु आवश्यक छ। पृथ्वी स्वयं प्राकृतिक सम्पदाको भण्डार भए तापनि त्यो भण्डार अनन्त छैन। सभ्यताको नाममा बढ्दो सहरीकरणले प्राकृतिक सौन्दर्यको क्षति भएकोमा चिन्तत मनप्रसाद सुब्बा यसरी लेख्छन्-

कञ्चनजङ्घाको सहर यो।

[29] हिन्दूज्म एन्ड इकोलजी/www.jstor.org/14/09/2011

तर अचेल कञ्चनजङ्घाको अनुहार हेर्नुपरे
ठाउँ-ठाउँको चेपचापबाट चिहाउनुपर्छ।
सहरको काखीमुनि र टाँगमुनिबाट देखिने
कञ्चनजङ्घाको टुक्रा-टुक्रा अनुहार
आँखाहरूले एकछिन अर्को टिप्दै
जिग्-सा पजल खेल्नुपर्छ।
ओफ्! हिजोभन्दा आज गर्मी छ।
तेञ्जिङ जस्तै प्रसिद्ध यो हिमाली हावा
अचेल सास बढ्ने रोगले ग्रस्त छ।

(सिजनको घाम मेरो दार्जिलिङ शहरमा, पृ १२)

यो युग जाति, वर्ग, लिङ्ग र परिचय सङ्कट लेखनको केन्द्र बनेको छ त्यसैले पृथ्वी, प्रकृतिको संरक्षणमाथि कुनै लेखक अध्येताहरूको ध्यान गएको छैन। फलस्वरूप यी तीन विषय लेखनका केन्द्रीय दृष्टिकोणलाई पनि समेट्दै प्रकृति लेखनले प्रकृति नै सृष्टिको कारक अनि कारण हो भन्ने सत्यलाई खोजी निकाल्दछ। जाति र परिचय सङ्कट सामाजिक र राजनैतिक लाभका विषय हुन् तर प्रकृति सङ्कट जीवनको सङ्कट हो, विश्वको सङ्कट हो, मानव सभ्यताको सङ्कट हो। त्यसैले प्रकृति लेखकहरू यसप्रति सचेत देखिन्छन्। यस्ता सङ्कटप्रति मनप्रसाद सुब्बा यसरी हेर्छन्-

बाँचेका दुई-चार चाँप-गुराँसका बोटहरू
मरिन्छ कि बाँचिन्छ, हाँसिराखौँ भन्दै
फुलेका छन् ठाउँ ठाउँमा
तर सिजन-बेसिजन अन्धाधुन्ध बढिरहेका
बिल्डिङ्गहरूलाई के थाह
ती चाँप र गुराँसका व्यथा
चिसो होस् या न्यानो
सधैँ अविचलित उभिरहने
ती धुप्पीका रुखहरू/एक-एक गर्दै

सहरको अजिङ्गरले निल्दैछ

( मेरो दार्जिलिङ वसन्तमा, पृ ८६)


साहित्यले आफ्नो आरम्भदेखि नै विभिन्न दैविक, प्राकृतिक घटनाहरू, आन्दोलन र युद्धहरूका परिणामहरू, साथै राजनैतिक र सामाजिक परिवर्तनलाई प्रस्तुत गर्दै आइरहेको छ। तथापि पर्यावरण सङ्कटको अवस्थालाई प्रस्तुत गर्ने क्रममा भने साहित्य मन्द देखिन्छ। अबको साहित्यले प्रकृतिको सुन्दरताको वर्णनमा मात्र केन्द्रित नरहेर प्रकृतिलाई नै केन्द्रमा राखेर यसका वरिपरी कार्यशील मानवीय समाज र संस्कृतिलाई गाँसेर अध्ययन गर्नुपर्छ।

प्रकृति लेखन यस्तै अध्ययन कार्यमा अघि बढेको कदम पनि हो। केट सुपर आफ्नो ‘लेख वाट् इज नेचर?’ -मा लेख्छन् ‘प्रकृति र पारस्थितिकीको सम्मान गर्नुपर्छ अनि सम्पूर्ण मानव समाज पारिस्थितिकी प्रणालीमा नै निर्भर छ भन्ने पनि स्वीकार गर्नुपर्छ साथै प्रकृति परिवर्तनशील संस्कृतिको प्रवाह हो भन्ने कुरा पनि बिर्सनु हुँदैन।’[30] विलमेक किबेन आफ्नो लेख ‘द इन्ड अव् नेचर’ -मा लेख्छन्, ‘वैश्विक उष्मायन निर्मल नैसर्गिक प्राकृत व्यवस्थाको अन्तको सङ्केत हो। जलवायु परिवर्तन, प्राकृतिक सम्पदाको विनाश, प्रकृतिको स्वतन्त्रताको हनन र प्रकृतिको महत्त्वमा मानवको घातक प्रहार आदि नै यसका कारणहरू हुन्।’[31]

प्रकृति लेखन एउटा दृष्टिले विश्व-चेतनाको रूपायन हो। समसामयिकतामा साहित्य लेख्नु हो भने प्रकृति र यसमाथि पर्न गइरहेको महासङ्कटलाई लेख्नु हो। अर्थपूर्ण अनि गहन चिन्तनपूर्ण प्रकृतिपरक लेखले साहित्यमा नवीनता प्रदानसँगसँगै लेखकको विश्वचेतनालाई उद्घाटित गर्दछ। मानवले प्रकृतिलाई कुनै पनि मूल्यवान वस्तु दिन सक्तैन, उल्टो प्रकृतिबाट मानिस प्राण-वायुसम्म लिइरहेको हुन्छ। त्यसैले प्रकृति लेखनमा प्रकृति, संस्कृति, समाज, साहित्य र मानिसको पारिस्थितिकीय रूपमा अध्ययन गरिन्छ। यसलाई यस प्रकारले हेर्न सकिन्छ:-

[30] रिचर्ड काडिज, सन् २००६, इन्भायन्मेन्टलिज्म एन्ड इकोक्रिटिसिज्म, प्याट्रिसिया वा (सम्पा.) लिटेरेरी थियोरी एन्ड क्रिटिसिज्म, अक्सफोर्ड युनिभर्सिटी प्रेस, न्युयोर्क, पृ ५३८

[31] रिचर्ड काडिज, सन् २००६, पूर्ववत्, पृ ५३८-३९




आरेख सङ्ख्या-३

स्वच्छन्दतावादी युगमा कविहरूले प्रकृतिलाई केन्द्र गरेर कविता लेखेका छन्। प्रकृतिको गीत गाउनेहरूले प्रकृतिप्रति प्रेम पनि देखाका छन्। रुसो, कलरिज, वर्डस्वर्थ, सेली, जोन किट्स आदिले प्रदूषित प्रकृतिलाई छोडेर स्वच्छ प्रकृतिको निर्माणको वकालती गर्दै औद्योगिक जगत्को खुल्ला विरोध गरे। नेपालीमा लेखनाथ, देवकोटा, भूपि शेरचन आदि यस प्रकारको स्वच्छन्द साहित्य सृजनापट्टि लागे। यी कवि-लेखकका लेख-रचना आदिलाई स्वच्छन्दतावादी साहित्य भनियो। आजका सन्दर्भमा ती कृतिहरूलाई 'प्रकृति-लेखन' वा 'प्रकृति रचना' (नेचर राइटिङ) भन्न सकिन्छ।

स्वच्छन्दतावाद शास्त्रीयतावाद विरुद्धको प्रतिक्रिया मात्र नभएर औद्योगिक क्रान्तिले ल्याएको प्रदूषित पर्यावरणको शुद्धीकरण र संरक्षणहेतु मानवलाई प्रकृतिकेन्द्री पार्ने अभियान पनि थियो। प्रकृति लेखनमा प्रकृति चित्रण र प्रकृतिको सुन्दरताको वर्णन मात्रै नभएर प्रकृति अनि मानवको सम्बन्ध, मानवीय संस्कृति, र जीवन प्रवाहमा यसको भूमिकालाई पनि केन्द्रित गरिएको हुनु आवश्यक हुन्छ। प्रकृतिको विनाश मानव अस्मिताको विनाश हो। त्यसैले मानव सभ्यता, समाज र संस्कृतिको प्रकृतिसँग अन्तरसम्बन्ध रहेको हुन्छ भन्ने तर्क प्रकृति लेखनको देखिन्छ।

विज्ञानले पारिस्थितिक सन्तुलनमा भइरहेका गडबडीहरू खोतलेर देखायो तर वास्तवमा वैज्ञानिक आविष्कारहरू नै यसका आन्तरिक कारण पनि हुन्। प्रकृतिको अझ सूक्ष्मतहमा गएर हेर्दा चराचर बाह्य भौतिक जगत् मात्र होइन, यस जगत्को सञ्चालक-प्रक्रियाको नियामक आन्तरिक शक्ति जो हो त्यो अझ महत्त्वपूर्ण प्रकृति हो। व्यक्ति वा वस्तुमा सधैँ रहिरहने स्वभाव यस्तै आन्तरिक प्रकृति हो यस्तो प्रकृतिलाई सूक्ष्म प्रकृति भनिन्छ। बाह्य वा स्थूल प्रकृति इन्द्रियगोचर हुन्छ भने आन्तरिक वा सूक्ष्म

प्रकृतिचाहिँ अगोचर हुन्छ तर सम्पूर्ण सृष्टि यही व्याप्त रहन्छ।[32] त्यसैले पृथ्वी, प्रकृति र पर्यावरणको प्रकार्यगत अर्थ देखिन्छ।

घामका लपलपाउँदा लप्काहरूले जलेर
मेरो यो बाटो छट्पटिरहेछ।
यतिबेला म
यौटा रुखको एक अञ्जुली सियाँल पिएर
शीतल हुन चाहन्छु।
तर खै,
तिमी त्यहाँ जो रुख उभिएथ्यौँ,
आज कहाँ छौ?
टाढा कहीँबाट आइरहेको
न्याहुलको एकोहोरो आवाज मात्र सुनिरहेछु।

(ग्रीष्म यात्रा, पृ ८)

उपर्युक्त कविताशंमा कवितले रुखपात र वन जङ्गलको नाशले विस्तारै लोक संस्कृति र विश्वासहरूमा पनि प्रभाव परिरहेको सङ्केत दिएका छन्। न्याहुलको एकोहोरो आवज प्रकृतिको विलौनाको ध्वनि प्रतीक हो। त्यसैले प्रकृति विनाशले मानिसको लोक संस्कृति र विश्वासमा गहिरो प्रभाव पार्दछ। प्रकृति लेखन सदैव प्रकृतिको पक्षमा बोल्दछ।

मानिस उत्पादकदेखि उपभोक्ताको प्रवृत्तितिर ढल्किँदै गइरहेको छ साथै उसले प्रकृतिको उपयोगसँगै दुरुपयोग पनि गरिरहेको हुनाले यसको सोझो प्रभाव संस्कृति र मानव जीवनमा परिरहेको काल विशेषज्ञ, साहित्यकारहरूले पनि अनुभव गरे। फलतः साहित्यकारहरू प्रकृतिको सुरक्षार्थ प्रकृति लेखनतिर आकर्षित भए। उपभोक्तावादीहरू मान्छेलाई मान्छे मान्दैनन्। प्रकृतिलाई स्रोतमात्र ठानेर त्यसको सुरक्षालाई प्राथमिकता दिँदैनन्। उनीहरू विवशताको तमासालाई प्रचार गर्छन्। कवि यसलाई यसरी प्रस्तुत गर्छन्-

पानी पिएरै पनि छाक टार्नेहरू

[32] कुमारबहादुर जोशी, सन् १९९६, पाश्चात्य साहित्यका प्रमुख वाद, पूर्ववत्, पृ ५

अब पानी पनि नपाई

भोकभोकै मर्न थालेको कथा

समाचारपत्रमा पठाइसकेपछि

बियर डकार्दै निस्के संवाददातहरू रेष्टुराँबाट।

( खडेरीको खबर, पृ ९)

साहित्यमा मात्रै नभएर विज्ञान, राजनीतिशास्त्र, अर्थशास्त्र, दर्शन र समाजशास्त्रमा पनि यो लोकप्रिय हुँदै गइरहेको छ।

परिवेश विमर्श साहित्यको अध्ययनमा सफल हुन सक्छ? भन्ने प्रश्नमा लोरेन्स ब्युल स्वयम्ले सकारात्मक उत्तर दिँदै “परिवेशपरक समालोचना अथवा परिवेश विमर्शले अन्वेषण गर्ने क्षेत्र, काल र सीमा अनन्त छ, त्यसैले यो धेरै हदसम्म सफल रहने छ”[33] भनेका छन्। वास्तवमा पर्यावरण सङ्कटले नै प्रकृति लेखन र परिवेश विमर्शलाई उत्तरआधुनिक युगमा चर्चित बनायो। साहित्यकारहरूले समाज र संस्कृतिमा भइरहेको परिवर्तन वस्तुतः प्रकृतिमाथिको औद्योगिक अतिक्रमण र पर्यावरणको प्रदूषणकै परिणाम हो भन्ने तथ्य आविष्कार गरे अनि त्यस नयाँ चेतनालाई कथा, कविता आदिका रूपमा व्यक्त गर्न थाले। साहित्यालोचकहरूले साहित्यमा प्रकृतिप्रतिको चिन्ता र संरक्षणका सङ्केतहरू देख्न थाले। साहित्यमा आएको यस प्रकारको नौलो चेतना र विकासलाई परिवेश विमर्शकहरूले प्रकृति लेखन भनेका छन्।

कला अनि साहित्यको क्षेत्रमा पर्यावरण सचेतता सँगसँगै मानवीय संस्कृतिलाई एक गराउन परिवेश विमर्शले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। आज भू-पर्यावरण र यसको सङ्कटजनक स्थितिबारे वैज्ञानिक अनुसन्धान गरी साहित्यिक ढङ्गमा व्याख्या वा चर्चा गर्ने नवीन दृष्टिकोणको बिऊँ फुटेको छ। अतः प्रकृति र साहित्यको वैज्ञानिक एवम्, सांस्कृतिक सम्बन्ध र जैवपरिवेशअनुसार गरिने यसको अध्ययनको नौलो सङ्गमले साहित्यमा नौलो सङ्कथनको सिर्जना भएको छ। कला, सौन्दर्य र संस्कृति पनि प्रकृतिबाटै अनुकृत वा निर्मित वस्तु हुन् भन्ने तथ्यको उद्घाटन साहित्यद्वारा गर्ने प्रकृति लेखक साथै परिवेश विमर्शकहरू हुन्।[34]

---

[33] लरेन्स व्यूल, द इकोक्रिटिकल इन्सुरजेन्सी, न्यू लिटेरेरी हिस्ट्री, पृ ६९९

[34] चेरिल गटफेल्टी र हेरोल्ड फर्म, सन् १९९६, इकोक्रिटिसिज्म रिडर, पूर्ववत्, पृ २३०

रेसिल कार्सन आफ्नो चर्चित पुस्तक 'साइलेन्ट स्प्रिङ'-मा प्रकृति र जीवनको सम्बन्ध देखाउँदै लेख्छन् "पृथ्वीमा भएका उद्भिद्, वनस्पति सबै जीवनसँग सम्बन्धित छन्, जुन सम्बन्ध अति नै घनिष्ट र महत्त्वपूर्ण छ। उद्भिद् अनि प्राणीबिचको सम्बन्धले नै सृष्टिको सञ्चार हुँदछ।" उनी अझै लेख्छन् "उद्भिद् अनि जीवको जीवनले पनि सधैँ धरती वा प्रकृतिको आवश्यक तत्त्वहरूको खोजीमा रहन्छन् जसले गर्दा वनस्पति अनि जीवमा एकत्वको भाव रहिरहन्छ। यो नैसर्गिक प्रक्रिया हो। जीव अनि उसका वरिपरी भएको उद्भिद्कै अन्तरक्रिया र अन्तरसम्बन्धले प्रकृतिमा जीवनको इतिहास बनेको हो"।[35] तर पश्चिममा प्रकृतिलाई संस्कृति अनि सभ्यताको विलोम मान्ने अवधारणा पनि देखिन्छ। युनानका प्राचीन दार्शनिक प्लेटोले कलालाई प्रकृतिको अनुकरण माने अनि प्रकृति पनि सत्यको अनुकरण हो सत्य होइन भन्ने विचार प्रस्तुत गरे। पश्चिममा परिवेश विमर्शका अध्येताहरूललाई विज्ञान विरोधी वा सभ्यता विरोधी मान्नेहरू पनि छन् भने कतिपय आलोचकहरू प्रकृति अनि संस्कृतिको अस्तित्व एकै साथ सम्भव छैन भन्ने मान्छन्। यसको विपरीत भारतीय दर्शनमा संस्कृति र प्रकृतिबिच सहअस्तित्वको सम्भवना मात्र नभएर यी दुई एका-अर्काका पूरक हुन् भन्ने दर्शन देखिन्छ। जसरी कृषि प्रकृतिबाट लाभान्वित हुँदछ अथवा जसरी कृषिले प्रकृतिबाट उर्वरा हुने तत्त्व ग्रहण गर्दछ त्यसरी नै प्रकृति र संस्कृतिले पनि मानवको चित्तलाई परिमार्जन गर्दछ।[36]

प्रकृति लेखनमा प्रकृतिलाई दार्शनिक, आध्यात्मिक, सांस्कृतिक, भाषिक र साहित्यिक दृष्टिकोणले अध्ययन चिन्तन गरिन्छ। जर्मन दार्शनिक हान्स जोन्स भन्छन् "हामी प्रकृति अनि हाम्रो सन्ततिका लागि अभिभावक वा संरक्षक भएर रहनुपर्दछ। तिनीहरूका मौलिक अधिकारहरू ध्वस्त भइरहेछन्, किनभने प्रकृति जसरी पहिले आफ्नो स्थानमा निश्चिन्त थियो अब त्यो छैन। प्रकृतिको भविष्यको रक्षा हाम्रो दायित्व हो साथै हामीले मानवीय नैतिकताको विकास गर्नु र हाम्रो नित्य वा दैनिक कर्मले प्रकृतिलाई नकारात्मक प्रभाव नपरोस् भन्ने दायित्व पनि लिनुपर्छ।"[37]

[35] रिसेल कार्सन, सन् १९६२, साइलेन्ट स्प्रिङ, फ्वासेट वर्ल्ड लाइब्रेरी पब्लिकेसन, ग्रनिविच पृ ४२
[36] अनिल कुमार, भारतीय संस्कृति की प्रमुखता,hptt://www.aupsmultimedia.com, 21st April, 2015
[37] पिएच ब्राउडे, द मेन-नेचर रिलेसनसिप एन्ड इन्भायर्न्मेन्टल एथिक्स, hptt://www.elsevier.com, 21st April, 2015

### ५.३ 'ऋतु-क्यान्भसमा रेखाहरू' र सांस्कृतिक पारिस्थितिकी

प्रकृतिमा मानव नै केन्द्रीय शक्ति हो भन्ने धारणको आलोचना गर्दै यो धारणा साहित्यमा देखा परेको हो। परिवेश विमर्शभित्र थुप्रै दृष्टिकोणहरू छन् जसमध्ये 'सांस्कृतिक पारिस्थितिकी' एउटा हो। मानवशास्त्रमा पर्यावरण र संस्कृति अन्तरसम्बन्धित अवधारणाहरू हुन्। समाज विकासको लामो समयमा उत्पन्न पर्यावरणणीय परिस्थिति अनुरूप संस्कृतिको विकास भएको देखिन्छ[38] भन्ने बलराम आचार्यको विचार देखिन्छ।

परिवेश विमर्श धर्म, दर्शन, विज्ञान, साहित्य, सांस्कतिक अध्ययन आदिबाट प्रभावित छ। प्रकृति अनि साहित्यको अध्ययन गर्न उपयोगी लागेका विषयहरू यसले ग्रहण गरेको देखिन्छ। सांस्कृतिक पारस्थितिकीको धारणा यसले मानवशास्त्रबाट ग्रहण गरेको देखिन्छ। सांस्कृतिक पारिस्थितिकीले समाज र संस्कृतिको अध्ययन गर्ने सम्बन्धमा विशेष गरी भौगोलिक प्राकृतिक अवस्थाको संस्कृति माथिको प्रभावका विभिन्न पक्षलाई जोड दिन्छ।[39] 'ऋतु-क्यान्भसमा रेखाहरू'-मा सांस्कृतिक पारिस्थितिकीको संयोजन देखिन्छ। प्रकृतिको अस्वाभाविक परिवर्तनले मानवीय समाज र संस्कृतिमा प्रभाव पर्छ। त्यसैले प्रकृति र संस्कृति एका-अर्कामा परिपूरक भएर रहेको हुन्छन् भन्ने कवि यसरी बताउँछन्-

काँसघारी फुल्नुपर्ने महिना हो यो।
वर्षमा कमसेकम एकचोटि
यो बगरमा पनि
दसैँको मासुभात पाक्नुपर्ने हो
बगरमा तर कुनै चाड आएन।

(शरद्-समाचार, पृ.४३)

मानिस अनि प्रकृतिको सम्बन्धलाई प्रत्यक्ष रूपमा गाँस्ने घटक संस्कृति हो भन्ने तथ्यलाई यस काव्यले प्रस्तुत गरेको छ। साथै सांस्कृतिक विषयहरूद्वारा नै मानिस र प्रकृतिको सम्बन्ध घनिष्ट र नजिकको छ भन्ने कविको विचार देखिन्छ। जसले गर्दा यहाँ प्रकृति संस्कृति अनि जीवनको पारिस्थितिकीय संरचना देखिन्छ।


---

[38] बलराम आचार्य, सन् २००७, सांस्कृतिक मानवशास्त्र तथा समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोण, नेसनल बुक सेन्टर, काठमाडौँ, पृ १८०

[39] बलराम आचार्य, सन् २००७, नेपाली समाज र संस्कृतिको विश्लेषण, सनलाइट पब्लिकेसन, काठमाडौँ, पृ २१२

मानवीय पारिस्थितिकीअन्तर्गत मानव र उनको जीवविज्ञान, संस्कृति र भौतिक पर्यावरणको अध्ययन गरिन्छ। 'मानवीय पारिस्थितिक' एउटा बृहद् पारिभाषिक शब्द अथवा बृहद् विषयक्षेत्र हो। यसअन्तर्गत 'पारिस्थितिकीय मानवशास्त्र' र 'पर्यावरणीय मानवशास्त्र' पर्दछ र मानवीय पारिस्थितिकी विज्ञानीहरू संस्कृति अनि पर्यावरणका विविध पक्षहरूको अध्ययन गर्छन्, जसअन्तर्गत संस्कृतिले किन र कसरी कार्य गर्छ, मानिसले आफ्नो पर्यावरणप्रति कसरी प्रतिक्रिया गर्छ साथै संस्कृतिको माध्यमबाट पर्यावरणीय ज्ञान मानिसले कसरी प्रचार गर्छ आदि देखिन्छन्।

मानवीय पारिस्थितिकी विषयक्षेत्रअन्तर्गत दुईवटा मुख्य प्रविभाजनहरू देखा पर्छन्। पहिलो मानवीय जैविक पारिस्थितिकी, दोस्रो सांस्कृतिक पारिस्थितिकी।




आरेख सङ्ख्या- ४

मानवीय जैविक पारिस्थितिकीअन्तर्गत मानिस अनि पर्यावरणबिचको सम्बन्धको जैविक पक्षद्वारा अध्ययन गरिन्छ। सांस्कृतिक पारिस्थितिकीअन्तर्गत मानिसले पर्यावरणलाई सांस्कृतिक रूपमा कसरी लिन्छन् साथै पर्यावरण र संस्कृतिबिच अन्तरसम्बन्ध कसरी संरचित भएको हुन्छ भन्ने अध्ययन गरिन्छ। संस्कृति र पर्यावरणको अध्ययन केवल प्राज्ञिक रूपमा मात्र नभएर, यो महत्त्वपूर्ण र समकालीन समस्याहरूको अध्ययन पनि हो।

सांस्कृतिक पारिस्थितिकी मानवशास्त्रअन्तर्गत पर्ने विषय हो।[40] मानवशास्त्रमा मानिसको जैविक प्रतिक्रिया, भाषा, धर्म, सामाजिक संरचना, अर्थ, परिवर्तन पद्धति आदिको अध्ययन सँगसँगै मानिस, प्रकृति-पर्यावरण र संस्कृतिको अध्ययन गरिने हुनाले परिवेश विमर्शले सांस्कृतिक पारिस्थितिकीलाई स्वीकर गरेको देखिन्छ। संस्कृति शब्दका अनेकौँ समयमा अनेकौँ व्याख्या भएको अध्ययेताहरू मान्छन्।

[40] मार्क क्यू सटन अनि इ एन एन्डरसन, सन् २०१०, इनट्रोडक्सन टु कल्चरल इकोलजी, अलटामिरा प्रेस, रोमन एन्ड लिटलफिल्ड पब्लिसर, यु.के, पृ ३

रेमन्ड विलियम्सले संस्कृतिको अर्थ बहुल छ, तर संस्कृतिको मूल अर्थ भनेको यसको उर्जावान र गतिशील चरित्रको पहिचान हो भन्ने स्वीकार गरेको अभि सुवेदीले बताएका छन्।[41]

अङ्ग्रेजीमा 'कल्चर' शब्द जटिल र व्यापक छ भन्ने विलियम्सले बताए पछि यसको विविध प्रकारले व्याख्या हुँदै गएको देखिन्छ। रेमन्ड विलियम्सले तीन किसिमका संस्कृति देखाएका छन् – प्रभुत्वशाली, अवशेष र भवितामुखी।[42] संस्कृति अध्ययनका विविध शाखा र धारणाहरू देखिन्छन्। परिवेश विमर्शले अध्ययन गर्ने संस्कृति भन्नाले प्रकृतिप्रतिको सामिप्य भन्ने बुझिन्छ। वर्तमानमा जुन सांस्कृतिक अध्ययनको चर्चा चलिरहेको छ त्यसको सोझो सम्बन्ध बर्मिङ्घम विश्वविद्यालयमा सन् १९६४ मा खुलेको संस्कृति अध्ययन केन्द्रसँग सम्बन्धित छ। त्यहाँका अङ्ग्रेजीका प्राध्यापक रिचर्ड होगार्ट निर्देशक भएको यस केन्द्रले संस्कृतिको अध्ययनमा विभिन्न आयाम र मोडहरू ल्याए। त्यसैले साहित्यका विद्यार्थीका निम्ति यस केन्द्रको महत्त्व यसको साहित्यमुखी अध्ययन पद्धतिमा थियो।

सांस्कृतिक अध्ययनले साहित्यलाई अन्य विषयसँग जोडिदिएको छ।[43] साहित्यलाई पर्यावरण वा पारिस्थितिकी विज्ञानसँग जोडेर अध्ययन गरिने धारणा पनि यसै सांस्कृतिक अध्ययनको एउटा उपज हो। इन्द्रबहादुर राई लेख्छन्- "लौकिक संस्कृति (पपुलर कल्चर) र लोकसंस्कृति (फोक कल्चर)-को भेद स्पष्ट गर्नुपर्छ। लोकसंस्कृति लोकले आफै सिर्जना गरेको संस्कृति हुन्छ, लोकद्वारा स्वतः र स्वभावतः निर्मित। लौकिक संस्कृति लोकको उपभोगको लागि, लोकलाई उपभोक्ता तुल्याउन प्रौद्योगिक उत्पादन समान निर्मित भौतिक तथा अनुभौतिक संस्कृति हुन्छ। सिनेमा, समाचारमाध्यम, तयार खाद्य आदिदेखि लिएर नारी आन्दोलन, शान्तिवाद, पर्यावरण आन्दोलन, वर्गीय सङ्गठनसम्म लौकिक संस्कृतिको विवेचनामा पर्छन्।"[44] वर्तमानमा साहित्य सांस्कृतिक अध्ययनको विषय बनेको हुनाले परिवेश विमर्श पनि सांस्कृतिक अध्ययनको एउटा पक्ष बनेको देखिन्छ, जहाँ प्रकृति, साहित्य, समाज र मानिसको पारिस्थितिकीय अध्ययन हुँदछ। परिवेश विमर्शअन्तर्गत संस्कृतिको कसरी अध्ययन हुन्छ भन्ने विषयलाई यसरी हेर्न सकिन्छ-


---

[41] अभि सुवेदी, सन् २०११, सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, राजेन्द् सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा ) रत्न बृहत् समालोचना (सैद्धान्तिक खण्ड), रत्न पुस्तक भण्डार, काठमाडौँ, पृ १२६-१२७

[42] अभि सुवेदी, सन् २०११, पूर्ववत्, पृ १२९

[43] अभि सुवेदी, सन् २०११, पूर्ववत्, पृ १२७

[44] इन्द्रबहादुर राई, सन् १९९९, परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति, पवन कुमार चामलिङ (सम्पा), निर्माण संस्कृति विशेषाङ्क, वर्ष १९, अङ्क ३४, निर्माण प्रकाशन नाम्ची, पृ ४




आरेख सङ्ख्या- ५

सांस्कृतिक अध्ययनमा संस्कृतिका विविध अर्थगत आयाम र रूपको अध्ययन गरिन्छ जसलाई लौकिक संस्कृति भनेर इन्द्रबहादुर राई मान्छन्। यसअन्तर्गत साहित्य सिद्धान्त पनि वर्तमानमा सांस्कृतिक अध्ययनको क्षेत्रभित्र आइसकेको हुनाले परिवेश विमर्श स्वयं पनि सांस्कृतिक अध्ययनको एउटा अंश बनेको छ। एउटा कोशभित्र विभिन्न कोशिकाहरू भए जस्तै परिवेश विमर्शभित्र विभिन्न उपविषयहरू रहन्छन् र त्यस्तै एउटा उपविषयका रूपमा संस्कृतिको अध्ययन गरिन्छ। यसअन्तर्गत संस्कृतिको अध्ययन विविध अर्थगत रूपमा नगरिएर लोक संस्कृतिका आधारमा गरिन्छ किनभने साहित्य अनि समाज वा मानिसलाई प्रकृतिसँग एकाकार बनाउने घटकका रूपमा लोक संस्कृति नै महत्त्वपूर्ण मानिन्छ।

'ऋतु-क्यान्भसमा रेखाहरू'- मा प्रकृति र जीवनलाई परिपूरक बनाउने कारक लोक संस्कृतिलाई देखाइएको छ भने कविले लौकिक संस्कृतिको माध्यमबाट आधुनिक जीवन र परिर्वतन देखाउन खोजेका छन्। त्यसैले यहाँ लौकिक र लोक दुवै संस्कृतिको चेतना देखिन्छ। कवि लेख्छन्-

यो कार्तिकको कल्पना हो कि
कल्पनाको कार्तिक हो !
तिम्रो व्यस्तताबाट पन्छिएर
अनि व्यग्रतालाई बाकसमै बन्द गरिराखेर
केहीबेर कार्तिकको कविता पिउँदै
यो बस्तीपाखामा हिँडेर

यहाँ जीवन यसघरि जीवनै जीवन छ।

(कार्तिक-२०५६, पृ.५५)

कार्तिकमा गाउँ बस्तीमा हुने लोकपर्व वा उत्सवहरूको उमङ्ग र उत्साहमा जीवन रमाएको हुन्छ। उपभोक्ताको व्यस्तताबाट पन्सिएर लोकमा रमाउनाले नै जीवन सधैँ जीवन बन्दछ। व्यस्तता र व्यग्रता यहाँ उपभोक्तावादी संस्कृतिको प्रतीक छ भने कार्तिकको कविताले लोक जीवन र संस्कृतिकको प्रतीक बनेर जीवनको सन्तुलन बनेको देखिन्छ। त्यसैले जीवनको सन्तुलन कविले प्रकृति र लोक संस्कृतिको सन्तुलनबाट निर्माण हुन्छ भन्ने सङ्केत दिएका छन्। उपभोक्ता संस्कृति पारिस्थितिक सङ्कटको एउटा मुख्य कारण हो। यो भूमण्डलीकरणको उपज हो। यस भूमण्डलीकरण र बजारवादले प्रकृतिसहित सबै विषयलाई उपभोगको वस्तु बनाइदिएको छ। मानिस पनि वस्तुमा परिवर्तन हुँदछ। यस संस्कृतिमा मानिस व्यापरिक मानसिकताले ग्रस्त भएकोछ। मानिसहरू केवल सुख र मनोरञ्जनमा लिप्त छन्। उसमा मानवता र संवेदना साथै सम्बन्ध र नाताको भाव नष्ट हुँदै गइरहेको छ। मानव मूल्यको यो ह्रासले उसलाई अमानवीय बनाउँदै गइरहेको देखिन्छ। कवि उपभोक्तावादी संस्कृतिबारे कवितामा यसरी लेख्छन्-

पानी पिएरै पनि छाक टार्नेहरू

अब पानी पनि नपाई

भोकभोकै मर्न थालेको कथा

समचारपत्रमा पठाइसकेपछि

बियर डकार्दै निस्के संवादाताहरू रेस्टुराँबाट।

(खडेरीको खबर, पृ ९)

समयसँगै जीवनशैली परिवर्तन गरेर मानिसहरू उपभोक्तावादी संस्कृतिको स्वागत गर्छन्। प्रगति र सुशिक्षित व्यवस्थाको नाममा लोकसंस्कृतिलाई बिर्सेर भूमण्डलीकरणको रोगी बन्छन्। कवि यसरी लेख्छन्-

आइसक्रिम खाँदै/केभन्टर्सबाट

चौरस्तातिर गइरहेका केटीहरूको सर्टभित्र

सिजनको चर्को घाम

आङभरि चाराक-चिरिक गर्छ।

फ्रायडीय आँखाहरू जतातातै छन्

तर फ्रायड कतै देखिन्न।

आलो मासु गह्वाउने आँखाहरूको खेती

खुब सप्रेको छ सहरमा।

थाह छैन, मुटुदेखि मस्तिष्कसम्म

कति डिग्री सेल्सियस हुन्छ।

(सिजनको घाम मेरो दार्जिलिङ शहरमा, पृ १२)

के वनजा उपभोक्तावादी संस्कृतिभन्दा लोक संस्कृतिले नै जीवन सुन्दर सरल बनाएको मान्छिन्। उनी लेख्छिन् ग्रामीण प्रकृति, ग्रामीण आचार-विचार, लोक जीवनको धुन, फूल, नदी, पहाड पर्वत, रुख, पशु-पक्षी, लोकगीत, लोककथा हाम्रो जीवनका अभिन्न अङ्ग थिए। यसले नै हामीलाई जिउने प्रेरणा साथै जीवनमा सौन्दर्य दिन्थ्यो। यी सबै नष्ट भए। नयाँ पिँढीका लागि यो मिथक, बुढापाकाका लागि सम्झना मात्र भएर रहेको छ।[45] प्रकृति र संस्कृतिको सम्बन्ध साहित्यमा आरम्भदेखि रहेको देखिन्छ। संस्कृति एउटा यस्तो चिज हो जसलाई लक्षणद्वारा जान्न सकिन्छ तर परिभाषित गर्न सकिँदैन। केही अंशमा यो सभ्यताभन्दा भिन्न गुणको छ।

प्रकृति तत्सम शब्द हो। यसको व्युत्पत्तिमूलक अर्थलाई अध्येताहरूले यस प्रकारले देखाएका छन्- 'प्रक्रियते कार्यादिकम् इति प्रकृतिः' अर्थात् जसद्वारा कार्यादि गरिन्छ त्यही नै प्रकृति हो। अर्को व्युत्पत्तिमूलक अर्थ यसरी देखाएका छन्- 'प्रकर्षेण कार्यादिकं करोति इति प्रकृतिः'[46] अर्थात् प्रकृष्ट ढङ्गले जसले कार्यादि गर्छ त्यही प्रकृति हो। यसप्रकार प्रकृति शब्दको शाब्दिक अर्थ कार्यकर्त्ता भन्ने प्रस्ट हुन्छ।

प्रकृतिलाई अङ्ग्रेजीमा नेचर भनिन्छ। ल्याटिन भाषाबाट अङ्ग्रेजी हुँदै आएको नेचर शब्दको अर्थ एसेन्सियल क्वालिटिज अर्थात् आवश्यक तत्त्व वा गुण भन्ने बुझिन्छ। ल्याटिनमा पनि यो शब्द ग्रिसेली भाषाको फिसिस् शब्दको अनुवाद हो, जसको अर्थ ग्रीक भाषामा वनस्पति, पशु-पक्षी आदिसँगको सम्बन्ध भन्ने बुझिन्छ।[47] कृत्रिमताका विपरीत वास्तविकता नै प्रकृति हो अनि प्रकृतिमा

---

[45] के वानजा, सन् २०११, साहित्य का पारिस्थितिक दर्शन, वाणी प्रकाशन, नयाँ दिल्ली, पृ २८

[46] कुमारबहादुर जोशी, सन् १९९६, देवकोटाका कवितामा प्रकृति, कीर्तिपुर : सरस्वती प्रकाशन, पृ ५

[47] www.nature.org 02/09/2009

निहित हावा, पानी, वातावरण आदिलाई परिवेश वा पर्यावरण भनिन्छ।[48] प्रकृति लेखन सम्पूर्ण प्रकृतिमा केन्द्रित रहन्छ। तर प्रकृति र साहित्य लेखनमा भने संस्कृतिले सेतुको कार्य गर्दछ। वनस्पतिजस्तै लोकसाहित्य पनि धरती वा लोकबाटै उत्पन्न हुने ज्ञानानुशासन भएको हुनाले जीवनको पृष्ठभूमि, प्रतीक आदि लोकसाहित्यमा खोज्न सकिन्छ। लोक जीवनको ज्ञान हजारौँ वर्षको अनुभवमा आधारित हुन्छ तथा एक पिँढीबाट अर्को पिँढीमा अघि बढिरहन्छ। जीवनको प्रत्येक मोढमा एउटा नयाँ घटना र परिस्थितिहरू हुन्छन् ती नयाँ घटना र परिस्थितिहरूले दिएका अनुभवहरूले नै लोकको निर्माण हुँदै जान्छ। लोक ज्ञान तथा अनुभवका तीन क्षेत्र विद्वान्हरूले देखाएका छन् १. प्रकृतिसम्बन्धी ज्ञान २. मानवसम्बन्धी अनुभव ३. व्यवसायसम्बन्धी ज्ञान। प्रकृतिसम्बन्धी ज्ञान लोक साहित्यको एउटा प्रमुख अंश भएको हुनाले लोक साहित्यले प्रकृतिलाई अधिक महत्त्व दिएको छ। त्यसैले प्रकृतिलाई साहित्यमा अध्ययन गर्दा लोक साहित्यको माध्यमद्वारा अध्ययन गर्न सकिन्छ। प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध अनि अन्तरक्रियाको अध्ययन प्रक्रिया नै प्रकृति लेखन हो। प्रकृति र संस्कृति परस्पर अभेद्य छन्।

माइकल रेयन भन्छन्, "प्राचीन मानिसहरूले विभिन्न ठाउँको प्रकृति र पर्यावरणसँग आफूलाई व्यवस्थित पार्दै आफ्नो वंश अघि बढाए। प्रकृतिको जलवायु माटाको गुण, हावा, पानी आदिसँग सम्बन्ध सुधार्दै मानिसले आफ्नो संस्कृति र ती गुणहरूको विकास गर्दै लगे। जहाँ जहाँ मानिसहरू बढ्दै गए त्यहाँको जलवायु पर्यावरण र भू-प्रकृतिसँग मिलेर एउटा छुट्टै संस्कृतिको विकास पनि गर्दै गए। यसरी प्राचीन मानवले प्रकृतिको संसर्गमा आफ्नो संस्कृतिको विकास गरेका हुन्।"[49] माइकल रेयनको यो विचार पश्चिमेली सोचको उपज हो। विभिन्न युरोपेली देशका उपनिवेश बनेका पूर्वीय देशहरू देश स्वतन्त्र भएर पनि सांस्कृतिक र वैचारिक उपनिवेशबाट मुक्त हुन सकेनन्। यद्यपि भारतीय संस्कृति भन्नाले अझै पनि लोक विश्वास, परम्परा अनि संस्कारको अर्थमा हेरिन्छ तर यहाँ पनि ऋतुहरू सँगसँगै जीवनले पनि आफैलाई परिवर्तन गर्दै गएको कवि यसरी देख्छन् जुन कुरा परिवर्तनको पारिस्थितिकी बनेको छ-

वर्षा यहाँ पहिले पहिले
हरिया पातहरू टेक्दै झर्थ्यो
अचेल कङ्क्रिट सिँढीबाट या लिफ्टबाट झर्छ।

[48] अलफ्रेड नर्थ व्हाइटहेड, सन् १९६४, द कन्सेप्ट अव् नेचर, क्यामब्रिज युनिभर्सिटि प्रेस, पृ २
[49] माइकल रेयन, सन् २०१०, कलचरल स्टडिज, युनाइटेट किङडम, पृ१२

त्यो अग्लो डाँडाको रङ्ग उडेको हो कि

भ्रूणहत्याको रगतको टाटा हो!

रुखको तिघ्रा हो कि

सिमेन्टको चिसो खम्बा हो!

कलर-ब्लाइन्ड दार्जिलिङलाई

यी सब कुरा नसोधे हुन्छ।

यस्तो कुराको उसलाई कुनै अर्थ पनि छैन।

(वर्षामा दार्जिलिङ, पृ २१)

प्रकृति र संस्कृति दुई एउटै धुरीका निकाय भए तापनि पनि संस्कृतिलाई अलग्गै परिभाषित गर्ने अध्येताहरूले प्रयास गरेका छन्। नेपाली वृहद् शब्दकोशले संस्कृतिको अर्थ यसरी देखाएको छ, 'कुनै वस्तुलाई परिमार्जन गरेर संस्कृत रूप दिएर चम्किलो, उज्यालो र निखुट बनाउने काम; संस्कार।' निनु चापागाई लेख्छन् "संस्कृति सामाजिक-आर्थिक संरचनाको प्रतिबिम्ब भएको हुँदा यसको परिधि व्यापक छ। मानवजातिले भौतिक र मानसिक श्रमबाट सिर्जना गरेका सबै मूल्यवान वस्तुहरू संस्कृतिभित्र पर्दछन्। उनी अझै लेख्छन्, संस्कृतिको रचयिता मानिस हो र मानिस स्वयं पनि संस्कृतिको रचना हो। संस्कृति मानिससँगै परिष्कृत हुन्छ र मानिसलाई पनि परिष्कार गर्दछ ।"[50]

लक्खीदेवी सुन्दासको विचारमा संस्कृति शब्दले कुनै एउटा सुनिश्चित अर्थको बोध गराउँदैन, न त यसलाई कुनै सठिक परिभाषाअन्तर्गत बाँध्नु नै सम्भव छ। उनी भन्छिन् "संस्कृतिको उद्भव जनसमुदायमा हुन्छ, परस्परका व्यवहार र क्रियाले, एक अर्कालाई प्रभावित गर्दै लैजान्छ।" [51] संस्कृति, आदर्शको अध्ययन हो जसले मानिसको सद्भावपूर्ण आदर्शको विचारलाई वहन गर्दछ, साथै मानवताको सम्पूर्ण पक्षको विकास गर्दै समाजको नैतिकताको विकास पनि गर्दछ। संस्कृतिले मानिसको आन्तरिक अवस्था वा आदर्शलाई प्रस्तुत गर्दै मानवीय व्यक्तित्वको विकास गरी हाम्रो पाशविक प्रवृत्तिसँग भेद देखाउँदछ।[52]

[50] निनु चापागाई, सन् २००२, संस्कृति र सांस्कृतिक रूपान्तरण, विवेक सिर्जनशील प्रकाशन, काठमाडौँ, पृ १

[51] लक्खीदेवी सुन्दास, सन् १९९९, संस्कृति:बद्लिँदो स्वरूप, पवन चामलिङ 'किरण' (सम्पा) निर्माण संस्कृति विशेषाङ, वर्ष १९ अङ्क ३४, निर्मण प्रकाशन नाम्ची सिक्किम, पृ १२७

[52] इन्द्रबहादुर राई, सन् २००२, परिप्रेक्ष्यमा भारतीय नेपाली संस्कृति, पूर्ववत्, पृ २

चूडामणि बन्धु लेख्छन्, "लोकवार्ताको अर्को नाम लोक संस्कृति हो। लोकले आफ्नो पुरानो पुस्ताबाट प्राप्त गरेको र नयाँ पुस्तालाई हस्तान्तरण गर्ने समस्त भौतिक र अभौतिक वस्तुको वर्तमानमा विशेष भूमिका रहन्छ।"[53] प्रकृतिमा मानिसको सृष्टि हुँदा मानिस पाशविक प्रवृत्तिका थिए र पछि बिस्तारै संस्कारित बन्दै गए अनि सभ्यता आरम्भ भयो। यसरी संस्कारित बन्ने प्रक्रियालाई संस्कृति भन्ने परिभाषाहरूले प्रकृति र संस्कृतिलाई अलग व्यवस्था हो कि भन्ने भ्रम सिर्जना गरिदिएको देखिन्छ। तर लोक वार्ताको अर्को नाम लोक संस्कृति हो भन्ने परिभाषाले संस्कृति प्रकृतिकै विस्तार हो भन्ने बुझिन्छ।

एम एम गुरुङ लेख्छन्, "आधुनिक सभ्य कहलाउने संसारलाई हेरेर सभ्यता र संस्कृतिको परिभाषा भन्न गाह्रो हुन्छ। अमेरिका र युरोपीय देशहरू आफूलाई सभ्य भन्छन्। त्यहाँ विज्ञानको प्रगति भइरहेछ अनि प्रकृतिसँग कुश्ती छ। मानिसबाट जन्म लिएको यस छोराले सभ्यताको नाउँ पायो।" उनी अझै लेख्छन्, "पूर्वी देशहरूचाहिँ परम्परादेखि बाँचेको अमर आत्मापछि दगुरिरहेका छन्, जसमा भूतको अस्तित्व छ, वर्तमानको छ अनि भविष्यको पनि रहने छ। त्यो अमर आत्माको संगीतमा परम्परादेखि एउटै धागोमा बाँधिएकाहरूको आँसु छ, हाँसो छ, यही अमर आत्माको नाउँ हो संस्कृति।"[54]

संस्कृतिलाई यस युगमा अनेकौँ ज्ञानानुशासनको दृष्टिकोणद्वारा अध्ययन चिन्तन गरिने हुनाले यसको परिभाषा व्यापक बन्दै गएको देखिन्छ। पश्चिमले प्रकृतिबाट छुट्टिएर परिष्कृत र सभ्य बन्दै जानु संस्कृति भनेको पाइन्छ भने पूर्वीय चिन्तनले प्रकृतिकै संस्कारित रूप संस्कृति मानेको पाइन्छ। परिवेश विमर्शमा प्रकृति र साहित्यको अध्ययन विभिन्न ज्ञानानुशासनका आधारभूमिमा गरिए तापनि यसमा संस्कृतिका महत्त्वपूर्ण पक्षहरूका आधारमा प्रकृति र साहित्यको अध्ययन गरिन्छ। यसले प्रकृति र संस्कृतिको अनन्त सम्बन्धबारे पनि परिचय गराउँदछ।

प्रकृति संवेदनशील विषय हो। यो भाषामा जटिल अर्थयुक्त सङ्केतको रूपमा बसेको देखिन्छ। यसबाट मुख्यतः तीन रूपमा अर्थ प्रस्तुत हुँदछन् पहिलो आवश्यक गुण साथै विशेषताहरूको चित्रण, दोस्रो मानव अनि संसारलाई निर्देश गर्ने अन्तरनिहित शक्ति र तेस्रो आफैमा सम्पूर्ण भौतिक शक्ति जसभित्र मानव पनि पर्दछ।[55]

---

[53] चूडामणि बन्धु, सन् २००१, नेपाली लोकसाहित्य, एकता बुक्स, काठमाडौँ, पृ १७

[54] एम एम गरुङ, १९८०, बिर्सिएको संस्कृति, श्याम ब्रदर्स पब्लिकेसन, दार्जिलिङ, पृ ८

[55] रेमोन्ड विलियम, सन् २००८, नेचर, तिमोथी एस. ओकेस, पेट्रिसिया एल, (सम्पा) प्राइज, द कल्चरल जियोग्राफी रिडर, रूटलेज लन्डन, पृ २०८

'ऋतु-क्यान्भसमा रेखाहरू'-मा कविले सांस्कृतिक परिवर्तनको मूलकारण प्रकृति अथवा पर्यावरणमा भइरहेको परिवर्तनलाई मानेका छन्। उपभोक्तावादी संस्कृतिले लोक संस्कृतिमा व्यापक प्रभाव पार्दै लगेर प्रकृतिमा पनि त्यसको प्रभाव पर्दै गएको देखाउँछन्। कविले प्रकृतिबाट संस्कृति प्रभावित हुँदछ र संस्कृतिबाट प्रकृति प्रभावित हुँदछ भन्ने देखाउन चाहएका छन्। उनी लेख्छन्-

बोधहरू फुलेको अबोध अभिव्यक्ति!
अनि कति निष्काम पनि !!
यी गाउँ-बस्तीमा गर्मीको मौसम
दुई महिने छुट्टीमा आएको लाहुरे जस्तै हुन्छ
तर सहरको त्यो भागदौडको
यान्त्रिक ग्रीष्म जस्तो संवेदनाहीन हुँदैन यो।

(जेठ-२०५७, पृ १६)

सहरले संस्कृतिलाई सभ्यतामा परिभाषित गर्छ, गाउँमा संस्कृति लोकसम्पतिको रूपमा बाँचेको हुन्छ। त्यसैले सहरको भागदौड अथवा त्यहाँ भइरहने द्रुतगतिको परिवर्तनले प्रकृति र संस्कृतिमा प्रभाव परेको हुन्छ। संस्कृति र पर्यावरण दुई अवधारणा एका-अर्कामा सम्बन्धित छन्। प्रकृतिको स्वरूप जलवायु माटो, हावा-पानी, आदि वस्तुहरू छन् जसले मानिसका प्रत्येक कार्यमा प्रत्यक्ष प्रभाव पार्दछ।[56] सांस्कृतिक पारिस्थितिकीले सांस्कृतिक स्वरूप, त्यसको अवस्थिति तथा मानिसको सामाजिक, सांस्कृतिक जीवन प्रक्रियाको पारिस्थितिकीय ढङ्गले अध्ययन गर्दछ। यसको विषयवस्तुलाई यसरी राख्न सकिन्छ-

१. प्राकृतिक एवम् सांस्कृतिक पारिस्थितिकीमाझ अन्तरसम्बन्ध
२. मानवीय संस्कृतिको क्रमिक इतिहास
३. सांस्कृतिक तत्त्वको अध्ययन
४. प्राकृतिक पर्यावरणसँग मानवीय समुदायको सम्बन्धको अध्ययन
५. प्राकृतिक एवम् सांस्कृतिक पारिस्थितिकीको मूल्याङ्कन एवम् सन्तुलन
६. पर्यावरण प्रदूषण र रोकथामबारे सांस्कृतिक रूपमा सचेतता

[56] बलराम आचार्य, सन् २००७, सांस्कृतिक मानवशास्त्र तथा समाजशास्त्रका सैद्धान्तिक दृष्टिकोण, पूर्ववत्, पृ २०४

सांस्कृतिक पारिस्थितिकीको अध्ययनमा यी विषयहरूको विश्लेषण गरिन्छ साथै प्राकृतिक पर्यावरणलाई अनुकूल बनाउनका लागि सांस्कृतिक पारिस्थितिकीको महत्त्वपूर्ण भूमिका हुनाले प्राकृतिक पर्यावरण एवम् मानवीय संस्कृतिको परिवर्तनहरूको कारण अनि विश्लेषण पनि आवश्यक देखिन्छ।[57] 'ऋतु-क्यान्भसमा रेखाहरू'-ले यस विषयमा सङ्केत गरेको देखिन्छ। ऋतुहरू अथवा पर्यावरणको परिवर्तनसँगै संस्कृति पनि परिवर्तन हुँदै जान्छ भन्ने कविले स्वीकार गरेका छन्। सहरीकरण र उपभोक्तावादी संस्कृतिले समय र संस्कृतिमा परिवर्तन ल्याएको कवि यसरी देख्छन्-

सहरमा सिजन स्याउँस्याउँती छ।
थर्ममिटरमा पारा उँभो चढेकोले
होटलका सिँढीहरू पनि
उकालै बग्न व्यस्त छन्।
सिजनको घाम तातिएर चढेको मर्क्युरी
आँखीभौँ उँभो ठेल्दै, अझ उँभो
टाइगरहिल पुग्दा पनि ओर्लिँदैन।

(सिजनको घाम मेरो दार्जिलिङ शहरमा, पृ ११)

सुन्दरता उपभोग गर्ने वस्तु होइन अनुभूत गर्ने विषय हो तर उपभोक्तावाद र बजारवादको बढ्दो गर्मीले सुन्दरताको अपहरण भएको कवि मान्छन्। सांस्कृतिक तत्त्व र सांस्कृतिक कार्यहरू पर्यावरवणबाट सधैँ प्रभावित रहने हुनाले यस काव्यमा ध्वनित व्यङ्ग्यार्थ प्रकृति, संस्कृति र मानव संवेदनाको स्वर नै हो भन्ने बुझिन्छ। 'ऋतु-क्यान्भसमा रेखा' –मा प्रकृति अनि संस्कृतिको तारतम्यलाई देखाउने चेष्टा गरिएको छ। यसमा सुरुदेखि अन्तसम्म कविले ऋतु खोजेका छन्, समय, जीवन, सांस्कृतिक मूल्य र इतिहास खोजेका छन्।

रामछायाँ भएर मर्यादा
वनबास गइसकेको छ
सारा वातावरण घमिलो छ
कतै शोक र फिक्री छ

---

[57] www.culturalecology.org/02/03/2013

चारैतिर असन्तोषको तुवाँलो छ

हो, यस्तै बिरामी बेलामा

मावलीबाट फर्किआएको भरत भएर

वसन्त आएको छ।

(वसन्त (?) आइपुगेको छ, पृ ८३)

मर्यादा छाँया भएर वनवास जानाको तात्पर्य मानवता, प्रकृति र पर्यावरणप्रतिको सद्भावनाको ह्रास हुनु हो। वसन्तमा पनि त्यसैले सारा वातावरण धमिलो भएको कवि देख्छन्। पर्यावरण प्रदूषणले विश्व त्रासित छ, रामको वनवासको घोषणाले भरत जति दुखी थियो उस्तै वसन्तको उत्सव वा सांस्कृतिक पर्वहरू असन्तोषको तुवाँलोजस्तै बनेको कवि मान्छन्। सिद्धान्त अनि सांस्कृतिक पारिस्थितिकीका अवधारणाहरू मुख्य रूपमा पर्यावरणका लागि सांस्कृतिक अनुकुलनको प्रक्रिया सम्झाउन प्रयोग गरिन्छ। संस्कृतिको संरक्षण पर्यावरणको पनि संरक्षण हो। साहित्य वा कलामा संस्कृति र पर्यावरणजस्ता विषयलाई लिएर हेरिने दृष्टिकोण उत्तरआधुनिकतावादको नवनिर्माण हो।

वास्तवमा कला र संस्कृतिको एका-अर्कामा गहिरो सम्बन्ध छ। कला संस्कृतिको प्रवक्ता हुँदछ। कलाकै माध्यमद्वारा संस्कृति हाम्रो जीवनमा अभिव्यक्त हुनपाउँछ। कला, साहित्यले आफ्नो सांस्कृतिक खाँचोलाई लिएर अघि बढ्दछ। यसको अभिव्यक्ति कालको विविध रूप सङ्गीत, नृत्य, चित्र, साहित्य, सिनेमा आदिमा जीवन्त रहन्छ। प्रकृति अनि संस्कृति साहित्य वा कलामा अभिव्यक्ति भएको यस काव्यमा पाइन्छ-

मन उदाङ्गो उघारेर

खेतले आफूलाई अभिव्यक्त गरेको छ

अन्नका अनगिन्ती अक्षरहरूमा

जहाँ घामको निष्कपट मुस्कान

पोखिएर छपछप बसेको छ।

(खेतको घाममा इच्छाहरू केही, पृ ५६)

खेतले आफ्नो उर्वरता शक्ति सदैव मानिसका लागि समर्पित गर्छ। अन्न अथवा परिश्रमका अक्षरहरूमा व्यक्त प्रकृतिको यस शक्तिलाई कलाको सुन्दर उदाहरण मान्न सकिन्छ। मार्क्सवादीहरू भौतिक संस्कृति

वर्गसङ्घर्षबाट अप्रभावित रहँदैन भन्ने मान्छन्। उनीहरू वर्गीय समाजको भौतिक उत्पादनमा वर्गहरूको प्रतिरोधको पनि प्रतिबिम्बित हुन्छ। यसबाट संस्कृतिको सैद्धान्तिक सारको वर्गीय चरित्र निर्धारित हुन्छ। यसरी भौतिक संस्कृति आफैमा वर्गीय प्रकृतिको नभएर पनि त्यो वर्गीय स्वार्थबाट पूर्णतया प्रभावित हुन्छ र सञ्चालित हुन्छ भन्ने मार्क्सवादीहरू मान्छन्।[58] भौतिक संस्कृति र आत्मिक संस्कृतिको भेद गर्दै निनु चापागाईले भौतिक संस्कृतिलाई सभ्यताकै अर्थमा प्रयोग गरेका छन् भने आत्मिक संस्कृतिलाई संस्कारको अर्थ दिएका छन्।[59]

भौतिक संस्कृतिलाई उपभोक्तावादी संस्कृति नै भन्न सकिन्छ। कवि मनप्रसाद सुब्बाले यस सङ्ग्रहमा वर्गसङ्घर्षको उल्लेख गरेका छन्। उनको यस सङ्ग्रहअन्तर्गत 'ग्रीष्मका गीतहरू'-भित्रका कविताहरू भौतिक संस्कृतिको उदाहरण पाइन्छन्। सांस्कृतिक पारिस्थितिकीका अध्येताहरू प्राकृतिक स्रोतलाई मानिसहरूले कसरी प्रयोग गर्छन् भन्ने विषयको सूक्ष्म अध्ययन गर्छन्। विश्वका विभिन्न क्षेत्र अनि देशका मानिसहरूले प्राकृतिका स्रोत, माटो, पानी, पशु-पक्षी, वनस्पति आदि आफ्नै संस्कृतिअनुसार ग्रहण गर्छन्।[60] त्यसैले लौकिक संस्कृतिले भन्दा मानिसलाई लोक संस्कृतिले नै प्रकृतिको नजिकमा पुऱ्याएको हुन्छ।

रेमन्ड विलियम्सले संस्कृतिलाई मुख्यतः तीन स्तरमा राखेर परिभाषित गर्न सकिन्छ भनेका छन्। पहिलो आदर्श, दोस्रो वृत्तचित्र अथवा दस्तावेज, तेस्रो सामाजिक। संस्कृतिलाई आदर्शको रूपमा परिभाषित गर्ने क्रममा संस्कृति मानिसको जीवनलाई पूर्णता दिने कार्य हो साथै यो सार्वभौमिक मूल्य र सत्यको रूप हो भन्ने बुझिन्छ। वृत्तचित्र अथवा दस्तावेजको अर्थ लिएर संस्कृतिलाई परिभाषित गर्ने क्रममा संस्कृति बौद्धिक र काल्पनागत कार्यको स्तम्भ हो साथै विस्तृत मार्ग, मानव विचार, बौद्धिकता वा विविध अनुभवको स्थायी रूपको संरक्षण हो भन्ने देखिन्छ। संस्कृतिलाई सामाजिक अर्थमा परिभाषित गर्दा संस्कृति जीवनको एउटा निश्चित मार्गको व्याख्या हो भन्ने बुझिन्छ। यस परिभाषाले जीवनको अर्थ वा मूल्य साहित्य वा कलामा मात्र नभएर विभिन्न सङ्घ संस्था र सामान्य व्यवहारमा पनि प्रकट हुँदछ भन्ने बुझाउँदछ। [61] सांस्कृतिक पारिस्थितिकीका तत्त्वका रूपमा यी विषयहरूलाई यसरी हेर्न सकिन्छ-

[58] निनु चापागाई, सन् २००७, संस्कृति र सांस्कृतिक रूपान्तरण, पूर्ववत्, पृ १०८

[59] निनु चापागई, सन् २००७, संस्कृति र सांस्कृतिक रूपान्तरण , पूर्ववत्, पृ १०२

[60] मार्क क्यू सटन अनि इ एन एन्ड्रसन, सन् २०१०, इनट्रोडक्सन टु कल्चरल इकोलजी, पूर्ववत्, पृ ११५

[61] रेमन्ड विलियम, सन् १९९८, कल्चरल एनालाइसिस, जोन स्टोरी (सम्पा), कल्चरल थियोरी एन्ड पपुलर कल्चर ए रिडर, यूनिर्भसिटी अव् जर्जिया प्रेस, एथेन्स, पृ ४८

१. सांस्कृतिक क्षेत्रको सङ्कल्पना

२. सांस्कृतिक प्रसारको सङ्कल्पना

३. सांस्कृतिक पारिस्थितिकी सङ्कल्पना

४. सांस्कृतिक अन्तरसम्बन्धको सङ्कल्पना

५. सांस्कृतिक ऐतिहासिक पद्धतिको सङ्कल्पना

'ऋतु-क्यान्भसमा रेखाहरू'-मा यी सङ्कल्पनालाई केन्द्र विन्दु बनाइएको देखिन्छ। यस सङ्ग्रहमा कविले आफू वरिपरीका अथवा आफ्नै गाउँ ठाउँमा देखेका चिनेका जानेका रुखपात, चरा चुरुङ्गी आदिको प्रयोग गरेर सांस्कृतिक क्षेत्रको परिचय दिएका छन्।

व्यक्तिको परिचय उसको संस्कृति हो, यो उसले आफ्नो परिवेश वा पर्यावरणबाट नैसर्गिक रूपमा प्राप्त गर्दछ। ऊ विश्वको कुनै कुनामा गए तापनि आफूलाई अरूभन्दा भिन्न यही संस्कृतिले बनाउँदछ। आफ्नो खोपीबाट बाहिर गएर उसले आफ्नो संस्कृतिको प्रचार प्रसार पनि गर्दछ। त्यसमा आफ्नो पर्यावरण र परिवेशको झलक देखिन्छ। कविले यस सङ्ग्रहमा यी विषयहरूको ध्यान राखेको देखिन्छ। अचेतन रूपमा भए तापनि यस सङ्ग्रहले सांस्कृतिक प्रसारको सङ्कल्पनालाई देखाएको छ। 'हिउँदे चिठ्ठी एक कश्मिरी साथीको' शीर्षक कवितामा कश्मिरी साथीले आफ्नो ठाउँको परिवेश त्यहाँको वातावरणको खबर कविलाई पठाएको प्रसङ्ग छ। यस कवितामा कश्मिरी संस्कृतिको झलक पनि देखिन्छ। कवि लेख्छन्-

प्यारा दोस्त,

आदाब ! नमस्ते !

तिम्रो चिठ्ठीमा तिमीले सवाल गरे अनुसार

म आज

कश्मिरको ठन्डा आजहरू बारे लेख्दैछु

यहाँको हिजोहरू त

बूढाहरूको थोते मुखभित्र कहानी भइसक्यो

दिन हरदर एकै किसिमको छ यहाँ

वर्फिली हवाको घुसपैठबीच


हमेशा ठकठक

हरदम शोकग्रस्त।

(हिँउदे चिठ्ठी एक कश्मिरी साथीको, पृ ७०)

कविले यस कविताशंमा सम्पूर्ण कश्मिर, त्यहाँको भाषा, संस्कृति, परिवेशलाई कलात्मक रूपमा प्रस्तुत गरेका छन्। कविताको बिम्बले कश्मिरको सुन्दर दृश्य र आतङ्कवादी घटनाहरूले शोकग्रस्त गाउँहरूको चित्र प्रस्तुत गरेको छ। यसैले यो सांस्कृतिक प्रसारको सुन्दर उदाहरण मान्न सकिन्छ। लोकसंस्कृतिले पर्यावरण र पारिस्थितिकीमा प्रभाव पारेको हुन्छ।

व्यक्तिले संस्कृति र पर्यावरण दुवै निकायलाई सँगसँगै लिएर जीवन बिताइरहेको हुन्छ। त्यसैले यी दुईको एका-अर्कामा अन्तरसम्बन्ध रहेको पारिस्थितिकी विज्ञानिहरू मान्छन्। यी दुवै निकाय एका-अर्कासँग अन्तरसम्बन्धित भएका हुनाले एका-अर्कामा प्रभावित पनि पारिरहने हुन्छ जसको प्रभाव व्यक्तिको व्यावहारिक जीवनमा पनि पर्दछ। त्यस्तै प्रकारले व्यक्तिको व्यावहारिक क्रिया कलापद्वारा अथवा प्रकृति विरूद्धका कार्यहरूले पर्यावरण र संस्कृतिमा पनि प्रभाव पारिरहेको हुन्छ। त्यसैले प्रकृति, संस्कृति र जीवनका प्राण तन्तुहरू एका-अर्कामा जोडिएका हुन्छन् जसलाई साहित्यले कलात्मक रूपमा प्रस्तुत गर्दछ। परिवेश विमर्श अथवा प्रकृति लेखनमा यी विषयलाई महत्त्वपूर्ण मानिन्छ। सांस्कृतिक पारिस्थितिकीलाई यस प्रकारले बुझ्न सकिन्छ-




आरेख सङ्ख्या-६

प्रकृतिकै वरिपरि यी विषयहरू घुमिरहेका हुन्छन्। कविले आफ्नो काव्यमा यसलाई यसरी देखाउँछन्-

सुन्तलाको बोट बोटमा

घामका बच्चाहरू तुर्लुङ तुर्लुङ छन्।

सूर्य-सपना फक्रेको छ

सयपत्रीका थुङ्गाहरूमा।

एकान्त पाखाको लालुपाते पनि

बैँसको रक्तिम मुस्कानसित

कसैलाई निम्त्याइरहन्छ।

आकाश अवाक बनेर

धरतीलाई हेरिरहन्छ।

(कार्त्तिक-२०५६, पृ ५५)

कार्त्तिकमा प्रकृति र संस्कृतिको आनन्दमय मिलन हुन्छ। ऋतुले पनि दुख र सुखको सीमालाई थिचिदिएको हुन्छ। कविले यहाँ कलात्मक रूपमा संस्कृति र प्रकृतिको संयोजनलाई देखाएका छन्।

प्रकृति र संस्कृतिको सुरुदेखि नै गहिरो सम्बन्ध रहेको देखिन्छ तथापि प्रकृति र मान्छे अथवा संस्कृतिलाई अलग गरेर हेर्ने दृष्टिकोण पनि पुरानै हो। बाइबलमा यसको उदाहरण पाइन्छ भनेर लेन व्हाइट जुनियरले आफ्नो विवादास्पद लेख 'द हिस्टोरिकल रुट अव् आवर इकोलजिकल क्राइसिस' [62] –मा उत्पतिको वचनलाई लिएका छन्। बाइबलमा यसरी लेखिएको पाइन्छ- "फेरि परमेश्वरेले भन्नुभयो, मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔँ। तिनीहरूले समुद्रका माछाहरू, आकाशका पक्षीहरू, पाल्तु-पशुहरू र जमीनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून।"[63] यस वचनले पृथ्वीमा मानिसले आफ्नो आधिकार गरून भन्ने बुझाएको छ। यसैलाई आधार मानेर मान्छेले प्रकृतिमाथि शोषण गरिरहेको लेन व्हाइट जुनियरले पनि लेखेका छन्।

पूर्वीय संस्कारमा प्रकृति र संस्कृतिको सुरुदेखि आन्तरिक सम्बन्ध रहेको पाइन्छ। ऋग्वेदको पहिलो मण्डलदेखि नै अग्नि, इन्द्र, वरुण, वायु आदि देवताका आह्वान गरिएको देखिन्छ। यी प्राकृतिक शक्तिहरू हुन् जसलाई पञ्चतत्त्व पनि भनिन्छ। प्रकृति जड अनि चेतन दुवै रूपमा अवस्थित हुँदछ। भैरव

[62] चेरिल गट्फेल्टी र हेरोल्ड फोर्म (सम्पा), सन् १९९६, दि इकोक्रिटिसिज्म रिडर, पूवर्वत्, पृ ३

[63] पवित्र बाइबल, बाइबल सोसाइटी अव् इन्डिया, बेङ्गलोर, पृ३

अर्याल लेख्छन्- "प्रकृतिको व्यापक अध्ययन गर्न गाह्रो छ, भौतिक प्रकृति भनेर यहाँ प्रकृतिको सानो अंशको अध्ययन गरिएको बुझ्न सकिन्छ। दृश्य रूपमा देखिने तत्त्वमात्र प्रकृति हो भने त्यसलाई दृश्यमा ल्याउने मूलतत्त्वलाई चाहिँ के भन्ने? प्रकृतिमा निहित सर्जनशीलता र सचेतनात्मक भावलाई घटाइदिँदा प्रकृति ढुङ्गा मूढाभन्दा बढी के बाँकी रहला?" उनी अझै लेख्छन् "त्यसैले प्रकृति जीवन जगत्को प्रत्यक्ष-रूप र अप्रत्यक्ष भावको सङ्गम हो। यसो भन्दा रुखपात मात्र प्रकृति होइन, त्यस रुखपातभित्र निहित विकासशीलता पनि प्रकृति हो।" [64] ऋग्वेदको पहिलो मण्डलको सूक्त १ को देवता अग्नि हुन्। उनलाई यसरी आवहान गरिएको छ-

ॐ अग्निमीडे पुरोहितं यज्ञस्य देवमृत्विजम्। होतारं रत्नधातमम्।।

तिलकप्रसाद लुइटेल यसको अर्थ यसरी गर्छन् 'हामी विश्वामित्र आदि ऋषिहरू अग्नि स्तुति गर्दछौँ। यज्ञ भनेको पुरोहितहरूले गर्ने कल्याणकारी कार्य हो। हाम्रा यज्ञमा अग्नि देव आऊन्। यज्ञमा सहयोग गर्नका लागि देवताहरूलाई अग्निले बोलाऊन्। ऋत्विक्हरू समयअनुसार यज्ञ गर्न लागेका छन्। होताहरू यज्ञमा आहुति चढाउँछन्। ऋत्विक्हरू अग्निलाई बोलाउँछन्। देवताहरूका लागि गर्न लागिएको यज्ञलाई अग्निले रत्नरूपी फलले सजाउँछन्।'[65]

यज्ञ संस्कृति हो, यज्ञ कर्म हो। कर्म गर्नाले नै मानव जीवनले निरन्तरता प्राप्त गर्दछ। यस कर्म वा यज्ञमा प्राकृतिक शक्ति वा तत्त्वहरूको आवश्यकता पर्दछ। प्रकृतिका पाँच तत्त्वको संयोजन र सन्तुलन नभइ कुनै पनि कार्य पूर्ण हुन सक्तैन त्यसैले प्रकृतिको सन्तुलनले नै संस्कृति पनि सन्तुलित रहेको हुँदछ। यी दुवै एका-अर्कामाथि निर्भर रहेका हुन्छन् र पारिस्थितिकीय प्रणालीमा घुमेर जीवनलाई निरन्तरता दिइरहन्छ। सांस्कृतिक पारिस्थितिकी अथवा प्रकृति र संस्कृतिको अन्तरसम्बन्ध र जीवनको निरन्तरतालाई कविले यसरी देखाएका छन्-

हजारौँ फूलमा फुटिनिस्केको
त्यो चुनैतीपूर्ण कोमलता
मेरो जीउभरि पनि कोपिलाउन खोज्दैछ।
घामको ग्लेसियर बगिरहेको पाखामा
हिँड्नै हरेस खाइरहेथेँ

---

[64] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, पृ ५-९

[65] तिलकप्रसाद लुइटेल (अनु), सन् २००६, ऋग्वेद, विद्यार्थी पुस्तक भण्डार, काठमाडौँ, पृ १

तर अब फेरि

जुत्तामा यात्राको लेस कस्दैछु...

तराइका मेरा एक साथी भन्छन् :

यसबेला मधेसतिर कृष्ण चूडा अचम्मै फुल्छ

त्यै कृष्ण चूडाका फूलहरू हेर्दै

जस्तै गर्मी पनि थाप्लामा थापेर

हिँडिरहने साहस हुन्छ।

(ग्रीष्म यात्रा : २, पृ १४)

संस्कृति समूहगत प्रकार्य वा संस्कार हो। त्यसैले व्यक्तिको संस्कृति भनेको उसको पछाडि उभिएका समस्त समूहको साझा सम्पति हो। चूडामणि बन्धुले लोक वार्ता लोक संस्कृतिकको अर्को नाम हो भनेका छन्। उनी भन्छन्, लोकले आफ्नो पुरानो पुस्ताबाट प्राप्त गरेको र नयाँ पुस्तालाई हस्तान्तरण गर्न समस्त भौतिक र अभौतिक वस्तुको  वर्तमान विशेष भूमिका रहन्छ।[66] लोक वार्तामा ऐतिहासिक-भौगोलिक अध्ययन पद्धितको प्रारम्भ फिनल्यान्डबाट जुलियस क्रोह्नले गरे। यसअन्तर्गत लोक वार्ताका भौगोलिक रूपहरूको अध्ययन गरेर तिनका आधारमा ऐतिहासिक विकास प्रक्रियाको अध्ययन गर्न सकिन्छ भन्ने मान्यता थियो।[67]

सांस्कृतिक ऐतिहासिक सङ्कल्पनाले पनि प्रकृति, संस्कृति र मानिसको संरचानाको अध्ययन गर्दै उत्पत्तिदेखि यी विषयहरू एका-अर्कामा कसरी अन्तरसम्बन्धित रहेका थिए भन्ने ऐतिहासिक क्रमको अध्ययन गर्छ। कवि सुब्बाले ‘ऋतु क्यान्भसमा रेखाहरू’-मा मानिसले प्रकृतिसँग हातेमालो गरेर आफ्नो संस्कृतिको निर्माण अक्षरभन्दा अघाडिको युगदेखि गरेको हो भन्ने मानेका छन्। पिरामिड युगभन्दा पहिलेदेखि नै मानिसले प्रकृतिसँग बाँच्नुको सङ्घर्ष गरेर जीवनलाई निरन्तरता दिएको कवि मान्छन्। उनी लेख्छन्-

पिरामिड युगभन्दा पहिलेदेखिन् नै

लडिरहेका हुन् ती

कहिले टुङ्गिने नसकेको त्यो युद्ध

[66] चूडामणि बन्धु, सन् २००१, नेपाली लोकसाहित्य, पूर्ववत्, पृ१७

[67] चूडामणि बन्धु, सन् २००१, नेपाली लोकसाहित्य, पूर्ववत्, पृ६४-६५

आफ्नै भुँडीको ओडारबाट निस्केको भोको सिंहसित।

.........

अक्षरहरूभन्दा युगौँ पहिलेदेखिन् नै

ओर्लिरहेका हुन् ती

आफ्नै हत्केलाको पातबाट

अनि आफ्नै आँखाको डिलबाट।

(ग्रीष्मका योद्धाहरू, पृ २-३)

नृविज्ञानमा संस्कृति शब्दको प्रयोग व्यापक अर्थमा भएको देखिन्छ। मानव जातिको समस्त सामाजिक सम्मान र सम्पूर्ण सृष्टि नै संस्कृति हो। नृविज्ञानले मानवद्वारा निर्मित कृत्रिम जगत्लाई संस्कृति भनेको पाइन्छ। यो कृत्रिम जगत् सिर्जना गर्ने क्रममा संस्कृतिअन्तर्गत आन्तिरक रूपमा विचार, भावना, मूल्य, विश्वास, मान्यता, चेतना, भाषा, ज्ञान, कर्म, धर्म आदि अमूर्त विषयहरू समावेश भएका हुन्छन्। वाह्य रूपमा विज्ञान अनि श्रमद्वारा निर्मित भौतिक जीवनलाई सुविधाजनक बनाउने सम्पूर्ण विषयहरू समावेश भएको पाइन्छ।

अतः नृविज्ञानले संस्कृतिको अमूर्त स्वरूपलाई आध्यात्मिक संस्कृति र मूर्त संस्कृतिलाई भौतिक संस्कृति भनेर परिभाषित गरेको पाइन्छ।[68] एडवर्ड सइद पर्यावरणको संरचना नै सांस्कृतिक शक्तिको विकास हो[69] भन्नेमा विश्वास गर्छन्। आधुनिक युगले दिएको संस्कृतिको व्याख्यामा साहित्यलाई पनि सांस्कृतिक उपकरमका रूपमा हेरिन्छ तर सांस्कृतिक पारिस्थितिकीको अवधारणा प्रस्तुत गर्दा भौतिक संस्कृतिलाई लोक संस्कृति विपरीत मान्न सकिन्छ। बजारवादले लोक संस्कृति र प्रकृतिको व्यापक क्षति गर्दै आइरहेको देखिन्छ। कविले यस सङ्ग्रहको अन्तिम कविता ‘एक जोडी गौँथली मेरा’-मा यही विषयको सङ्केत गरेको बुझिन्छ। कवि भन्छन्-

मेरा आँखाका नानीहरूलाई

उत्साहको एक जोडी गौँथली बनाई

उडाइपठाएको छु आकाशमा

कतै तिम्रो घरको सिलिङमा एक छेउ

[68] www.sahityakunj.net/31/04./2014

[69] चेरिल गटफेल्टी र हेरोल्ड फर्म, सन् १९९६, दि इकोक्रिटिसिज्म रिडर, पूर्ववत्, पृ xxviii

गुड लाउने ठाउँ तिनीहरूले रोजेछन् भने

मलाई विश्वास छ

तिमीले धपाउने छैनौँ।

(एक जोडी गौँथली मेरा, पृ ९९)

पश्चिमभन्दा पूर्वमा संस्कृतिको अलग धाराणा रहेको हुनाले पूर्वमा सभ्यता वा भौतिक संस्कृतिभन्दा लोक संस्कृति र प्रकृतिको सामिप्यको संस्कृतिलाई स्वीकार गरिन्छ। भारतीय संस्कृतिको अवधारणामा धर्म, परम्परा, लोक, धर्म, इतिहास र प्रकृतिकै परिप्रेक्ष्यको अध्ययन गरिन्छ। त्यसैले पारिस्थितिकीय संस्कृतिको अवधारणामा संस्कृतिले पारिस्थितिकीलाई कसरी हेर्छ भन्ने प्रश्नको ठुलो उत्तर पूर्वीय संस्कृतिमा नै पाइन्छ, जसलाई कविले सुन्दर रूपमा प्रस्तुत गरेका छन्।

## ५.४ 'ऋतु-क्यान्भसमा रेखाहरू' काव्य र पर्यावरणीय नारीवाद

मनप्रसाद सुब्बाको 'ऋतु-क्यान्भसमा रेखाहरू' काव्यमा नारी अनि प्रकृतिलाई समान रूपमा प्रस्तुत गरिएको देखिन्छ। त्यसैले यस सङ्ग्रहमा परिवेश नारीवादका तथ्यहरूको विश्लेषण औचित्यपूर्ण देखिन्छ। नारी अनि प्रकृतिलाई परापूर्वकालदेखि नै एका-अर्काको पर्यायका रूपमा हेरिँदै आएको छ। वैदिक महर्षिहरूले वेद्, पुराणमा प्रकृतिलाई माता भनेर सम्बोधन गरेका छन्। प्रकृतिका तीन गुण सत, रज अनि तमका प्रतीकात्मक रूप ब्रह्मा, विष्णु मानिएका छन्। यिनीहरू आफैमा कार्यशील हुनका लागि आफ्नो शक्ति तीन देवीहरूबाट प्राप्त गर्छन्, स्वरस्वती, लक्ष्मी अनि काली।

पुराणका कथाहरूले प्रकृतिको सृष्टि, पालन र संहारको दायित्व यी शक्तिहरूमा रहेको देखाएका छन्। त्यसैले प्रकृति अनि पुरुष अथवा नर अनि नारीको सन्तुलनबाट नै सृष्टिचक्र चल्दछ। पुराण, उपनिषद् आदि ग्रन्थहरूका आरम्भ गर्दा सदैव सिर्जनाको बन्दना गरिन्छ। मङ्गलाचरण गरेर सृष्टि वा सिर्जनाको शक्ति स्रोत स्वरस्वतीलाई स्मरण गरिन्छ।

नारयणं नमस्कृत्य नरं चैव नरोत्तमम्।।

देवी स्वरस्वती चैव ततो जयमुदीरयेत्।। [70]

[70] कूर्मपूराण्, प्रथमोऽध्याय, गोरखपूर प्रेस, पृ १

अर्थात्, नारायण जो  नरहरूमा उत्तम नर हुन् तथा देवी स्वरस्वतीलाई प्रथम नमन गरी यो ग्रन्थ आरम्भ गर्दछु। पूर्वीय भूमिमा नारीको स्थान उच्च छ। सदैव नारीलाई पूज्य मानिएको छ, यद्यपि गार्गी, सीता, सुपर्णखा, अहिल्या, द्रौपदी आदिका कथाहरूले नारी शोषण र अत्याचारको सङ्केत भने दिएकै छन्।

आधुनिक विश्वमा पनि नारीहरू पितृसत्तात्मक समाजदेखि शोषित भएका र त्यसका विरुद्ध आवाजहरू उठेका देखिन्छन्। त्यसैले आज आएर नारी (महिला, स्त्री वा आइमाई) जीवनका बारेमा नारी हितकै कोणबाट नारीकै केन्द्रीयतामा गरिने चिन्तन नै नारीवादा हो[71] भन्ने विचार अघाडि आएको छ। विश्वमा नारीहरूको शोषण र दमनकै फलस्वरूप नारीवादी स्वरहरू उठेको इतिहास पाइन्छ। पूर्वीय भूमिले सदैव नारीहरूको सम्मान गरे तापनि पितृसत्तात्मक विचारले त्यसलाई धमिलाइदियो। वर्तमान भारत वा अन्य पूर्वीय देशहरूमा पनि नारीस्वर तीव्र रूपमा उठेको पाइन्छ। राजनैतिक, सामाजिक अनि साहित्यिक भूमिमा नारीवादले ठुलो स्थान पक्रिसकेको छ। कृष्ण गौतम लेख्छन् “स्त्रीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक, सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्रीजातिको पक्षबाट बोल्दछ, यसमा ती विचार, विश्वास आस्था र आन्दोलनहरू पर्छन्, जसबाट नारीको हितको विकास सघाउ पुग्छ भन्ने ठानिन्छ।”[72] सिमोन दि बुभोको सन् १९४४ मा प्रकाशित ‘पुस्तक द सेकेन्ड सेक्स’-बाट पाश्चात्य नारी चिन्तनको परम्परामा नयाँ मोड आएको मानिन्छ तर यसभन्दा अघिदेखि नै नारी चिन्तनका कुराहरू भइरहेको अध्येताहरू बताउँछन्।[73] नारीवाद कहिले सुरु भयो भन्ने विषयमा धेरै मतभेद छन् तर नारीवादी स्वरका तीन धारालाई देखाइएको पाइन्छ।

पहिलो धारा- १५ औँ शताब्दिदेखि नै नारीहरूले आफ्नो अधिकार खोज्दै आएका हुन्। तर नारीवादी  चिन्तनचाहिँ १९ औँ शताब्दिको अन्त र बीसौँ शताब्दिको सुरुदेखि भएको हो। यसलाई नारीवादी चिन्तनको पहिलो धारा भनिन्छ। उत्तर अमेरिकाका नारीहरूले आफ्नो अधिकार र केही कानुनी मान्यता पाए जसअन्तर्गत आफ्नो सन्तानका लागि बोल्न सक्ने, सम्पतिमा नारीको पनि अधिकार हुने आदि थिए। कतिपय नारीहरूले सन् १९१७ र १९२० बिच मतदान गर्ने आधिकार पनि पाएपछि नारीवादी चिन्तनको पहिलो धारा समाप्त भएको मानिन्छ तर क्यानडाका कतिपय नारीहरूले सन् १९७० सम्म पनि मतदान गर्ने अधिकार पाएका थिएनन्।

[71] सुधा त्रिपाठी, सन् २०१३, नेपाली नारीवादी समालोचना, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, पृ १५

[72] कृष्ण गौतम, सन् २००२, आधुनिक आलोचन अनेक रूप अनेक पठन, साझा प्रकाशन, काठमाडौँ, पृ ३४४

[73] सुधा त्रिपाठी, सन् २०१३, नेपाली नारीवादी समालोचना, पूर्ववत् पृ १६

नारीवादी चिन्तनको दोस्रो धारा सन् १९६०-७०-को दशकलाई मानिन्छ। यस धारामा नारीहरूले सामाजिक असमानता साथै कार्यलयतिर नारी पुरुषबिच हुने भेदभाव, वेतनको असमानता, घरेलु हिंसा, यौन शोषण आदिका विरुद्धमा आवाज उठाए। सन् १९८८ मा क्यानाडाको उच्च न्यायालयले यी विषयहरूको रोकथाम हुनुपर्छ भन्ने कानुनी घोषणा गर्यो। यस समयलाई नारीवादी चिन्तनको दोस्रो धारा मानिन्छ। सन् १९८० को दशकसम्म नारीहरूले केही महत्त्वपूर्ण अधिकारहरू पाइसकेको देखिन्छ तर सामाजिक समानता अझ सपना नै थियो। त्यसैले नारीवादी चिन्तनको तेस्रो धारामा जाति र वर्ग मूल विषय बनेर आयो। आजसम्म पनि यो विचार धारा तीव्र बनेर आइरहेको छ। नारीवादी चिन्तनको यस समसामयिक धारालाई तेस्रो धारा भनिन्छ।[74]

नारीवाद त्यो सिद्धान्त हो जसले नारी अनि पुरुष राजनैतिक, आर्थिक, सामजिक स्तरमा समान हुनुपर्छ भन्ने मान्छ। यसलाई कति अध्येताहरूले आभ्यान्तरिक नारीवादी सिद्धान्त पनि भनेका छन्।[75] नारीवादले वास्तविक रूपमा नारी पुरुषभन्दा अलग हो भन्ने मान्दैन यसले नारी र पुरुष समान हो भन्ने मान्छ तर नारीवादी चिन्तन विभिन्न रूपले अघि बढेको हुनाले यसको विविध व्याख्या हुँदै गएको हो। नारी शरीरमा, नारी भावनामा, नारीका अव्यक्त वृत्तिहरूमा तिनीहरूका परिधानमा, शृङ्गारमा, गहनामा, हिँडाइ, बसाई र आचरणमा सासू-ससुराहरूसित, नन्द आमाजूहरूसित, देवर जेठाजुहरूसित छोरा छोरी, इष्ट मित्र र छिमेकीहरूसित गर्ने व्यवहारमा नारी सर्जकहरूले सचेतता राखेका छन्।

पुरुषको भाषा प्रतीकात्मक हुन्छ तर स्त्रीको भाषा साङ्केतिक हुन्छ भन्ने विचार कृष्ण गौतमले युलिया क्रिस्तेवाको सन्दर्भ लिएर राखेका छन्।[76] नारीवादीको अध्ययन गर्ने विविध दृष्टिकोणहरू छन्। अध्येताहरूले नारीवादी चिन्तनलाई विभिन्न अर्थ अनि व्याख्याको आधारमा यसलाई अघि बढाएका छन्। सांस्कृतिक नारीवाद, उग्र नारीवाद, भौतिक नारीवाद, मध्यमार्गी नारीवाद, अमाजन फेमिनिज्म, इकोफेमिनिज्म आदि। प्रकृतिलाई अध्ययन गर्ने जति दृष्टिकोणहरू छन् उति नै नारीलाई अध्ययन गर्ने मार्गहरू छन्। त्यसैले प्रकृति अनि नारीलाई अध्ययन गर्ने आजको दृष्टिकोणलाई परिवेश नारीवाद अथवा इकोफेमिनिज्म भनिन्छ। नारीवादी चिन्तन धारामा पर्यावरणीय नारीवाद अथवा इकोफेमिनिज्मको चिन्तन सन् १९७०-८०को दशकदेखि सुरु भएको हो।

---

[74] ky/jscope343/9/7/2010

[75] http://www.amazoncastle.com/feminism/ecocult.shtml Accessed: April 28, 2004

[76] कृष्ण गौतम, सन् २००३, वर्तमान नेपाली साहित्यमा नारी लेखन : उत्तरआधुनिक परिप्रेक्ष्यमा स्त्रीवाद पठनको एकचित्र, सुधा त्रिपाठी (सम्पा), नेपाली नारीवादी समालोचना, नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौँ, पृ ४४

इकोफेमिनिज्म शब्द र यसलाई नयाँ दर्शनको रूपमा प्रस्तुत गर्ने फ्रान्सेली नारीवादी फ्राँस्वाँ द युबोन हुन्। सन् १९७४ मा उनको लेख 'फेमिनिज्म अर देत्थ'-बाट इकोफेमिनिज्मले नयाँ रूप पाएको हो। इकोफेमिनिज्मले प्रकृति अनि नारीहरूको वाह्य अनि आन्तरिक समस्याहरूको अध्ययन र समाधान गर्ने प्रयास गर्छ। रोजमेरी रेडफर्ड, आइमोनी जेबारा, वन्दना शिव, सुसान ग्रीफ्रिम, एलिस वाल्कर, आदि नारीवादीहरूले इकोफेमिनिज्मको दृष्टिकोणबाट आफ्ना धारणा प्रस्ततु गर्छन्। पितृसत्तात्मक शक्तिबाट भइरहेको प्रकृति र नारीको शोषण विरूद्ध जाँच हुनुपर्ने र प्रकृति अनि नारीले न्याय पाउनुपर्ने विषयमा पर्यावरणीय नारीवादीहरू आफ्नो विचार राख्छन्।[77]

'इको' र 'फेमिनिज्म' दुईवटा शब्द मिलेर इकोफेमिनिज्म बनेको छ। यसमा 'इको'-को अर्थ 'घर' भन्ने बुझिन्छ। यो शब्द ग्रीकको 'ओइकस्' बाट बनेको हो। इकोलजीले घरसम्बन्धी अथवा प्रकृतिको वैज्ञानिक अध्ययन गर्ने शास्त्र भन्ने बुझिन्छ। मेरी मेल्लोरअनुसार इकोफेमिनिज्म एउटा यस्तो आन्दोलन हो जसले प्राकृतिक संसारको नाश एवम् आधिपत्य र स्त्री वा नारीहरूको शोषणलाई सम्बद्ध गरेर देखाउँछ। यसले सन् १९७० को नारीवादी चिन्तनको दोस्रो प्रवाह र हरितक्रान्तिबाट मौलिने मौका पाएको हो। इकोफेमिनिज्मले फेमिनिज्म र हरितक्रान्तिका तत्त्वहरूलाई मिलाएर हेर्छ तर दुवैका लागि चुनौती पनि छन्। मानिसका वृत्तिहरूको जुन दुष्प्रभाव मानवेतर जगत्मा पर्छ त्यसको गहिराइ र दुष्प्रभाव कतिको छ भन्ने हरितक्रान्तिबाट थाहा पाइन्छ। यसै गरी फेमिनिज्मबाट दमित पराधीन, शोषित नारीहरूबारेमा थाहा लाग्दछ। यो सन् १९७०-८० मा नारीवादी शान्ति र पर्यावरणजस्ता सामाजिक आन्दोलनबाट प्रेरित छ।

इकोफेमिनिज्म सम्बन्ध र सम्पूर्णताको सिद्धान्त र प्रयोगको विषय हो। यसैले प्रत्येक जीवनको विशेष शक्ति अनि अस्मितामाथि ध्यान दिन्छ। प्रकृति अनि नारीमाथि पुरुषको आधिपत्यको आलोचना तथा प्रकृति अनि नारी सम्बन्धको नीतिशास्त्र इकोफेमिनिज्म वा पर्यावरणीय नारीवाद हो। नारी अनि प्रकृतिको केन्द्रमा रहेर बहने वैश्विक विचारधारा इकोफेमिनिज्म हो। यो नारी अनि प्रकृतिबिचका स्वाभाव, गुण, समस्या आदिको तुलनात्मक रूपमा गरिने अध्ययन हो। आधुनिक नारीवादीहरूमध्ये सबैभन्दा पहिले सीमोन द बुभोले नारी र प्रकृतिलाई साथ लिएर विचार गरेकी हुन्।

[77] इकोफेमिनिजम-हिस्टोरिक एन्ड इन्टरनेसनल इभूल्युसन, सन् २००५, ब्रोन ट्यलर (सम्पा), इनस्लाइकोपिडिया अव् रिलिजन एन्ड नेचर, पृ ५३३

पुरुष सत्तात्मक समाजले नारी अनि प्रकृतिको समानताको परिचय पाएपछि दुवैलाई वस्तुकरण गरे। यसकारण पुरुषले नारी अनि प्रकृतिलाई आफ्नो शक्तिको अधीन गरेर नयाँ संस्कृतिको निर्माण गरे। पुरुषद्वारा निर्मित औद्योगिक संस्कृतिको आर्थिक अभिप्राय मात्र नभएर मनोवैज्ञानिक अभिप्राय पनि हुन्छ। औद्योगिक विकास भनेको नारी र प्रकृतिलाई भुलेर अघि जाने प्रक्रिया हो।[78] वन्दना शिवले जर्मनकी समाजवादी मार्क्सवादी मरिया मेससँग मिलेर 'इकोफेमिनिज्म : रिकनेक्टिङ्ग ए डिवाइडेड वेल्ड' (सन् १९९३) पुस्तक प्रकाशित गरेकी छन्। यसमा यी दुवैले भूगोलको उत्तर अनि दक्षिणका नारीहरू माथि पुँञ्जीवादी पुरुष सत्तात्मक आर्थिक व्यवस्थाद्वारा भइरहेको शोषणबारे चर्चा गरेका छन्। इकोफेमिनिज्मको अर्को मुख्य क्षेत्र धर्म अनि संस्कृतिप्रति वैज्ञानिक विश्वदृष्टि हो। धार्मिक र वैज्ञानिक विश्वदृष्टिबिचको विरोध इकोफेमिनिज्म अथवा पर्यावरणीय नारीवादको विकासमा हानिकारक हुन्छ भन्ने पर्यावरणीय नारीवादीहरू मान्छन्। आध्यात्मिक दृष्टिले संसारको सृष्टि र जन्म प्रक्रिया समान छ भन्ने मान्छ जसरी नारीहरूले सन्तानलाई जन्म दिन्छन् उसरी नै प्रकृतिले पनि सिर्जन कार्य गर्दछ। नारीहरू प्रकृतिजस्तै जीवनलाई सम्हाल्छन्। त्यसैले नारी र प्रकृति गुणगत रूपले सम्बन्धित छन्।

आध्यात्मिक दृष्टिअनुसार पृथ्वीको पोषण र संरक्षण गर्न सकिन्छ। यसको विनाश वर्जित छ। औद्योगिकीकरण र सहरीकरणले जसरी प्रकृतिलाई चोट पुगिरहेको छ उसरी नै पितृसत्तात्मक समाजको सोच र कर्मले नारीहरू शोषित भइरहेका छन्। विकासशील र गरिब दुवै स्तरका देशमा नारीहरू धेर मात्रामा शोषित हुनुपरेको देखिन्छ। पारिस्थितिकीय दृष्टि आध्यात्मिक दृष्टि र नारीवादी दृष्टिको मध्य बिन्दु हो तर यो दुवैभन्दा भिन्न पनि छ। यस प्रकारको दृष्टिको महत्त्व जीवनको सन्तुलन र प्रकृतिसित एकताको सूत्र स्थापना गर्नु हो। आवश्यकताअनुसार मात्रै प्रकृतिको उपयोग उचित हुन्छ। यसभन्दा धेर प्रकृतिको उपयोगलाई दुरुपयोग भनिन्छ जसले गर्दा जीवन अथवा संसार नै विनाशको सँघारमा पुग्न सक्तछ। आधुनिक युगमा जसरी मानिसबाट प्रकृति शोषित छ उसरी नै समाजमा पुरुषहरूबाट नारीहरू शोषित छन्। प्रकृति-शोषण र नारी-शोषण काव्यगत दृष्टिले एउटै बिम्ब हो। समाजमा छोरीको अवहेना वा भ्रूण हत्या जति जति बढिरहेको छ प्रकृति पनि उति नै कुण्ठित र साँघुरिदै गइरहेको देखिन्छ। यी दुवै बिम्बलाई एउटै आधारमा राखेर परिवेश नारीवादले अध्ययन गर्छ।

[78] के वानजा, सन् २०११, साहित्य का पारिस्थितिक दर्शन, पूर्ववत्, पृ १५

मनप्रसाद सुब्बाको 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रह अध्ययन गर्दा परिवेश नारीवादका सङ्केतहरू पाइन्छन्। कवि सुब्बाले कवितामा प्रकृति वा ऋतुलाई नारीसँग तुलनात्मक रूपमा प्रस्तुत गरेका छन्। उनले ऋतुहरूको क्यान्भसमा जीवनका अनुभव र अनुभूतिहरूको रेखाले जुन चित्र कोरेका छन् त्यसको माध्यम नै नारी देखिन्छ। उनले कवितामा दुखको आवृति, जीजिविषाको पठन र पाशविकताको प्रस्तुति नारीको प्रतीकका माध्यम गरेका छन्। उनी लेख्छन्-

भाभरमा मान्छे कतिबेरसम्म बस्न सक्छ?
यो कुरा तल विपनाको बगरमा
अव्यक्त पीडाको रोडा कुट्दै बस्ने
सपनाका आमाहरूलाई सोधे हुन्छ।
..................................
दिनभरि जेठको घाममा पोलिनु कस्तो हुन्छ?
यो कुरा पुगिसरीको सन-बाथ गर्नेहरूलाई होइन
बगरबिच एक डल्लो छायाँ जस्तो बसेको
मायाका आमाहरूलाई सोधे हुन्छ।
(बगरको एक छेउमा, पृ ४-५)

नारी अनि प्रकृतिलाई नजिक राखेर अध्ययन गर्ने परिवेश नारीवादीहरू प्रकृतिझैँ नारीहरू सङ्घर्षशील र सहनशील हुन्छन् भन्ने मान्छन्। वेदान्त-दर्शनअनुसार प्रकृति माया हो। यसअनुसार प्रकृति शक्तिको त्यो अवस्था हो, जो मायाका स्वरूपमा प्रकट हुन्छ। यसलाई लौकिक रूपले माया-जालको संज्ञा दिइएको छ। यसअनुसार प्रकृति स्वरूप माया दुई भागमा विभक्त छ- भौतिक वा जड प्रकृति र ईश्वरको मायायुक्त प्रकृति।[79] बगरको छायाँमा बसेर जीवन निर्माण गर्ने मायाका आमाहरू नै प्रकृति हुन्। पृथ्वीको सदुपयोग गरेर जीवनलाई पुष्ट गर्नु नै वास्तविक जीवन हो।[80] कवि सुब्बा लेख्छन्-

सिरिसको शिरभरि अनि काँधभरि
अभावका घाउहरू बिर्साइदिने
नयाँ-नयाँ भावहरू मन खोलेर फुलेका छन्

[79] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ ७
[80] के वानजा, सन् २०११, साहित्य का पारिस्थितिक दर्शन, पूर्ववत्, पृ ६५

प्रेमको उच्चातामा उक्लेपछि

थाहै नपाई आवेगहरू पनि

फूलहरूमा अनूदित हुँदो रहेछ।

( जेठ-२०५७, पृ १५)

प्रकृतिमा निहित शक्तिले आवेगहरू फूलहरूमा अनूदित गर्नसक्छ। यो सहनशीलताको पराकाष्ठा हो। कवि जान्दछन् प्रकृतिले मानिसलाई क्षमा गर्दै आइरहेको छ। परिवेश नारीवादीहरू समाजमा नारीहरूको शोषण र प्रकृतिको शोषणबिरुद्ध आवाज उठाउँछन्। त्यसैले प्रकृति भन्नु नै नारी शक्तिको प्रतीक हो भन्ने उनीहरू मान्छन्।[81] भारतको इतिहास आध्यात्मिक धरातलमा निर्मित भएको हुनाले प्रकृति र नारीको सम्बन्ध यहाँ आध्यात्मिक पृष्ठभूमिको देखिन्छ।

परिवेश नारीवादीहरूले प्रकृतिमा नारी दृष्टिलाई खोज्नका लागि सम्पूर्ण संस्कृति र इतिहासहरूबाट तथ्य लिएका छन्। साहित्यले प्रकृतिलाई सिर्जना, ऊर्जा, प्रतीक, शक्ति आदि रूपमा ग्रहण गर्छ। कवि सुब्बाले नारी र प्रकृतिको सिर्जना शक्ति वा उर्वरतालाई यस काव्यमा प्रस्तुत गरेका छन्। उनी लेख्छन्-

सर्वाङ्गै हिलै पारेर

खेत उत्तानो पल्टिएकी छे।

हिलोमा हलो कुदाउँदै

हलि-ले आफ्नो पुरुषार्थ जोतिरहेछ।

(खेत रोपाइँ, पृ ३४)

यस कवितामा प्रकृतिको उर्वरता मानव सभ्यता र संस्कृतिमा विभिन्न रूपले देखापर्ने उर्वरता अनुष्ठानको प्रतीकात्मता तर्फको सङ्केतका रूपमा व्यक्त भएको देखिन्छ। यौवन कालमा स्त्री धर्मले छोएपछि नारीहरू उर्वरशील हुन्छन् त्यसरी नै साउन महिनामा खेत वा प्रकृति पनि उस्तै गरी मलिलो बनेको हुन्छ। यहाँ प्रकृतिको सिर्जन शक्ति र नारीको स्त्री धर्मको तुलना गरिएको छ। नारी अनि प्रकृतिको यस सम्बन्धले सृष्टि सुचार रूपले चल्नका लागि प्रकृति अनि नारीको सुरक्षा आवश्यक छ भन्ने बुझाउँछ। ऋग्वेददेखि

[81] क्रेन जे. वारेन, सन् १९९८, इकोफेनेनिस्ट फिलोसफी, रोमेन एन्ड लिटलफिल्ट पब्लिसर, न्योर्क पृ १

लिएर आजसम्मका साहित्यमा नारीहरूको रचनाहरूमा लोकचेतनाको बिज देखिन्छ। भैरव अर्यालले प्रकृति र मानिसको घनिष्ठता देखाउँदै निम्नलिखित रूपहरूमा प्रकृतिलाई हेरेका छन्-

१. जननी

२. भगिनी

३. सङ्गिनी

४. सञ्जीवनी

५. सम्मोहिनी

६. शरणागति

७. रहस्यागार

प्रकृति मान्छेकी जननी हो। उसकै उर्वर कोखबाट हामी जन्मन्छौँ, उसकै वात्सल्यपूर्ण काखमा हुर्कन्छौँ र उसकै बहुमुखी सत्ता आत्मसात् गरी हामी अस्तित्ववान् हुन्छौँ।[82]

कवि ऋतुहरूमा जीवन यसरी देख्छन्-

न सामन्त, न सन्त
बस, ऊ त हो हेमन्त मात्र।
एकतमासको सुगन्ध भएर
श्वास र विश्वासको सम्बन्ध भएर
यौटै बीउभित्र अन्त र अनन्त बोकेर
यहाँ आउने गर्छ हेमन्त।

(हेमन्त भएर हेमन्त, पृ ५२)

परिवेश नारीवादले प्रकृति अनि नारीबिचको आन्तरिक अनि बाह्य सम्बन्धको अध्ययन गर्छ। यसका लागि उनीहरू तीनवटा केन्द्रीय तथ्यहरू दाबी गर्छन्। पहिलो अनुभवपरक तथ्य, दोस्रो अवधाराणात्मक तथ्य, तेस्रो ज्ञानशास्त्रमूलक तथ्य।[83]अनुभवजन्य तथ्यअन्तर्गत उनीहरू पर्यावरणीय समस्याले संसारको प्रायः क्षेत्रमा नारीहरूलाई पनि प्रभाव पारिरहेको मान्छन्। नारीहरूले घरेलु कार्यमा पुरुषभन्दा धेर

[82] भैरव अर्याल, सन् १९७३, नेपाली काव्यमा प्रकृति, पूर्ववत्, पृ १६

[83] इकोफेमेनिज्म एन्ड ग्लोबोलाइजेसन, सन् २००३, हिटर एटन/ लूइस एन लोरेन्टजेन (सम्पा), रोमेन एन्ड लिटलफिल्ड पब्लिसर, न्योर्क, अक्सफोर्ड, पृ २

सहभागिता जाउनुपर्ने हुन्छ। उनीहरूलाई त्यसको लागि वन जङ्गलमा गइरहनुपर्ने हुन्छ। विशेषगरी ग्रामीण महिलाहरू निरन्तर वन जङ्गल अथवा प्रकृतिको नजिकमा रहन्छन् तर प्रदूषण अनि वन विनाशले उनीहरूको दैनिक कार्यमा बाधा पुगिरहेको पर्यावरणीय नारीवादीहरू बोध गर्छन्। यो विश्वकै मूलभूत समस्याको रूपमा देखिँदै आएको छ। त्यसैले अनुभवपरक तथ्यअन्तर्गत समाज, राजनैतिक, आर्थिक संरचना, पारिस्थितिकीय व्यञ्जन आदिको परीक्षण र अनुभव गरिन्छ। कवि यस तथ्यलाई यसरी लेख्छन्-

आइसक्रिम खाँदै/ केभेन्टर्सबाट
चौरस्तातिर गइरहेका केटीहरूको सर्टभित्र
सिजनको चर्को घाम
आङभरि चाराक-चिरिक गर्छ।
फ्रायडीय आँखाहरू जतातातै छन्
तर फ्रायड कतै देखिन्न।
आलो मासु गह्राउने आँखाहरूको खेती
खुब सप्रेको छ सहरमा।
थाह छैन, मुटुदेखि मस्तिष्कसम्म
कति डिग्री सेल्सियस हुन्छ।

(सिजनको घाम मेरो दार्जिलिङ सहरमा, पृ.१२)

प्रकृति र नारी अवधाराणात्मक रूपले सम्बन्धित छ भन्ने दोस्रो दावी हो। यस सम्बन्धलाई विभिन्न दृष्टिकोणबाट व्याख्या गरिएको छ। परिवेश नारीवादीहरूअनुसार पश्चिमी संस्कृति संसारलाई विभाजन गर्ने धारणाहरू लिएर अघि आएको छ। यसमा दुईवटा मुख्य धारणाहरू छन्। पहिलो श्रेणीबद्ध, दोस्रो द्वैतवादी। द्वैतवादी धारणा नर, शरीर, यौन, संस्कृति र पदार्थत्व अनि पुरुषसँग, मन, आदि विषयहरूद्वारा संरचित छ। द्वैतवादले कारण/संवेग, मन/शरीर, संस्कृति/प्रकृति, स्वर्ग/पृथ्वी र नर/नारी मध्ये पहिलो विषयलाई प्राथमिकता दिन्छ। पश्चिमी संस्कृतिले यी विषयहरूलाई आधार लिएर प्रकृतिको शोषण गर्छ भन्ने परिवेश नारीवादीहरूले मान्छन्।[84] कविको सङ्केत यस्तो देखिन्छ-

[84] इकोफेमेनिज्स एन्ड ग्लोबलाइजेसन, सन् २००३, पूर्ववत्, पृ ३

साँझपछि गिलासमा ह्विस्की भरेर

म टेलिभिजनमा समचार सुन्छु-

कुसाइत बोकेका गाग्रीहरू, हाँडीहरू

मुख आँ गरेर जताततै भौँतारिरहेको

सधैँ दूधको धारा बगाउने गाईहरू, भौँसीहरू

भुइँमा पल्टेर छटपटिहिरेका

अनि नेता-अनुहारहरू

राहत र राजनीतिका कुराहरू।

(खडेरीको खबर, पृ ९)

टेलिभिजनले संसार देखाउँछ तर संसारमा कुसाइत बोकेका गाग्रीहरू र हाँडीहरू छन्। गाग्री र हाँडी स्त्री लिङ्गी सूचक शब्द हुन् साथै गाई, भैँसी पनि प्राकृतिक स्त्री लिङ्ग हो। तेस्रो दावी ज्ञान-मीमांसा अथवा ज्ञानशास्त्रमा आधारित देखिन्छ। पर्यावरण सङ्कटले सोझो रूपमा नारीहरूमा परिरहेको प्रभावलाई अध्ययन गर्दै यसको समाधानतर्फ लाग्नुपर्छ। विशेषगरि नारीहरू प्रकृतिको नजिक हुन्छन्। कृषि क्षेत्रको ज्ञान, जलवायु र ऋतुहरूको ज्ञान आदि विशेष रूपले नारीहरूमा धेर हुन्छ। यी ज्ञानहरू उनीहरूले प्रकृतिसँग प्रतिदिन सम्पर्कमा रहेर, जीवनका अनुभवहरूद्वारा प्राप्त गरेका हुन्। कवि लेख्छन्-

वाद र विवादहरूको खैलाबैलादेखि टाढा

बगरको यो खण्डहरमा

मौन ढुङ्गाहरूमाझ ढुङ्गै देखने भएर

घामका कोर्राहरू ऊ आङभरि थापिरहन्छे।

उसको दर्शनशास्त्रमा

भोकभन्दा ठुलो अर्को कुनै रहस्य छैन।

(बगरको एक छेउमा, पृ ५)

भारतीय संस्कारमा नारीलाई प्रकृतिको आन्तरिक पक्ष मानिन्छ। प्रकृति शोषण र नारी शोषण एउटै दृष्टिले हेरिन्छ। नारीहरू जीवनको सिर्जना गर्छन्। शारीरिक अथवा जैविक रूपले मात्र नभएर

सामाजिक अनि नैतिक स्तरमा पनि जीवन सिर्जना गर्नमा उनीहरूको ठुलो भूमिका देखिन्छ।[85] औद्योगिक संस्कृतिले प्रकृतिलाई नियन्त्रण गर्न सकिन्छ भन्ने भ्रम सिर्जना गरेको छ तर मानिस सदैव प्रकृतिमाथि निर्भर रहन्छ। परिवेश नारीवादले नारीहरूको वञ्चन र प्रकृतिको शोषणको मूल कारण पुँजीवादीहरूको उपभोक्तावादी विचार हो भन्ने मान्छ।[86] पुञ्जीवादले गर्दा प्राकृतिक सुन्दरताको हनन् कसरी भएको छ। कवि लेख्छन्-

दार्जिलिङभित्र दार्जिलिङ नपाएर
मधेशवासी पर्यटक दिक्क मान्दै हेर्छ
बाकसका थाक जस्ता बिल्डीङ्गहरूलाई
जो उसले आफ्नै महानगरमा छोडेर
यहाँ आँखालाई फुर्सद दिन आएको।
अरे! खोइ ती डाँडाहरू
जो साँच्चैको स्वागत उभिएका हुन्थे?
खोइ ती गुराँस-गाला भएका चाँप-अनुहारहरू?

(सीजनको घाम मेरो दार्जिलिङ सहरमा, पृ.१२)

विरा एल नरवुडले आफ्नो लेख 'हिरोइनस् अव् नेचर'-मा चारजना नारी प्रकृति लेखक इसावेला वर्ड्स, मेरी अस्टिन, रिसल कार्सन र एनी दिलार्डलाई प्रकृतिका सुन्दरीहरू भनेर सम्बोधन गरेका छन्।[87] यिनीहरू प्रकृति लेखक हुन्। प्रकृतिको सुन्दरतालाई मात्र नभएर प्रकृतिको सिर्जन शक्ति, ऊर्जा र सङ्कटलाई यी लेखकहरूले विश्व सामु ल्याएका हुन्। विरा एल नरवुड भन्छन् प्रकृतिसँग प्रतिक्रिया नारीले जति अरू कसैले गर्न सक्तैन। उनी अझै भन्छन् "संस्कृतिभन्दा पहिले प्रकृति थियो अनि संस्कृतिको पछि पनि प्रकृति रहिरहन्छ। यो संस्कृति नाटकले प्रकृतिलाई जित्न सक्तैन।"[88]

[85] वन्दना शिवा, सन् १९८८, स्टेइङ एलाइभ वुमन, इकोलजी एन्ड सर्भाइङ इन इन्डिया, कर्ल फर वुमन, नयाँ दिल्ली, पृ ३७

[86] एन इकोफेमिनिस्ट स्टडी अव् वर्स्वर्थ पोएट्री, सन् २००६, डब्लू एच ए एम पी ओ ए एन इन्टरडिसिप्लिनेरी जर्नल, डिपार्टमेन्ट अव् फरेन लेङ्ग्वेज, आरओसी, मिलिटेरी एकाडेमी, पृ १४७

[87] विरा एल नरवुड, सन् १९९६, हिरोइनस् अव् नेचर, चेरिल गट्फेल्टि र हारोल्ड फर्म (सम्पा), द इकोक्रिटिसिज्म रिडर, युनिभर्सिटी अव् जर्जिया प्रेस, पृ ३२३

[88] विरा एल नरवुड, सन् २००६, पूर्ववत्, पृ ३४४

पूर्वमा संस्कृतिको व्यापक र प्रकृतिको निकटस्थको सम्बन्ध छ। परिवेश नारीवादीहरू पश्चिमी संस्कृतिको संरचनाभित्र प्रकृतिको सधैँ अवमूल्यन हुँदै आएको छ[89] भन्ने मान्छन्। उप्रेती भन्छन् "औपनिवेशिक, पितृसत्तात्मक तथा पर्यावरणीय तीनै किसिमका शोषणको साथसाथै विरोध गर्दै नारीहरू पुरुषको तुलनामा प्रकृतिसँग बढी नजिक हुन्छन्।"[90] 'ऋतु-क्यान्भसमा रेखाहरू' -मा पनि प्रकृति र संस्कृति अनि नारी र प्रकृतिको आन्तरिक सम्बन्ध देखिन्छ। पर्यावरणीय नारीवादीहरू भन्छन्, जसरी नारीहरूको खुल्ला तस्करी वा बिक्री हुन्छ, नारी अधिकार वा मानव अधिकारको हनन् हुन्छ उसै गरी प्रकृति पनि सहरीकरण, औद्योगिक विकास र यान्त्रिक आविष्कारहरूले शोषित भइरहेको छ।[91] कवि लेख्छन्

खेतहरूलाई समातेर त्यो उन्मत्त खोलाले
बेरोकटोक बलात्कार गरिरहेको।
अनि सहर-बजारदेखि कमान-बस्तीसम्म
शङ्का र विश्वासहीनताको हुस्से लागिरहेको।

(विद्रुप वर्ष : एक शब्दचित्र, पृ २५)

जल विद्युत् परियोजनाले पहाड खोलातिर बाँधहरू निर्माण भइरहेका छन्। त्यसको फलस्वरूप खेतबारी रुखो र बाँझो बन्दै गइरहेको छ। बाँधबाट छोडिएको पानीबाट प्लावित खोलाले खेतबारी नष्ट गरिरहेको छ, जुन खेतमा उब्जनी हुन्थ्यो, खेती गर्न सकिन्थ्यो तिनमा अब हुन छाडेको छ। खेतले आफ्नो उर्वरता शक्ति हराउँदै गइरहेको छ।

गुणका दृष्टिले नारीहरू प्रकृतिसँग नजिक हुन्छन्। प्रकृतिको सुरक्षा र यसको शुद्धीकरणमा नारीहरू धेर सचेत छन्। नारीहरू व्यावहारिक र पारिवारिक सन्तुलनका लागि अनुकूल हुन्छन्, उसै गरी प्रकृतिसँग पनि गुण अनि धर्ममा दृष्टिले मेल खान्छन्। प्रकृति पनि जीवनचक्र र पारिस्थितिकलाई सन्तुलन बनाउन सक्रिया रहेको हुन्छ[92] कवि धरतीलाई नारी र आकाशलाई पुरुषको प्रतीक राखेर यसो भन्छन्-

खेतहरूतिर धरतीको उदारता
धानका बालामा झुप्पा-झुप्पा झुलेको छ

---

[89] सञ्जीव उप्रेती, सन् २०११, सिद्धान्तका कुरा, अक्षर क्रिएसन, काठमाडौँ, पृ ३१४
[90] सञ्जीव उप्रेती, सन् २०११, पूर्ववत्, पृ ३१६
[91] चन्द्रा अनि निगमानन्द दास, सन् २००७, पूर्ववत्, पृ २३
[92] केटरियोना सेन्डिलेन्ड, सन् १९९९, द गुड नेचर्ड फेमेनिस्ट, युनिभर्सिटी अव् मिनेसोटा प्रेस, लन्डन, पृ ३-४

ती खेतमा घाम

प्रेम पग्लेर पोखिन्छ।

---

सुन्तलाको बोट-बोटमा

घामका बच्चाहरू तुर्लुङ्ग-तुर्लुङ्ग छन्

सूर्य-सपना फक्रेको छ

एकान्त पाखाको लालुपाते पनि

बैँसको रक्तिम मुस्कानसित

कसैलाई निम्त्याइरहन्छ।

आकाश अवाक् बनेर

धरतीलाई हेरिरहन्छ।

(कार्तिक- २०५६, पृ ५४)

कविताले यहाँ धरतीको सिर्जनात्मक शक्तिको परिचय दिएको छ जसलाई देखेर आकाश पनि अवाक् बनेको छ। यो नारीको श्रम हो। एङ्गेल्सअनुसार परिवारभित्र श्रमिक पतिको रूप पुञ्जीवादी वर्गको सदस्यजस्तै हुन्छ अनि स्त्रीको रूप सर्वहारा वर्गजस्तो हुन्छ। त्यसैले समाजवादी नारीवादीहरू भन्छन् श्रमको पुनर्परिभाषा गरिनुपर्छ जसले यौनवादी व्यवस्थालाई निर्मूल पारोस्।[93]

'ऋतु क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा ऋतुको माध्यमबाट प्रकृतिका विविध विषयहरूको चर्चा गरिएको छ। यी कविताहरूले प्रकृतिबारे बोल्दा बोल्दै मानिसको मूल प्रवृत्तिलाई पनि अभिव्यक्ति दिएको छ। मानिस प्रकृतिबाट नै जन्मेको हुँद वस्तुतः उसको मूल प्रवृत्ति पनि प्रकृति नै हो भन्ने सकिन्छ।

---

[93] के वानजा, सन् २०११, साहित्य का पारिस्थितिक दर्शन, पूर्ववत्, पृ १७८

### ५.५ परिवेश काव्यको रूपमा 'ऋतु-क्यान्भसमा रेखाहरू'

काव्यको स्वरूप व्यापक छ। यो जति व्यापक छ उति नै सूक्ष्म पनि छ। त्यसैले काव्यलाई लक्षणहरूको परिधिमा बाँध्नु कठिन कार्य हो भन्ने अध्येताहरू मान्छन्[94] विश्वमा पर्यावरण सङ्कट व्यापक चिन्ताको विषय बन्दै गइरहेको छ। वर्तमान समयका साहित्यमा प्रकृति सङ्कट वा पर्यावरण सङ्कटलाई केन्द्रीय विषय बनाएर सिर्जना भइरहेको पाइन्छ।

परिवेश काव्यमा स्वच्छन्दतावादीहरूभन्दा भिन्न प्रकारले प्रकृतिको चर्चा गरिन्छ। यस्ता काव्यमा प्रकृतिलाई केन्द्रमा राखिन्छ साथै प्रकृति सङ्कट, त्यसका कारणहरूको चिन्तन गरेर काव्य सिर्जना गरिन्छ। परिवेश काव्यलाई कतिले पर्यावरण काव्य वा प्रकृति काव्य पनि भनेका छन् भने अङ्ग्रेजीमा यसलाई इकोपोएट्री अथवा नेचर पोएट्री पनि भनिन्छ। पारिस्थितिकी र साहित्य दुवै शब्द एका-अर्कामा नमिल्ने शब्द हुन्। एउटा विज्ञान र अर्को कला क्षेत्रका शब्द हुन्। परिवेश विज्ञानीहरू शब्दको सौन्दर्यलाई महत्त्व दिँदैनन् तर साहित्यमा शब्दको समासबाट जति सौन्दर्य सिर्जना हुन्छ त्यसको महत्त्व धेर रहन्छ।[95] त्यसैले पारिस्थितिकी विज्ञान र कला साहित्यको क्षेत्रबाट आएको परिवेश काव्यमा भौतिक प्रकृति र यसका विविध पक्षहरूको अभिव्यक्त गरिन्छ।

परिवेश विमर्शको क्षेत्र व्यापक छ। यसले भौतिक प्रकृति र साहित्यबिचको सम्बन्धबारे अध्ययन गर्छ। साहित्यद्वारा प्रकृतिको चिन्तन गरिने यस दृष्टिकोणले अरु क्षेत्रमा पनि प्रभावित पारेको देखिन्छ। स्वच्छन्दतावादी युगमा पनि प्रकृतिलाई लिएर कविता लेखिन्थ्यो तर परिवेश काव्यमा प्रकृतिलाई नलेखेर प्रकृतिको बारेमा लेखिन्छ। लोक संस्कृति र प्रकृतिको तारतम्य प्रस्तुत गर्दै औद्योगिक र यान्त्रिक विकासले प्रकृतिमा पारेको क्षति र प्रदूषण रोक्ने कार्यलाई प्रोत्साहन दिनु परिवेश काव्य अघि आएको बुझिन्छ।

नेपाली साहित्यमा प्रकृतिलाई लिएर धेर लेख्ने कवि लक्ष्मीप्रसाद देवकोटा हुन्। लेखनाथ पौड्याल, सिद्धिचरण श्रेष्ठ आदिले पनि प्रकृतिका सुन्दर काव्य सिर्जना गरेका छन्। कवि मनप्रसाद सुब्बाका कविताहरू पनि प्रकृतिपरक नै भए तापनि त्यहाँ लोक संस्कृति, इतिहास, जीवन सङ्घर्ष र प्रकृतिको अस्वाभाविक परिवर्तनप्रति भने गम्भीर चिन्तन पाइन्छ। अभि सुवेदी 'ऋतु-क्यान्भसमा रेखाहरू' -कविता सङ्ग्रहको भूमिकामा लेख्छन्- ''मनप्रसाद सुब्बाका कविताहरू इतिहासका गति हुन्,

---

[94] भगिरथ मिश्र, सन् २०१३, काव्यशास्त्र, विश्वविद्यालय प्रकाशन, वाराणसी, पृ १

[95] यू सुमाथ्ये, २००९, इकोक्रिटिसिज्म इन प्याकटिस, स्वरूप बुक्स पब्लिसर, प्रा ली, नयाँ दिल्ली, पृ ३३

एक व्यक्ति मात्र नभएर सम्पूर्ण समाजले भोगेका विडम्बनाका अनेकौँ भावनात्मक अवतारहरू हुन्। उनका कवितामा परिवर्तनभित्र भोगेका अरोमानी भावना वेदना र आक्रोशका यथार्थ व्यक्त भएका छन्।"[96] कवि लेख्छन्-

पुख्र्यौली जोरनाले बन्दुक यौटा लिएर
धुवाँ छाड्ने थोत्रे जिप बेस्सरी हाँकेर
रुखहरू मासिएको श्मशानमा
गिद्धबाहेक केही नभेटर
धुलो र धुवाँको कुइरोभित्र
धुस्रै-फुस्रै नचिनिने भएर
आशा गरेभन्दा छिट्टै नै/यो
वसन्त फर्केको छ गाउँमा।

(वसन्त-१९९९, पृ ९०)

प्रकृतिको विनाश नै सम्पूर्ण जीवन-जगत्को विनाश हो भन्ने सत्यप्रति कवित सचेत छन्। जलवायु परिवर्तन र यसका कारणहरूलाई कविले कवितामा प्रस्तुत गरेका छन्। परिवेश कविहरू वन जङ्गल, रुख पात आदिलाई ज्योति मान्छन्। त्यही ज्योतिको साहारा लिएर वन्य प्राणीले उनीहरूको मार्ग दर्शन गर्छ। परिवेश कविहरू प्रकृति नजिक पुगेपछि उनीसँग वार्तालाप गर्छन्। त्यसैले परिवेश कविको प्रकृतिसँगको संवाद नै परिवेश काव्य हो। परिवेश काव्य विज्ञानसँग डराउँदैन बरु यसले पारिस्थितिकीको आध्यात्मिक, सांस्कृतिक र सामाजिक रूपमा अध्ययन गर्छ। त्यसैले कविको मुख्य कर्म काव्यको माध्यमद्वारा मानिसको चेतनालाई जागृत गर्नु हो। प्रकृतितिर फर्काउनु हो। परिवेश काव्यले त्यही कार्य गर्दछ। कवि लेख्छन्-

फिक्री र उदासीका सलहहरू
अहिले कुनै निर्जन वनतिरै अल्मलिरहुन्
अनि हेमन्तको स्नेह यहाँ
निर्धक्क पिइरहन सकौँ।

[96] अभि सुवेदी, सन् २००९, 'ऋतु-क्यान्भसमा रेखाहरू', (भूमिका), पूर्ववत्, पृ xi

उसको मुस्कानको घामले

तरङ्गित गरिरहेको मनमा

मिठो धुन उम्रिएर

जीवन्त भइरहन सकौँ।

यसबेला तिमी

वैराग्य सोचिरहेको छौ भने पनि

केही दिन पर्ख

किनभने हेमन्तको छेउ छुन पाउनु

म आफ्नो सौभाग्य सम्झिन्छु।

(हेमन्त भएर हेमन्त, पृ ५२)

कवि प्रकृतिको सामिप्य पाउन इच्छुक छन्। यसमा निहित जीवनप्रति आग्रही हुने कुरा गर्छन्, यदि जीवनलाई छोडेर वैराग्यतिर जाने सोचेकै छौँ भने पनि केही दिन पर्ख हेमन्तले फेरि जीवनको नयाँ प्रेरणा दिनेछ भन्ने विषयमा कवि विश्वस्त छन्। काव्य कुनै सिद्धान्त होइन, न यो इतिहास हो, न अर्थशास्त्र न राजनीति शास्त्र। यो केवल काव्य हो। यो प्रकृतिप्रदत्त कला हो। त्यसैले किताप कविता होइन, न लेखन नै कविता हो । जीवनको अनुभूति, जीवनको शक्ति वा प्रकृतिको ज्ञान कविता हो।[97] परिवेश काव्यले प्रकृतिको हरियाली, चरा चुरुङ्गीको गीत, झर्ना, आदिलाई मात्र स्वीकार गर्दैन। यसमा प्रकृति दर्शन, चिन्तन, लोकसंस्कृति, लोकइतिहास आदि समाहित हुन्छन्। हरियो चिन्तन वा हरित दर्शन यसमा आवश्यक हुन्छ।

परिवेश काव्यले प्रकृति र संस्कृतिलाई द्वैतवादी दृष्टिकोणद्वारा हेर्दैन। यो एउटै धुरीमा अघि बढ्ने हुनाले यी दुईबिचको संवाद नै परिवेश काव्य हो। मानव र मानवेतर जगत्का सम्पूर्ण विषयलाई यसले समेट्ने हुनाले यो एउटा हरियो सङ्कथन पनि हो। प्रकृतिप्रति रहस्य र देवत्वको भाव आदिम मानवका चेतनाको मुख्य विषय थियो। प्रकृतिको विराट, सुन्दर र वैभवशाली स्वरूपमा उनीहरू देवत्वको अनुभव गर्दथे। प्रकृतिको सौन्दर्यले परम सौन्दर्यको ध्यान गर्ने र सृष्टिको भित्र सृष्टिलाई हेर्ने अवसर प्रदान गर्दछ।[98] मनप्रसाद सुब्बाले पनि सृष्टिभित्र सृष्टिलाई खोज्ने प्रयास गरेका छन्। उनले यस काव्यमा जिजीविषालाई

---

[97] एन इन्टरभ्यू विद् गेरी स्नाइडर, इकोपोएट, www.youtube.come/22/03/2013

[98] गोविन्द चातक, सन् २०००, पर्यावरण परम्परा और अपसंस्कृति, तेज प्रकाशन, दरियागंज नयाँ दिल्ली, पृ १४

प्रकृति वा ऋतुहरूको क्यान्भसमा अनुभूतिका रङ्गले सजाएका छन्। सुरुदेखि लिएर अन्तसम्मका कविताहरूमा जीवन छ। सृष्टिभित्र नयाँ सृष्टिको खोज छ। कवि लेख्छन्-

दीर्घ निष्काम तपस्यापछि
सिद्धार्थले बुद्धत्व प्राप्त गरे जस्तै
फलेदोको रुखले त्यो नग्नता प्राप्त गर्छ
अनि त कसैले थाहै नपाई
त्यसको हाँगाबिँगाको टुप्पा-टुप्पामा
फुटिनिस्किन्छ त्यो नग्नताको चरम रूप
यौटा-यौटा मुटु जस्तै राता-राता फूल॥
आह!

(फलेदोको फूल जब फुल्छ, पृ ९८)

पृथ्वीले आफ्नो संरचना र सन्तुलन खुबै सुन्दर ढङ्गमा निर्माण गरेको छ। यो मानव जीवनको अनुकूल छ। यसको खाद्य शृङ्खला, पारिस्थितिकी र विधानले परिवेश काव्यलाई आकर्षित गर्छ। अङ्ग्रेजी साहित्यका सर फिलिप सिड्नीले प्रकृति र साहित्यका बारेमा यसो भनेका छन्- "प्रकृति प्रमुख विषय नभएको कुनै पनि कला मानिसलाई प्राप्त भएको छैन। प्रकृतिबिना कलाहरूको अस्तित्व नहुने हुनाले तिनीहरू सबै त्यसैमा आधारित छन्। अर्का शब्दमा प्रकृतिले लगाएअनुसार तिनीहरू अनुकरण र कार्य गर्दछन्। एकजना ज्योतिषी ताराहरू हेरेर प्रकृतिको क्रम हेर्दछन्, त्यसरी नै आफ्ना विभिन्न रेखाहरूको आधारमा रेखागणितज्ञ वा गणितकारहरू पनि त्यही हेर्दछन्। त्यस्तै सङ्गीतकार पनि कुनचाहिँ रचना स्वाभाविक छ र कुनचाहिँ छैन भन्ने कुरा हेर्दछ। प्रकृतिवादी दार्शनिकको त नामै प्रकृतिबाटै रहेको छ। केवल कवि भने प्रकृतिमाथि आश्रित हुँदैन। ऊ आफ्नै रचना वा सिर्जनाको आधारमा आफूलाई माथि उठाएर अर्कै प्रकृतिको सिर्जना गर्दछ कि त प्रकृतिले सिर्जेभन्दा उत्तम वस्तुको रचना गर्दछ कि त प्रकृतिमा अस्तित्व नै नभएका वस्तुहरू सिर्जना गर्दछ। त्यसैले कवि प्रकृतिसँग हात मिलाएर उसको कैदमा नपरी आफ्नै सिर्जना शक्तिको आधारमा अघाडि बढ्छ।"[99]

[99] अभि सुवेदी, सन् १९७७, अङ्ग्रेजी साहित्य, विश्व-साहित्यको रूपरेखा, नेपाली प्रज्ञा प्रतिष्ठान (सम्पा), काठमाडौँ, पृ १८

सिड्नीको उपर्युक्त विचारमाथि अभि सुवेदी भन्छन्, “सिड्नीले यहाँ प्रकृतिको महत्त्व राख्दा राख्दै कविलाई अझ बढी महत्त्व दिएका छन्। सिड्नीको प्रकृतिपरक विचार मान्य छ यद्यपि प्रकृतिभन्दा श्रेष्ठ कवि हुन् भन्ने विचारलाई परिवेश विमर्शकहरू स्वीकार गर्दैनन्। तर सिड्नीले भने झैँ प्रकृतिलाई छोडेर कुनै कला, साहित्य सिर्जना हुनु सक्तैन। मानवकेन्द्रीभन्दा प्रकृतिकेन्द्री भएर काव्य सिर्जना गर्दा नै सद्काव्य हुने परिवेश विमर्शकहरू दावी गर्छन्।”[100] ‘ऋतु-क्यान्भसमा रेखाहरू’ कविता सङ्ग्रहमा प्रकृतिको अस्वाभाविक परिवर्तनले लोकसंस्कृति र विश्वासहरूमा परेको प्रभाव, वन जङ्गलको विनाश, पुँजीवादी संस्कृतिले गरेको प्रकृतिको शोषण त्यसका साथै प्रकृतिको गहनता र महानतालाई पनि प्रस्तुत गरिएको छ। कति ठाउँ स्वाभाविक वर्णन मात्र छन् भने कति ठाउँ प्रकृति चिन्तनका गम्भीर कुराहरू उठेका पाइन्छन्। कवि लेख्छन्-

घामका लपलपाउँदा लप्काहरूले जलेर
मेरो यो बाटो छट्पटिरहेछ।
यतिबेला म
यौटा रुखको एक अञ्जुली सियाँल पिएर शीतल हुन चाहन्छु।
तर खै,
तिमी त्यहाँ जो रुख उभिएथ्यौ,
आज कहाँ छौँ?
टाढा कहीँबाट आइरहेको
न्याहुलको एकोहोरो आवाज मात्र सुनिरहेछु।

(ग्रीष्म यात्रा-१, पृ ८)

सन् १९३० मा अमेरिकामा जन्मेका गेरी सरमन स्नाइडर परिवेश कवि वा इकोपोएट हुन्। उनलाई सबै ठाउँ इकोपोएट नै भनेर सम्बोधन गरिन्छ। अध्येताहरू उनको पारिस्थितिकीय दृष्टिकोण भारतीय संस्कृति, बौद्ध दर्शन र समकालीन सामाजिक विश्वासहरूबाट प्रभावित छ भन्ने मान्छन्। स्नाइडर प्रकृतिलाई आमाको रूपमा हेर्छन्। यस्तो दृष्टिकोण उनको ‘टॅटल आइलेन्ड’ (सन् १९७४) मा देखिन्छ। स्नाइडरअनुसार प्रकृति र मानव समूहबिचको सम्बन्ध मातृत्वपूर्ण हुनुपर्छ। प्रकृति आमा समान हुन्।

[100] देवचन्द्र सुब्बा, सन् २०१३, परिवेश विमर्श एक पठन, चरित्र प्रकाशन, कालेबुङ,.पृ २३०

उसबाट मानव जातिले खाद्य, पानी, हावा र अन्य महत्त्वपूर्ण वस्तुहरू प्राप्त गरिरहेका छन्। त्यसैले प्रकृति सम्मानयोग्य छ र उसले हामीबाट सुरक्षा खोज्दछ। मुख्यतः स्नाइडर प्रकृतिमा सम्पूर्ण जीवको आधार लुकेको विश्वास गर्छन्। प्रकृतिबाटै जीवहरूको संरचना हुन्छ भन्ने विश्वास गर्छन्। बौद्ध दर्शनको यस दृष्टिकोणलाई उनले आध्यात्मिक रूपमा मात्र नभएर भौतिक र जैविक स्तरमा पनि ल्याएर हेरेका छन्।[101]

परिवेश काव्य पनि एउटा सानो प्रकृति हो। यसमा मानव संवेदना, जीव, वनस्पति, पारिस्थितिकी, लोकसंस्कृति, धर्म र पर्यावरणीय सङ्कटका विषयहरू हुन्छन्। कवि हृदयले प्रकृतिलाई भावनात्मक र भौतिक रूपमा अनुभूत गरेर इकोपोएट्रीको सिर्जना गर्दछ। 'ऋतु-क्यान्भसमा रेखाहरू'' सङ्ग्रहमा पनि धेरै ठाउँ कवि प्रकृतिको नजिक पुग्ने सफल बनेका छन्। प्रकृतिलाई नजिकबाट अनुभूत गरेर त्यस अनुभुति कवितामा अभिव्यक्त गरेका छन्। 'खेत-रोपाइँ' कवितामा कविको त्यो अनुभूति प्रत्यक्ष देखिन्छ। कवि लेख्छन्-

सर्वाङ्ग हिलै पारेर
खेत उत्तानो पल्टिएकी छे।
हिलोमा हलो कुदाउँदै
हलीले आफ्नो पुरुषार्थ जोतिरहेछ।
----------
उन्मत्त पल्टिएकी खेतमा
हली हलो जोतिरहेछ
तीव्र चाहनाहरूमा
सिर्जना सग्बगाइरहेछ।

(खेत-रोपाइँ, पृ.३४-३५)

परिवेश काव्य मूलतः प्रकृतिको धर्मशास्त्र पनि हो। कविको हरियो चिन्तनबाट सिर्जना भएको प्रकृति काव्यले सदैव प्रकृतिकै पक्षमा बोलिरहेको हुन्छ। यसमा मानव र प्रकृतिबिचको इतिहास र सम्बन्धको पारिस्थितिकीय संरचना देखाइएको हुन्छ।

[101] रिसर्चर वर्ल्ड, जर्नलन अव् आर्टस्, साइन्स एन्ड कमर्स, www.researchersworld.com, vol-v, issue -2, पृ ६१, April 2014

परिवेश काव्यलाई काव्यमा प्रकृतिको निर्माण भन्ने अर्थमा परिभाषित गरिएको पाइन्छ।[102] भूमिप्रतिको रागात्मक सम्बन्धले नै कवि र प्रकृतिबिच तारतम्य बन्दछ। प्रकृति चिन्तन, पशु पक्षी, वनस्पति आदिमा रागात्मक सम्बन्ध स्थापित हुँदछ र कविले रचनाको प्रेरणा पाउँदछ। जस्तै

मृत्युपछि फेरि यो धरतीमा आउनु परेछ भने
मान्छेकै फराकिलो हत्केलाको खेतमा
धान या गहुँको एक बोट भएर
घामको न्यानो म्वाइँले नुहाउन पाऊँ
अनि मान्छेकै मुखमा
एक ग्यास स्वादिलो म्वाइँ हुन पाऊँ।

(खेतको घाममा इच्छाहरू केही, पृ ५६)

प्रकृतिप्रतिको अनुराग हराउँदै गएपछि पर्यावरणको क्षति आरम्भ भयो। प्रकृति अनि मानवका बिचको एउटा मूलभूत व्यवस्था, एकता, समता अनि नियमबद्धतालाई खोज्ने प्रक्रियामा दुवैको सामञ्जस्य र आपस्तमा निर्भरताको भावना हुनु आवश्यक छ। प्रकृतिप्रति भावात्मक सम्बन्धको निर्माणले मात्रै त्यसको पवित्र र जीवनदायी तत्त्वको ज्ञान मानिसमा हुँदछ। प्रकृतिमा सम्पूर्ण विषय अनुकूल नै हुनुपर्छ भन्ने हुँदैन। प्रकृति मानव रहित पनि रहन सक्छ तर प्रकृतिबिना मानव अस्तित्व नै सम्भव हुँदैन। प्रकृति स्वयं निर्मित हो मानिसले विस्तारै समाजको निर्माण गरेको हो।[103] प्रकृतिले दिएको चुनौतीसँग जुझ्दै मानिसले कसरी आफ्नो जीवन अघि बढाएको हुन्छ भन्ने विषयमा मनप्रसाद सुब्बा लेख्छन्-

जब तपाईँहरू शीतल पब्-हाउसतिर पस्नुहुन्छ
कि त एयर-कन्डिसन्ड बङ्करमा लुक्नुहन्छ
त्यसबेला
यस धरतीका अति प्राचीन
तर अपरिचित लोग्नेमान्छे र स्वास्नीमान्छेहरू
चुपचाप युद्ध लडिरहेका हुन्छन्
गर्मीको डढाउँदो नात्सीवादसित

[102] Ecopoetics on 1 winter 2001, Jonathan Skinner (Ed), Buffalo NY 14214 USA
[103] गोविन्द चातक, सन् २०००, पर्यावरण परंपरा और अपसंस्कृति, तेज प्रकाशन, दरियागंज, नयाँ दिल्ली, पृ २०-२१

खेतबारीका गह्रा-गह्रामा

अनि ती कहीँ नपुग्ने सडकहरूमा।

(ग्रीष्मका योद्धाहरू, पृ २)

परिवेश विमर्शले भौतिक प्रकृति र साहित्यबिचको अध्ययन प्रस्तुत गर्छ यद्यपि प्रकृति काव्यमा प्रकृतिको आन्तरिक अथवा सिर्जनात्मक शक्ति वा क्रियाशीलता र भौतिक प्रकृति अथवा पर्यावरण, पारिस्थितिकी आदिको चर्चा गरिन्छ। त्यसैले परिवेश काव्यको भूमि विस्तारै व्यापक हुँदै गइरहेको देखिन्छ। अरस्तु कलालाई प्रकृतिको अनुकरण मान्छन् भने प्रकृति शब्दको निरूपण पनि उत्तिकै महत्त्वपूर्ण छ[104] भन्ने वासुदेव त्रिपाठी मान्छन्।

साहित्यमा प्रकृतिको उपस्थिति आधुनिक साहित्यालोचनको खोज मात्रै होइन। प्रकृति विभिन्न रूपमा साहित्यमा प्रयोग हुँदै आएको देखिन्छ। स्वच्छन्दतावादीहरूले पनि प्रकृतिलाई व्यापक रूपमा प्रयोग गरे, तर प्रकृति काव्यमा त्यसभन्दा भिन्न प्रकारले प्रकृतिको कविता लेखिन्छ। यहाँ प्रकृतिको सौन्दर्य गौण र पारिस्थितिकीय सङ्कट, प्रकृति चिन्तन प्रधान हुन्छ साथै लोक जीवन, लोक संस्कृति र प्रकृतिको पारिस्थितिकीय अध्ययन पनि रहेको हुन्छ। कवि यसरी लेख्छन्-

मङसिरको मुस्कानमाथि मृत्युको छायाँ परेको छ।

लालुपातेहरू पाखाभरि रगताम्य छन्।

दिन धुमधुमती बसिरहन्छ बाथको पीडा सहँदै

कहिले सान्त्वनाको पेन-किलर खाएर

सारा पीडाहरू बिर्सन खोज्छ।

कमान बन्द हुने फिक्रीले

फुस्रो देखिन्छन् चियाका बुटाहरू पनि।

हठात् सबै कुरा चिसो-चिसो लाग्दैछ।

साँझपख बाहिर निर्धक्क उभिरहन सकिन्न

हातहरू आ-आफ्ना गोजीभित्र सुरक्षा खोज्दैछन्।

(मङसिर- २०५७, पृ ५८)

---

[104] वासुदेव त्रिपाठी, सन् २००३, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा-१, साझा प्रकाशन, काठमाडौँ, पृ ३९

यस कवितामा प्रकृतिको अस्वाभाविक परिवर्तन र जीवनको चिन्तन छ। मङ्सिरमा अन्नबालीहरू पाकेका हुन्छन्। सबैका भकारी, ढिकुटी आदि भरिएका हुन्छन् तर कविले यहाँ मङसिरमा मृत्युको छाँया परेको छ भनेर मौसमको अस्वाभाविक परिवर्तनको सङ्केत गरेका छन्। विगतमा गएर पुनः मङसिरको कल्पना गर्दै कवि भन्छन्-

आह! यसबेला म सम्झिरहेछु-

फेदाङमाले अन्नदेवलाई चढाइसकेपछि

हामीले खान पाएको न्वागीको नयाँ चिउरा

अनि सानो छँदा मसित परालमा पल्टी खेल्ने

मेरो बाल्य-साथी त्यो घाम!

(मङसिर-२०५७, पृ ५९)

कविता सहज आन्तिरक अनुशासनले युक्त अनुभूतिजन्य, लयात्मक अभिव्यक्ति हो जसमा सह-अनुभूति उत्पन्न गर्ने यथेष्टमात्रमा क्षमता रहेको हुन्छ।[105] नेत्र एटम लेख्छन् "पृथ्वीको सौन्दर्य भनेकै यसको भौतिक र जैविक विविधता हो। यसभित्र जीवनका सङ्घर्षहरू बिउँझन्छन्, सपनाहरू फुल्छन् अनि रहस्यहरू सगबगाउँछन्। पृथ्वी नै जीवनको पाठ हो, जहाँ माटोको अपनत्व पक्रेर आकाशतिर स्वतन्त्र कावा खान सकिन्छ। कवि यसमा रङहरूकै विम्ब सजाएर भौतिक वातावरणको सौन्दर्यले जीवनहरूमा प्राप्त हुने उदात्तताको पनि रेखाङ्कन गर्छन्।"[106] प्रकृतिको सौन्दर्य भन्नु नै उसको पवित्रताको प्रस्फुटन हो। कवि लेख्छन्-

दीर्घ निष्काम तपस्यापछि

सिद्धार्थले बुद्धत्व प्राप्त गरे जस्तै

फलेदोको रुखले त्यो नग्नता प्राप्त गर्छ

अनि त कसैले थाहै नपाई

त्यसको हाँगाबिँगाको टुप्पा-टुप्पामा

फुटिनिस्किन्छ त्यो नग्नताको चरम रूप

---

[105] नामवर सिंह, सन् २०१३, कविता के नए प्रतिमान, राजकमल प्रकाशन, नयाँ दिल्ली, पृ १७

[106] नेत्र एटम, सन् २०११, पर्यावरणीय समालोचना, रत्न बृहत् समालोचना (सैद्धान्तिक), राजेन्द्र सुवेदी, लक्ष्मणप्रसाद गौतम (सम्पा), रत्न पुस्तक भण्डार, काठमाडौँ पृ ३२६

यौटा-यौटा मुटु जस्तै राता-राता फूल!!

आह!!

(फलेदोको फूल जब फुल्छ, पृ ९८)

कवि फलेदाको फुल फुल्ने प्रक्रियामा प्रकृतिको दर्शन देख्छन्। फलेदाको रुखले नग्नता प्राप्त गर्नु भनेको जीवन समस्या र विकारहरूको नाश हुनु हो अनि नग्न भएको रुखले फुल्नुको तात्पर्य जीवनमा ज्ञानको प्राप्ति हो। परिवेश काव्यमा पनि बौद्धिकता र हार्दिकताको मिश्रण हुन्छ। परिवेश काव्य प्रकृतिमा देखा परेका सङ्कटको कवितात्मक अनावरण र प्रखर आलोचना हो।

विष्णु पुराणमा वृक्षलाई विष्णु रूप र लतालाई लक्ष्मी रूप बताएको पाइन्छ। लता भूताजगन्माता श्री विष्णुर्द्रुमरुचिताः।[107] वृक्ष वनस्पतिलाई प्रकृतिको सन्तान मानिन्छ। यसको पनि मानिसहरूजस्तै वंश र जाति हुन्छन्। वृक्ष वनस्पतिको विशाल संसारमा प्रकृतिको विराट रूप र रहस्यहरू देखिन्छ। 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा पनि प्रकृति र शक्तिको वर्णन पाइन्छ साथै वृक्षको चर्चा पाइन्छ। कवि वृक्षको विम्बलाई यसरी प्रस्तुत गर्छन्-

हिउँदसितको सम्झौतामा मौन बसेका रुखहरूलाई

यौटा झकझकाइ अनि

यौटा आँट भएर आएको छ यो हावा

(आक्रमणमा आउने सिरेटो होइन यो।)

यो हावाको छुवाइले

रोमाञ्चित छन् रुखहरू आज

यसको सासबाट

मलिलो माटोको गन्ध आइरहेछ

परेवाहरू पनि

निकै उत्ताउलिएर बत्तिँदैछन् यो हावासितै

अब एक-दुई दिनमै

यो हावालाई पछ्याएर गौँथलीहरू आइपुग्ने छन्।।

[107] गोविन्द चातक, सन् २०००, पर्यावरण परंपरा और अपसंस्कृति, पूर्ववत्, पृ ६४

(बित्दो हिउँदको त्यो हावा, पृ ७८)

वृहदारण्यक उपनिषद् (३/९/२९) मा वृक्षको दृष्टान्त दिएर पुरुषको व्याख्या गरिएको छ। पुरुषको स्वरूप वृक्ष जस्तै हुन्छ।[108] यस कवितामा पनि पुरुषकै विम्बमा रुख उभिएको छ र उसको मुखबाट आउने मलिलो माटाको गन्धले सिर्जनाको सङ्केत गरेको देखिन्छ।

काव्यको आधार नै प्रकृति हो। काव्यमा मानिसलाई र उसको शक्ति वा जयलाई मात्र लेख्नु अथवा उसको सर्वश्रेष्ठतालाई व्यक्त गर्नाले त्यो मानवकेन्द्री काव्य हुन्छ तर मानिसलाई प्रकृतिकै अङ्ग, प्रकृतिकै परिधिभित्र बाँच्ने प्राणी वा प्रकृति आश्रित वस्तुको रूपमा लेख्दा त्यो परिवेश काव्य हुन्छ। त्यसैले परिवेश काव्यमा मान्छेको अवधारणाको त्याग गरिन्छ भन्ने होइन। परिवेश काव्यले मानिसलाई प्रकृतिको अङ्ग मान्दछ। प्रकृति स्वतन्त्र छ, यसको इतिहास र उत्पत्तिको आफ्नै कथा छ, यसका संरचना र कार्य विधि पनि अलग छन्। त्यसैले कवि साथै पाठकले परिवेश काव्यअन्तर्गत प्रकृति संरक्षणका विविध पक्ष, इतिहास अनि संरचनाको चर्चा गर्छ। कवि प्रकृतिको इतिहाससँगै मान्छेको इतिहास पनि लेख्छन्। दुवै इतिहास र जीवनको संरचना एका-अर्कामा अभेद भेद भएर प्रस्तुत हुन्छ।

कवि लेख्छन्-

धरतीको धमिलो र फुस्रो पानामा
शिशिरले आफ्नै उपसंहारको
अन्तिम हरफहरू लेखि रहेथ्यो
कचेरासरिका क्षितिजका आँखाहरू
बुढ्याइँको तुवाँलोले धमिलिएका थिए।
कुप्रिएका बूढा डाडाहरू
नाङ्गा रुखहरूका लौरो टेकेर
दिनभरी मधुरो घाम तापिरहन्थे।

(शिशिरको एक साँझ बुबाको मृत्यु सम्झेर, पृ ७३)

कविले आफ्नो बाबुको बुढ्याइँ र प्रकृतिको बित्दो परिवेशलाई एउटै क्यान्भसमा प्रस्तुत गरेका छन्। सृष्टिदेखि अहिलेसम्म प्रकृति कति बितिसक्यो ; जति जति बित्दै गए त्यसले आफ्नो इतिहास पनि निर्माण

[108] गोविन्द चातक, सन् २०००, पर्यावरण परंपरा और अपसंस्कृति, पृ ६४

गर्दै गएको बुझिन्छ। यस कवितामा शिशिर बित्नु प्रकृति बित्नुको प्रतीक हो। अर्को अनुच्छेदमा कवि लेख्छन्-

हो, यस्तै समय/ मेरो बुबा
आफ्नो आखिरी ढुकढुकी गन्ती गर्दै थिए।
बित्दो शताब्दीको कम्बल ओढेर
यौटा विगत युग बित्दै थिए मेरा बुबा।
उनको आँखामा थियो परम्पराको पानी
जसले मेरा आँखा पनि भिजाइरहेथ्यो।
त्यै पानीले सिञ्चित म
एक वर्तमान उभिएको थिएँ उनको अघि।

(शिशिरको एक साँझ बाबुको मृत्यु सम्झेर, पृ ७३)

बाबुले बिताएको समय एउटा युग हो। त्यसभन्दा बाजेले बिताएको अर्को युग थियो कवि स्वयं वर्तमान बनेर बाबुको अघि उभिएको छ। एउटा युगपछि अर्को युगको बित्दै जाँदा जीवनको संरचना पनि परिवर्तन हुँदै जान्छ इतिहासको निर्माण हुँदै जान्छ। यसरी शिशिर र जीवन बित्दै जानुको क्रमले प्रकृतिको इतिहास निर्माण भएको देखाउँछ। परिवेश काव्यमा प्रकृति अनि जीवनको बाह्य अनि आभ्यान्तरिक दुवै पक्षको प्रस्तुति देखिन्छ।

मनप्रसाद सुब्बाले यस सङ्ग्रहमा मानिस र प्रकृति सिर्जनात्मक द्वन्द्वको आदिदेखि लिएर अन्तसम्म वर्णन गरेका छन्। कला-साहित्यमा प्रकृतिलाई केवल सौन्दर्यसृष्टिकै लागि मात्र होइन, अन्य अनेक प्रयोजनका लागि पनि उपयुक्त स्थान दिइएको देखिन्छ।[109] कवि लेख्छन्-

हजारौँ फूलमा फुटिनिस्केको
त्यो चुनौतिपूर्ण कोमलता
मेरो जीउभरि पनि कोपिलाउन खोज्दैछ।
घामको ग्लेसियर बगिरहेको पाखामा
हिँड्नै हरेस खाइरहेथेँ

[109] कुमारबहादुर जोशी, सन् १९९६, देवकोटाका कवितामा प्रकृति, पूर्ववत्, पृ १०

तर अब फेरि

जुत्तामा यात्राको लेस कस्दैछु।

(ग्रीष्म-यात्रा : २, पृ १४)

परिवेश काव्यले मानिसलाई प्रकृतिमुखि हुने प्रेरण प्रदान गर्दछ। काव्य हृदय अनि बुद्धिलाई छिटो प्रभाव पार्ने सक्ने विधि भएको हुनाले संवेदनाहीन हुन लागेको मानव समूहलाई प्रकृति काव्यले पुनः एकपल्ट प्रकृतितिर फर्कने आग्रह गर्दछ। कवि सुब्बा लेख्छन्-

तार सप्तकका सुरहरूका चर्को बजिरहेछ गर्मी।

यही गर्मीलाई कवितामा यस्तरी लेख्नु छ

कि त्यो पढेपछि पाठकको मनमा

जस्तै गर्मी पनि सामना गर्न सक्ने

यौटा शक्तिको घाम बलोस्

अर्थात् गर्मीबाट भाग्ने उसको विचार

भित्र भित्रै सुकोस।

(गर्मीको कविता, पृ १७)

यस सङ्ग्रहका कविताहरूबारे रेमिका थापा लेख्छिन्- "कवि मनप्रसाद सुब्बाको 'ऋतु-क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा भएका कविताहरू ऋतुवर्णनका स्वरूप मात्र होइनन् तर प्रत्येक ऋतुमा धरती र धरतीका अवयवहरूका यावत् जीवन-प्रणाली, यिनका रङ्गढङ्गमा आएको मौसमी फेरबदल र मान्छेका मौलिक आचरण र प्रकृतिको अस्तित्व सामञ्जस्यका काव्यिक चिन्तन हुन्।"[110] 'ऋतु-क्यान्भसमा रेखाहरू'-ले प्रकृतिको बाह्य अनि आन्तरिक विषयलाई देखाएको छ। कवि लेख्छन्-

रात यो कहिले नबित्ने हो कि !

कानहरू टडकारा छन् ले बासेको सुन्न

तर शङ्खको एकोहोरो अशुभ आवाज झैँ

कुकुरको लामो रूवाइ मात्र आइरहेछ

अनि तन्द्रामा अल्झिबसेको आँखाभरि देख्छु म-

---

[110]रेमिका थापा, सन् २०१३, पठन-विपठन, गामा प्रकाशन, दार्जिलिङ, पृ २१

लासहरू गइरहेका आफै हिँडेर

लासहरू नै लासको मलामी

छायाँहरू हिँडिरहेका.......

(पुषको एक रात, पृ ७२)

उपर्युक्त कविताशंमा कविको विद्रोहको भाव देखिन्छ। परिवेश काव्यमा स्वच्छन्दतावादीहरूजस्तै विद्रोहको चेतनलाई स्वीकार गरिन्छ तथापि त्यो प्रकृतिहितका लागि हुनु आवश्यक देखिन्छ।

परिवेश काव्यको संकल्पनाको केन्द्रमा आध्यात्मिकता छ। यस आध्यात्मिकताले हरित आध्यात्मिकतातर्फ सङ्केत गर्छ। यो धर्मनिरपेक्ष आध्यात्मिकता हो। आजको विश्वमा हरित आध्यात्मिकताको आवश्यकता रहेको अध्येताहरू मान्छन्। अध्येताहरू भन्छन् प्रकृति जड भएर पनि चेतन छ र यो चेतन र अचेतनबिचको अन्तर सूक्ष्म छ।[111] प्रकृतिको यही आध्यात्मिकतालाई परिवेश काव्यमा व्यक्त गरिन्छ। 'ऋतु क्यान्भसमा रेखाहरू' कविता सङ्ग्रहमा हरित आध्यात्मिकता देखिन्छ। यस कविता सङ्ग्रहमा कविले प्रकृतिको निष्पक्ष, निष्पाप रूपको चर्चा गरेका गरेका छन्। कृष्ण गौतम भन्छन्, "लेखनाथीय वेदान्त पाठमा सम्मिलित भएर सुब्बाली कविता अर्थवत्ता हासिल गर्दछ।"[112] मनप्रसाद सुब्बा अन्तमा गएर उपसंहार खण्डमा भन्छन्-

बरबरिकको आँखा बोलेको आवाज यो :

"सारा ऋतुहरूको होडबाजीमा वसन्त चक्र मात्र घुमेको देखेँ"

त्यसैले, वसन्तको अन्त नै सृष्टिको अन्त हुन्छ

तर अनन्त चक्रमा सुरुआतको अर्को बिउँ

सधैँ नै जीवन्त रहन्छ.....

(फेरि अर्को बिउँको सुरुआत, पृ १०३)

प्रकृतिमा निहित पारिस्थितिक शक्तिको केन्द्र कवि वसन्तमा देख्छन्। वसन्तले नै प्रकृतिलाई जीवन्त पारेको र त्यसमा अर्को सृष्टिको सम्भावना देख्छन्। वास्तवमा प्रकृतिलाई सुरुदेखि अन्तसम्ममा एउटै उर्जामा बाँध्ने शक्ति नै वसन्त हो।

---

[111] के वनजा, सन् २०११, साहित्य का पारिस्थितिक दर्शन, पूर्ववत्, पृ १४

[112] कृष्ण गौतम, २००७, अनेक रूप अनेक पठन, पूर्ववत्, पृ २३२

गीतमा कृष्ण भन्छन्-

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम्।

मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः।।

(श्रीमद्भगावद्गीता/१०/३५)

गीतामा यसको अर्थ यसरी गरिएको छ 'गायन योग्य श्रुतिहरूमा म बृहत्साम अनि छन्दमा गायत्री छन्द हुँ तथा महिनामा म मार्गशीर्ष (मङ्गसिर) अनि ऋतुहरूमा म वसन्त हुँ।'[113] प्रकृतिको पारिस्थितिकीको वैज्ञानिक अध्ययन गरिन्छ तर यसलाई दार्शनिक अनि साहित्यिक रूपमा अध्ययन गर्दा छवटा ऋतुहरूको क्रमिक घुमाइका आधार अध्ययन गरिन्छ। यी छवटा ऋतुहरूका केन्द्रमा वसन्त नै श्रेष्ठ रहेको कवि देख्छन्। परिवेश काव्यको आन्तरिक मूल्य नै प्रकृतिको सुरक्षा हो।[114]

## ५.५ निष्कर्ष

**'ऋतु क्यान्भसमा रेखाहरू'** कविता सङ्ग्रहमा मुख्यतः दुईवटा विषय देखिन्छ र पहिलो, मानिसको पाशविक प्रवृत्ति अनि दोस्रो, सांस्कृतिक पारिस्थितिकीबारे चिन्तन। मनप्रसाद सुब्बाले आफ्नो कविता यात्रा सुरु नै मानिसको पाशविक प्रवृत्तिको वर्णनबाट गरेका हुन्। उनको 'आदिम बस्ती' कविता सङ्ग्रहमा यी कुराहरू पाइन्छन्। मानिस प्रकृतिको अङ्ग हो। उनीभित्र निहित प्रवृत्ति पनि प्रकृति नै हो। त्यसैले मानिसमा निहित पाशविक प्रवृत्ति भन्नु नै प्रकृति हो। प्रकृति भन्नाले गोचर वस्तुहरू मात्र बुझिँदैन। पारिस्थितिक प्रणालीमा सन्तुलन बनाउने शक्ति वा ऊर्जा नै प्रकृति हो। मानिसमा त्यही शक्ति रहेको हुन्छ। मानिस सामाजिक प्राणी हो भन्ने सिद्धान्तको विकास हुनु भन्दा अघि ऊ पाशविक रूपमा रहेको इतिहास छ। मानिसको चाहाना र इच्छाहरू, जिजीविषाहरू, यौन आङ्काक्षाहरू, परिवर्तनका गुणहरू आदि नैर्सगिक प्रवृत्ति हुन्। मानिस समाजमा बस्न जानेपछि उसले आफैलाई सामाजिक बनायो र नैतिकता, हार्दिकता, संस्कार, सभ्याताजस्ता कुराहरू सिक्दै गए। सामाजिक र सांस्कृतिक रूपमा मानिस विकसित बन्दै गए तापनि ऊभित्रको मूल प्रवृत्ति पाशविकता नै हो अनि यही नै मानिसमा निहित प्राकृतिक गुण पनि हो। मनप्रसाद सुब्बाले 'ऋतु क्यान्भसमा रेखाहरू'- कविता सङ्ग्रहमा ऋतुहरूको वर्णनसँगै मानिसको यही पाशविकतालाई लेखेका छन्।

---

113 श्रीमद्भावद्गीता, सन् १९८२, गोविन्दभवन-कार्यलय, गीताप्रेश गोरखपुर, पृ १५२

114 यू सुमाथ्ये, सन् २००९, पूर्ववत्, पृ ४७

उनको यस सङ्ग्रहका कवितामा सांस्कृतिक पारिस्थितिकीको अभिव्यक्ति देखिन्छ। प्रकृति सङ्कटप्रति चिन्ता व्यक्त गर्दै यसको सुरक्षा र सङ्कटका कारणहरू देखाएर सिर्जना गरिएको काव्य नै परिवेश काव्य हो। 'ऋतु क्यान्भसमा रेखाहरू'- कविता सङ्ग्रहमा रहेका कविताहरूले ऋतु परिवर्तन र त्यस परिवर्तनले जीवनमा पारेको प्रभावहरू लेखेका छन्। कवि यस कविता सङ्ग्रहमा प्रकृतिप्रति चिन्तित छन् त्यो सँगसँग उनी मानिसको सङ्घर्ष र दुखप्रति पनि चिन्तित छन्। यस सङ्ग्रहले परिवेश काव्यको धर्मलाई बोकेको छ तर कतिपय कविताहरू मानवको दुखमा केन्द्रित पनि छन् तर कवितामा प्रकृतिको स्वर, प्रकृति चिन्तनको स्वर, ऋतु परिवर्तन र त्यसको प्रभावको स्वर धेर पाइने हुँदा यसलाई परिवेश काव्य भन्नु युक्तिसङ्गत र उचित देखिन्छ।